जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १६ • २०८१ साल जेठ २२ गते मंगलबार (4 Jun, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जसपा नेपालको आज पेशी

**टुडे समाचारदाता**

काठमाण्डु ।जनता समाजवादी पार्टी(जसपा)नेपालले दल विभाजनविरुद्ध सर्वोच्च अदालतमा दर्ता गरेको रिटको पेशी उपर मंगलवार सुनुवाई हुने भएको छ।

जसपा नेपाल विभाजनलाई निर्वाचन आयोगले दिएको मान्यता गैरकानुनी रहेको सो पार्टीका अध्यक्ष उपेन्द्र यादवले दावी गरेका छन्।

सर्वोच्च अदालतबाट फैसला मंगलवार आउने अपेक्षा गरिएको छ। तर पेशी सरे पनि निर्वाचन आयोग र जनता समाजवादी पार्टी(जसपा)लाई यथास्थितिमा राख्न अदालतले दिएको अन्तरिम आदेश जारी रहने बताइएको छ।

सर्वोच्चबाट आफ्नो पक्षमा फैसला आउनेमा जसपा नेपालका नेताहरु विश्वस्त देखिएका छन्। सर्वोच्च अदालतबाट जसपा नेपालको पक्षमा फैसला आए विभाजित भएर अलग गठन गरिएको जसपाका ७ जना सांसद पुनःजसपा नेपालमा नै समाहित हुनेछ।

तर जसपा नेपालको विपक्षमा फैसला भए मधेश प्रदेश सरकार र जसपा नेपालको प्रथम एकता महाधिवेशन समेत प्रभावित हुन सक्ने बताइन्छ।

प्रदेश सरकारका मुख्यमन्त्री सरोज कुमार यादवले २३ गते विश्वासको मत लिने र जेठ २७ गते पार्टीको महाधिवेशन उद्घाटनको कार्यक्रम रहेको छ। सर्वोच्चको फैसलाले जसपा नेपालको सांगठनिक, प्रदेश सरकार र राजनीतिमा दुरगामी प्रभाव पार्ने बताइन्छ।

## मधेश प्रदेशमा जनमतको 'सेफ ल्याण्डिंग'

# प्रदेश मामिला समितिले राजविराजको घटना छानबिन गर्ने, संसद चालु

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रदेश सभाको बैठक नियमित सञ्चालन भएको छ । बैठक प्रारम्भ हुनासाथ जनमत पार्टीका सभासदहरुले छानबिन समिति गठन गर्नुपर्ने माग गर्दै सदन अवरुद्ध गरेका थिए। सभामुख रामचन्द्र मण्डलले बैठक केही बेर स्थगन गरी जनमत पार्टीको मागलाई सम्बोधन गर्ने सहमति भएपछि अबरोध हटेको थियो।

सोमबार बसेको मधेश प्रदेशसभाको तेस्रो अधिवेशनको पहिलो बैठक जनमत पार्टीले अवरुद्ध गरेपछि सभामुखले १० मिनेटको लागि स्थगित गरेका थिए।

कृषि विश्व विद्यालयको भवन शिलान्यासको क्रममा गत माघ ८ गते सप्तरी जिल्लाको राजविराजमा भएको घटनाको प्रदेशसभाको प्रदेश मामिला समितिले छानबिन गर्नेमा सहमति जुटेको छ । जनमत पार्टीले संसदीय छानबिन समिति गठन गर्नुपर्ने माग गरेका थिए।

जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका तत्कालीन शिक्षा मन्त्री महेश प्रसाद यादव र सभासद सतिश सिंह लगायतका कार्यकर्ताहरुमाथि प्रहरीले लाठीचार्ज गरेकाले घटनाको संसदीय छानबिन गर्नुपर्ने मागगर्दै जनमत पार्टीले संसद अबरुद्ध गर्दै आएका थिए।

कृषि विश्वविद्यालयको भवन शिलान्यास जनमत पार्टीका अध्यक्ष समेत रहेका सो क्षेत्रका सांसद डा.सीके राउतले गर्नुपर्ने माग गर्दै कार्यक्रममा अबरोध गरिएको थियो।

जनता समाजवादी पार्टी (जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादवले उक्त भवनको शिलान्यास गरिरहेको बेला जनमत पार्टीका कार्यकर्ताले विरोध गरेका थिए। त्यस क्रममा प्रहरीले बल प्रयोग गर्दै सभासदद्वय यादव र सिंह सहितका केही कार्यकर्ता घाइते भएका थिए।

मुख्यमन्त्री सरोज कुमार यादवले गत वैशाख ४ गते विश्वासको मत लिने क्रममा जनमतका सभासदहरुले प्रदेश सभामा तोडफोड गरेका थिए । दुबै घटनाको छानबिन प्रदेश मामिला समिति मार्फत गर्न दलहरु सहमत भएका छन् । सो घटनाको छानबिन पनि प्रदेश मामिला समितिले नै गर्ने सभामुख मण्डलले प्रदेश सभा बैठकमा घोषणा गरेका थिए। छानबिनका लागि दलहरुबीच सहमति भएसँगै मधेश प्रदेश सभाको गतिरोध हटेको छ । मधेश प्रदेशसभा प्रदेश मामिला समितिका सभापति रत्नेश्वर गोइत रहेका छन्। समितिको सदस्यमा कुनै दलका प्रतिनिधित्व नभए त्यसमा समावेश गरिने सभामुख मण्डलले जनाएका छन्।

जनमतका सभासद चन्दन सिंहले बैठकमा छानबिनको माग गर्दै सदन अबरुद्ध गरेका थिए। सहमति भएपछि सत्तारुढ जसपा नेपालका प्रमुख सचेत रामअशिष यादव, लोसपाका उपनेता उपेन्द्र महतो, माओवादीकी सभासद माला कर्ण, एमालेका दीपेन्द्र ठाकुर, कांग्रेसका जनार्दन सिंह क्षेत्री लगायतले आ-आफ्ना धारणा राखेका थिए।

मुख्यमन्त्री यादवले चौथों पटक विश्वासको मत लिँदा जनमत पार्टी निकै आक्रोशित भएर संसदलाई अवरुद्ध गरेका थिए। जनमत पार्टीलाई नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले साथ दिएका थिए।

एमाले, माओवादी र नेकपा एस सहित नेपाल संघीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले मुख्यमन्त्री यादवको पक्षमा थिए । अहिले मधेश प्रदेशको सत्ता समीकरण फेरिएको छ।

मुख्यमन्त्री यादवले २३ गते बुधवार विश्वासको मत लिने तयारी गरेका छन्। उनलाई कांग्रेस, लोसपा र नेकपा एसले साथ दिने विश्वास गरिएको छ।

तर एमाले र माओवादी केन्द्रले जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवको नेतृत्वमा सरकार गठन गर्न गरेको सहमतिलाई नेकपा एस र लोसपाले समर्थन जनाउने दावी गरिएको छ।

दुवै पक्षले बहुमतको दावी गरिरहे पनि अंक गणितको संख्या कसैको पक्षमा पुगिसकेको छैन्। १ सय ७ सदस्यीय प्रदेश सभामा सरकार गठनका लागि कम्तीमा ५४ सभासद चाहिन्छ। एमाले, जनमत र माओवादीले ६३ सभासद पक्षमा रहेको दावी गरिरहेका छन् । सत्तासीन जसपा नेपालले ५९ सभासद पक्का रहेको र बहुमत सावित गर्नेमा विश्वस्त देखिएका छन् । मुख्यमन्त्री यादवले विश्वासको मत लिएपछि सरकारको नीति तथा कार्यक्रम प्रदेश सभामा पेश हुनेछ।

प्रदेश सभाको बैठक मंगलवार १ बजे बस्ने प्रदेश सभाको सचिवालयले जनाएको छ।

## एस र लोसपाको कारण मधेशमा 'सस्पेंस'

**टुडे समाचारदाता**

काठमाण्डु। मधेश प्रदेशमा सरकार बनाउने निर्णायक रहेको नेकपा एस र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले अझै आफ्नो धारणा प्रष्ट गरिसकेको छैन्।

एस र लोसपाको कारण सत्ता समीकरणमा 'सस्पेंस'कायमै छ । तर एमाले, माओवादी र जनमत पार्टीले गरेको दाबीलाई एस र लोसपाले खारेज गरिसकेको छ।

सरकार गठनका लागि ६३ सभासदको हस्ताक्षर सहित आइतवार नै प्रदेश प्रमुखलाई बुझाउने दाबी गरेका एमाले, माओवादी र जनमत पार्टी सोमवार मौन रहे।

प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'ले नेकपा एसका अध्यक्ष माधवकुमार नेपाललाई मधेश प्रदेश सरकारबाट मन्त्रीलाई फिर्ता बोलाउन दिनभरि दबाब दिइरहे पनि त्यो प्रभावकारी हुन सकेको छैन् । अध्यक्ष नेपालले पार्टीमा निर्णय गरेर मात्र धारणा सार्वजनिक गर्ने बताउँदै मंगलवार बैठक बस्ने बताएका छन्।

प्रधानमन्त्री प्रचण्डले दोस्रो पटकको बैठकमा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई पनि सहभागी गराएका थिए। तर नेपालले त्यहाँ पनि बैठकबाट निर्णय लिनुपर्ने बताउँदै आफ्नो 'पत्ता' खोलेनन् । उनले 'प्याकेज'मै सहमति हुनुपर्ने अडान लिएका छन्।

कांग्रेस संसदीय दलका नेता कृष्णा यादवले संघीय गठबन्धनमा एस रहे पनि प्रदेश गठबन्धनमा जसपा नेपालको साथ नछाड्नेमा आफू विश्वस्त रहेको बताएका छन्। 'नेकपा एस जसपा नेपालको सरकारलाई नै निरन्तरता दिने पक्षमा रहेको देखिन्छ' उनले भने, लोसपा र एस नै निर्णायक रहेकाले उनीहरुको निर्णय दुवै तर्फ कुरिदैछ।






# अपहरणमा परेकी बालिकाको उद्धार

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीबाट अपहरणमा परेकी एक बालिकाको प्रहरीले सर्लाहीबाट सकुशल उद्धार गरिएको छ । सोनमा गाउँपालिका ४ की ६ वर्षीय आकृति यादवको आइतबार अपराह्न ४ बजेतिर घरबाटै अपहरण भएको थियो ।



बालिकाको हजुरबुबा रामईश्वर यादवका अनुसार साधुको भेषमा भिक्षाटन गर्दै सोनमा पुगेका गौशाला नपा १० बटौवाका लालबाबु मण्डलले आकृतिको अपहरण गरेका थिए । बालिका हराएपछि खोजतलास गर्दा पनि सम्पर्कमा नआएपछि परिवारमा रुवावासी चलेको थियो ।

सूचना पाएलगत्तै गौशाला प्रहरी पनि घटना छानबिनमा जुटे पनि बिहानसम्म पनि केही पत्तो लागेको थिएन । यो घटना सामाजिक सञ्जालमा बालिकाको फोटोसहित भाइरल भएको थियो । अपहरणकारीले बालिकालाई बटौवास्थित आफ्नो घरमा लगेर रातमा डर त्रास देखाई राखेको र सोमवार बिहान ६ बजेतिर करिब १२ किमी पश्चिम सर्लाहीको ईश्वरपुर नगरपालिका ५ स्थित खुवलाल टोलका वडा सदस्य जलेश्वर राम महराको घरमा पुऱ्याएका थिए ।

अपहरणपछि काबुमा पारेर बटौवाको घरमा पुऱ्याएपछि अपहरणकारी मण्डलले कुटपिट गर्नुका साथै घट्नाबारे कहीँ कतै नबोल्न धम्की दिएको परिवार र प्रहरी समक्ष बालिकाले बताएकी छन् । यसैबीच महराको घरमा नाटकीय घटना घट्यो । त्रासमा रहेकी बालिकाले खाना खाने समयमा एकान्त पारेर महराकी श्रीमतीलाई साधुले आफूलाई बिस्कुट खान दिएर फकाउँदै लगेको र केही पर पुऱ्याएपछि मुख थुनेर बोल्न नदिई यहाँसम्म ल्याएको बताएपछि अपहरणको रहस्य खुलेको थियो ।

श्रीमतीबाट यो जानकारी पाए लगत्तै वडा सदस्य महराले घट्नाबारे तत्काल प्रहरीलाई जानकारी गराएपछि बालिकाको उद्धार र साधुको भेषमा रहेका मण्डललाई पक्राउ गरी सोमबार अपराह्न ३ बजेतिर इलाका प्रहरी गौशालामा ल्याएको थियो ।

"नातिनीलाई सकुशल भेट्न पाउँदा राहत मिल्नुका साथै परिवारको आँसु पुछिएको छ । वडा सदस्य महरा र प्रहरीप्रति हामी आभारी छौँ," रामईश्वरले भने ।

बालिकालाई किन अपहरण गरिएको हो स्पष्ट हुन सकेको छैन । प्रहरी उपरीक्षक नकुल पोखरेलले घट्नाको सूक्ष्म र सघन अनुसन्धान भइरहेको जानकारी दिए ।

# पाँच मिनेटको हुरीले लाखौंको क्षति

**टुडे समाचारदाता**

राजविराज । सोमवार दिउँसो हल्का वर्षा संगै चलेको हुरीले जिल्लाका विभिन्न स्थानका घर, विद्यालय, मन्दिर, कार्यालय प्रतियोगितास्थल लगायत स्थानमा लाखौंको क्षति भएको छ ।

कतिपय ठाउँमा रुख र विद्युतीय पोल ढल्दा सडक आवागमन र विद्युत् आपूर्ति सेवा पनि अवरुद्ध भएको छ । राजविराजको हुनमानमन्दिर, बाबा भूतनाथ मन्दिर, नेपाल टेलिकमको शाखा कार्यालय, कतिपय विद्यालय र घरको छाना उडाएको छ ।

हावाहुरीका कारण नगरको मुख्य बजार मेनरोडमा २ वटा रुख ढलेर आवागमन प्रभावित भएको छ । यस्तै राजविराज-हनुमाननगरको देउरी सडक खण्डमा २ वटा विद्युतीय पोल र आधा दर्जन जती रुख सडकमा ढलेर सो मार्गमा आवागमन प्रभावित हुनुका साथै नगरमा विद्युत् आपूर्ति सेवा पनि ठप्प भएको छ ।

कतिपय पालिकामा सोलार प्यानल उडाएको छ । यता हावाहुरीले स्थानीय पब्लिक विन्देश्वरी माध्यमिक विद्यालय खेल मैदानमा संचालित सप्तरी प्रिमियर लिग टी-ट्वान्टी क्रिकेट प्रतियोगिता स्थलमा पनि ठूलै क्षति पुगेको छ ।

प्रतियोगिता आयोजक क्रिकेट संघ सप्तरीका अध्यक्ष आयुष श्रेष्ठका अनुसार हावाहुरीले २५ लाख भन्दा बढीको क्षति भएको छ । उनले खेलको प्रत्यक्ष प्रसारणका लागि लगाइएको ३ वटा क्यामरा, बहुमुल्य उपकरण, साउण्ड सिस्टम, टेन्ट पण्डाल, कुर्सी, स्क्रीन बोर्ड, प्रचार प्रसार लगायतका समाग्री नष्ट भई २५ लाख भन्दा बढीको क्षति भएको बताए ।

यस्तै ५ मिनेटको हावाहुरीले जिल्लाको विभिन्न स्थानमा लाखौको क्षति भएको बताइएको छ । प्रहरीले क्षतिको विवरण संकलन गर्ने कार्य भइरहेकाले यकिन विवरण उपलब्ध गराउन केही समय लाग्ने जनाएको छ ।

## ठगी गर्ने ६ जना पक्राउ

**टुडे समाचारदाता**

गौर । रौतहटमा दलित तथा गरिबलाई आवास बनाउने नाममा लाखौं ठगी गर्ने ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । स्थानीय माधवनारायण नगरपालिका ८ रजावाडा गाउँका सर्वसाधारणलाई ठगी गर्ने ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा माधवनारायण ७ लौकाहाका ५२ वर्षीय रामनाथ माझी, ३२ का प्रकाश माझी, गरुडा नगरपालिका ६ का ४० वर्षीय राकेश महरा, ९ का २५ वर्षीय सिकिन्दर ठाकुर, ४५ वर्षीय रामकली देवी र वडा नम्बर ५ का ७१ वर्षीय मुङलाल महरा, रहेको जिल्ला प्रहरी प्रवक्ता डीएपी एलिजा गिरीले बताएकी छन्।

उनीहरूमाथि ठगी सम्बन्धी मुद्दा दायर गरी अदालतबाट म्याद थमाई अनुसन्धान भइरहेको प्रवक्ता गिरीले जानकारी दिइन् ।

# ट्रायल पासको नाममा पैसा उठाउने दुई पक्राउ

**दिलीप पाण्डेय**

रौतहट । यातायात व्यवस्था कार्यालय रौतहट गौरबाट सवारी अनुमति पत्रको ट्रायल र प्रयोगात्मक परीक्षामा पास गराइदिने भनेर रकम ठगी गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेका छन ।

सवारी चालक अनुमति पत्र बनाउन रकम ठगी गर्ने दुई जनालाई रौतहट प्रहरीले नियन्त्रणमा लिएर कारवाही प्रक्रिया अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय गौरले जनाएको छ ।

राजदेवी नगरपालिका-२ मा रहेका ट्रायल सेन्टरमा प्रयोगात्मक परीक्षामा सहभागी हुन आउने व्यक्तिहरुसंग पास गराइदिन्छु भन्दै रकम ठगी गर्दै आईरहेका चितवन भरतपुर महानगरपालिका- ३ घर भई भरतपुर महानगरपालिका-१० स्थित कान्तिपुर ड्राईभिंग स्कुल सेन्टरका सञ्चालक ४५ वर्षीय रमेश पाठक र गौर नगरपालिका-१ का ४८ वर्षीय श्यामनारायण साह विरुद्ध कारवाही प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

प्रहरी अनुसन्धानमा ट्रायल परीक्षामा सहभागी हुन आउने सेवाग्राहीहरुलाई विश्वासमा लिइ एकजना सेवाग्राहीबाट १० हजार देखि ३० हजार सम्म ठगी गर्दै आइरहेको सूचनाको आधारमा यातायात व्यवस्था कार्यालय रौतहट, गौरबाट सवारी चालक अनुमती पत्रको लागि सञ्चालन भइ रहेको प्रयोगात्मक परीक्षा ट्रायल सेन्टर परिसरमा सेवाग्राहीहरुबाट रकम असुली गर्ने कार्यमा शंकास्पद देखिएका दुबै जनालाई नियन्त्रणमा लिएर अनुसन्धान पश्चात कारवाही सुरु गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

रौतहट यातायात कार्यालयमा कार्यालय कर्मचारी र सेटिङ्गकर्ता बीच रकमको चलखेल हुने गरेको कुरा घटनाले स्पष्ट पारेको छ । एउटा मोटरसाइकलको लाइसेन्स बनाउन बिचौलियाले १० देखि १५ हजार लिने गरेको र ४ पाग्रेको लाइसेन्स बनाउनको लागि १५ देखि ३० हजार सम्म लिने गरेको एक स्रोत बताउँछन् ।

यता, यातायात कार्यालयका प्रमुख अरबिन्द दासले केही बिचौलियाहरुलाई खोरमा हाल्न सके राम्रो हुने र प्रहरीले गरेको काम सराहनीय रहेको प्रतिक्रिया दिए ।

# डेडिकेटेड र ट्रङ्क लाइन महसुल विवाद समाधानको दिशामा

काठमाण्डु । लामो समयदेखि विवादको केन्द्रमा रहेको डेडिकेटेड र ट्रङ्कलाइनसम्बन्धी महसुल विवाद अब भने समाधानको दिशामा गएको छ । मन्त्रिपरिषद्को गत वैशाख २७ को निर्णय अनुसार, मुख्यसचिव डा बैकुण्ठ अर्यालले महसुलका सम्बन्धमा आवश्यक कारबाहीका लागि ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीलाई आवश्यक प्रक्रिया अगाडि बढाउन पत्राचार गर्नुभएको थियो । मुख्यसचिव डा अर्यालले मन्त्रिपरिषद्को निर्णयका आधारमा नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ बमोजिम अनुरोध गर्नुभएको हो ।



मन्त्रिपरिषद्को २०८० पुस २४ को निर्णयअनुसार गठित सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लाल नेतृत्वको आयोगले दिएको प्रतिवेदनका आधारमा सरकारले महसुल विवाद निरुपणका लागि आइतबार (जेठ २० गते) पत्राचार गरेको हो । लाल आयोगमा जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडी र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव दिनेशकुमार घिमिरे सदस्य हुनुहुन्थ्यो । मन्त्रिपरिषद्ले २०७२ माघदेखि २०७५ वैशाखसम्मको महसुल उठाउन नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ । सोसम्बन्धी व्यहोराको पत्र ऊर्जा मन्त्रालयमार्फत प्राधिकरणलाई पठाइएको छ । मन्त्रालयका सहसचिव एवम् प्रवक्ता नवीनराज सिंहले आवश्यक निर्णयका लागि पत्राचार भएको बताउनुभयो ।

लाल आयोगले ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई गत वैशाख २३ गते अध्ययन प्रतिवेदन बुझाएको थियो । आयोगको प्रतिवेदन प्राप्त हुने बित्तिकै मन्त्री बस्नेतले मन्त्रिपरिषद्मा प्रस्ताव लैजानुभएको थियो । मन्त्रिपरिषद्ले विभिन्न तीनवटा निर्णय गरेको छ । त्यसमध्ये पहिलोमा भनिएको छ 'विवादमा रहेको प्रथम अवधि २०७२ साउनदेखि २०७२ पुससम्म लोडसेडिङ कायम रहेको भए तापनि सो अवधिको महसुल निर्धारण तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले गरेको नदेखिएको तर यस सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेकाले अदालतबाट अन्तिम फैसला भएबमोजिम हुने गरी हाललाई उक्त अवधिको डेडिकेटेड तथा ट्रङ्क लाइनबापतको थप महसुल नलिने ।'

दोस्रोमा विवादमा रहेको २०७२ माघदेखि २०७५ वैशाखसम्म लोडसेडिङ कामय रहेको र सो अवधिको महसुल निर्धारण आयोगले गरिसकेको अवस्था भएकाले नेपाल विद्युत् प्राधिकरणको महसुल गणना गर्नेसम्बन्धी तत्काल प्रचलित कानुनबमोजिम महसुल गणना गरी उक्त अवधिको डेडिकेटेड तथा ट्रङ्कलाइन प्रयोग बापतको थप महसुल लिने निर्णय गरिएको छ । त्यस्तै, तेस्रोमा विवादमा रहेको २०७५ जेठदेखि २०७७ असारसम्म लोडसेडिङ पूर्ण रुपमा अन्त्य भएकाले उक्त अवधिको डेडिकेटेड तथा ट्रङ्क लाइन प्रयोगबापतको थप महसुल नलिने भन्ने निर्णय भएको छ ।

मुलुकमा चरम लोडसेडिङ भइरहेको बेला प्राधिकरणले केही उद्योगी तथा व्यवसायीलाई डेडिकेटेड तथा ट्रङ्कलाइनबाट प्रत्यक्ष बिजुली उपलब्ध गराएको थियो । कतिपय अवस्थामा कुनै निर्णय नै नगरी तोक आदेशका भरमा बिजुली उपलब्ध गराइएको थियो । त्यसबाट नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको प्राधिकरणको आर्थिक स्वास्थ्य नराम्ररी प्रभावित भएको थियो । आम नागरिक बिजुलीको प्रतीक्षामा बस्दा उद्योग तथा केही व्यवसायीले चौबिसै घण्टा बिजुली पाएका थिए ।

डेडिकेटेड तथा ट्रङ्कलाइनबाट बिजुली लिँदा बढी महसुल (प्रिमियम) तिर्नुपर्ने भए पनि प्राधिकरणले समयमै बिल पठाएन भने व्यवसायीले पनि तिर्न अटेर गर्दै आएका थिए । कतिपय व्यवसायी जिल्ला, उच्च हुँदै सर्वोच्च अदालत समेत पुगेका थिए । महसुलका विषयमा हरेक वर्ष महालेखा परीक्षकको कार्यालयले बेरुजुमा राख्दै आएको थियो । महालेखा परीक्षकको ६१औँ वार्षिक प्रतिवेदन २०८१ को ८० नम्बर बुँदामा पनि बक्यौता असुल गर्न भनिएको छ ।

प्रतिवेदनमा भनिएको छ 'गत वर्षको तुलनामा यो वर्ष महसुल बक्यौता १० दशमलव ४८ प्रतिशतले वृद्धि भई रु ४४ अर्ब ३२ करोड पुगेको छ । उक्त रकममध्ये ट्रङ्क तथा डेडिकेटेड लाइनतर्फको ६२ ग्राहकबाट असुल हुनुपर्ने रु २१ ऋर्ब ८८ करोड रहेको छ । सो रकम कूल बक्यौताको ४९ दशमलव ३६ प्रतिशत देखिन्छ । साथै, सडक बत्तीको रु छ अर्ब दुई करोड असुल गर्नुपर्ने देखिएको छ । सडक बत्तीको बक्यौतामध्ये रु एक अर्ब ७९ करोड काठमाडौँ महानगरपालिकाको बक्यौता रहेको छ । बक्यौता रकम असुल गर्ने एवम् ट्रङ्क तथा डेडिकेटेड बक्यौता आवश्यक समन्वय गरी असुल गर्नुपर्दछ ।' संसद्का विभिन्न समितिले महसुल उठाउन प्राधिकरणलाई पटकपटक निर्देशन दिएका थिए । व्यवसायीले भने प्राधिकरणले दैनिक बिजुली खपतको गणना हुने टाइम अफ डेट (टिओडी) मिटरको तथ्याङ्क नभएको र हचुवाको भरमा बिल पठाएको भन्दै आपत्ति प्रकट गर्दै आएका थिए । सोही विवाद समाधानका लागि सरकारले पूर्वन्यायाधीश लालको अध्यक्षतामा अधिकारसम्पन्न आयोग गठन गरेको थियो । आयोगले माघ १२ गतेदेखि काम सुरु गरेको थियो ।

मन्त्रिपरिषद्को निर्णयअनुसार यही जेठ १८ गते मन्त्री बस्नेतले मन्त्रिस्तरीय निर्णय गरी महसुल उठाउने सन्दर्भमा आवश्यक पत्राचार गर्न निर्देशन दिनुभयो । सोही निर्देशनबमोजिम प्राधिकरणलाई पत्राचार भएको छ । लाल आयोगले डेडिकेटेड फिडर लाइनको महसुल सम्बन्धमा विद्युत् महसुल निर्धारण आयोगको २०७२ पुस २९ को १०३औँ बैठकको निर्णय भएको मितिपछि र ट्रङ्क लाइनको महसुल सम्बन्धमा सोही आयोगको २०७३ असार १६ को १०८औँ बैठकबाट भएको निर्णयपछि महसुल लागू हुनु मनासिब देखिन आउने सुझाव दिएको छ ।

पछिल्लोपटक बक्यौता नतिरेका ठूला उद्योगका लाइन प्राधिकरणले गत पुस ६ गतेदेखि काटेको थियो । उद्योगको लाइन काटिएपछि उद्योगी-व्यवसायीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र ऊर्जामन्त्री बस्नेतको ध्यानाकर्षण गराएका थिए । प्रधानमन्त्रीको निर्देशनमा नै प्राधिकरणले धमाधम लाइन काटेको जनाएको थियो । मुलुकको अर्थतन्त्र समस्यामा रहेको, उद्योग प्रतिष्ठान कम क्षमतामा चलेको बेला लाइन काटिएको भन्दै व्यवसायीले आपत्ति जनाएपछि सरकारले समस्या समाधानका लागि आयोग गठन गर्ने जनाएको थियो । आयोग गठनको विषय अगाडि बढेपछि प्राधिकरणले काटिएका लाइन पुनः गत पुस २८ गते जोडिदिएको थियो ।

सरकारको पछिल्लो निर्णयपछि करिब रु सात अर्ब बराबरको बक्यौता उठाउनका लागि प्राधिकरणलाई बाटो खुलेको छ । आयोगले ट्रङ्क लाइन सम्बन्धमा प्राधिकरण र तत्कालीन महसुल निर्धारण आयोग समेतले ट्रङ्क लाइनका मापदण्ड अर्थात् कम्तीमा छ घण्टा लोडसेडिङ भएको अवस्थामा कम्तीमा निरन्तर २० घण्टा विद्युत् आपूर्ति भएका अवस्थाहरुलाई कायम गरेको देखिनाले त्यसरी आपूर्ति भएका दिन तथा अवधिको यकिन गरी पुनः हिसाब गरी छुट महसुल लिनुपर्ने सुझाव दिएको थियो ।

आयोगले अगाडि भनेको छ, 'सो समयावधिमा भएका विद्युत् आपूर्तिलाई ट्रङ्क लाइनका मापदण्डअनुसार विद्युत् आपूर्ति भएको मानी छुट महसुल लिन पाउने देखिन्छ । यस सम्बन्धमा समेत प्राधिकरण स्वयम्ले जारी गरेको लोडसेडिङसम्बन्धी सूचनालाई ध्यानमा राखी सम्बन्धित ग्राहकलाई ट्रङ्कलाइनको मापदण्डअनुसार विद्युत् आपूर्ति भएका दिन तथा अवधि यकिन गरी महसुल लिनुपर्नेछ ।' यही सुझावका आधारमा सरकारले महसुल उठाउने सन्दर्भमा आवश्यक निर्णय गरेको जनाएको छ ।

सरकारले२०७५वैशाखमसान्तदेखि देशभर लोडसेडिङ हटाएको थियो । काठमाडौँ उपत्यकालगायत क्षेत्रमा २०७३ कात्तिकदेखि नै लोडसेडिङ हटेको थियो । लोडसेडिङ हटिसकेको अवस्थामा विद्युत् महसुल निर्धारण गर्ने विद्युत् नियमन आयोग गठन भइसकेको थिएन । सोही अवस्थाको ख्याल गरेर आयोगले २०७२ माघदेखि २०७५ सम्मको महसुल उठाउनुपर्ने सुझाव दिएको हो ।

प्रतिवेदन बुझाउने क्रममा आयोगका अध्यक्ष लालले मन्त्री बस्नेतलाई महसुल विवाद समाधानका सन्दर्भमा आयोगका तर्फबाट स्पष्ट मार्गनिर्देश गरेको बताउनुभएको थियो । उहाँले लामो समयदेखि जकडिएको समस्या समाधानका लागि उपयुक्त सुझाव दिइएको र त्यसलाई सरकारले अक्षरशः कार्यान्वयन गर्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

त्यसो त प्राधिकरणले यसअघि पनि किस्ताबन्दीमा उद्योगी-व्यवसायीलाई महसुल तिर्न आग्रह गरेको थियो । प्रधानमन्त्री दाहालले विगतमा किस्ताबन्दीमा महसुल उठाउन प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई निर्देशन दिनुभएको थियो । ऊर्जा मन्त्रालयका तत्कालीन सचिव दिनेश घिमिरे नेतृत्वमा तत्कालीन अर्थ र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव संलग्न अध्ययन समितिले पनि २४ देखि ३० महिनाको महसुल उद्योगीले तिर्नुपर्ने सुझाव दिएको थियो ।

समितिले विद्युत् महसुल निर्धारण आयोगले महसुल निर्धारण गर्नुअघि २०७२ पुस २९ गते र ट्रङ्कलाइनको हकमा २०७३ असार २६ गतेअघिको महसुल लिन नमिल्ने सिफारिस गरेको थियो । सो निर्णय पनि विद्युत् नियमन आयोगको निष्कर्ष र सिफारिसका आधारमा गर्नुपर्ने बताएको थियो । समितिले पेस गरेको प्रतिवेदन २०७७ को साउन १९ को मन्त्रिपरिषद् बैठकले पारित गरी कार्यान्वयनका लागि ऊर्जा मन्त्रालयमार्फत प्राधिकरण पठाएको थियो । सो समितिले पनि बीचको अवधिको महसुल उठाउन प्राधिकरणलाई स्पष्ट रुपमा दिशा निर्देश गरेको थियो । सो प्रतिवेदन कार्यान्वयन हुन सकेन । विद्युत् नियमन आयोगले आवश्यक निर्णय नगर्दा घिमिरे संयोजकत्वको समितिको प्रतिवेदन कार्यान्वयन हुन सकेन । उद्योगीले पनि यसअघि नै २०७२ देखि २०७५ सम्मको महसुल तिर्न आफूहरु तयार रहेको भए पनि प्राधिकरणले टिओडी मिटरको विवरण दिनुपर्ने बताउँदै आएका थिए ।

**कस्को कति महसुल बाँकी ?**

तत्कालीन सचिव घिमिरे संयोजकत्वको समितिले पनि २०७२ साउनदेखि २०७२ पुससम्मको बक्यौता बिल रकम रु ९७ करोड, २०७२ माघदेखि २०७५ वैशाख मसान्तसम्मको रु छ अर्ब र २०७५ जेठदेखि २०७७ जेठसम्मको रु आठ अर्ब तीन लाख बराबरको बक्यौता रहेको निष्कर्ष निकालेको थियो । प्राधिकरणका अनुसार, जगदम्बा स्टिलको रु चार अर्ब १४ करोड, रिलायन्स रु एक अर्ब ९४ करोड, घोराही सिमेन्ट रु एक अर्ब ३६ करोड, अर्घाखाँची सिमेन्टको रु एक अर्ब ३० करोड बराबरको बक्यौता छ । यस्तै, सर्वोत्तम सिमेन्टको रु ८३ करोड, लक्ष्मी स्टिलको रु ६२ करोड , बाबा जुट मिल रु पाँच करोड ६१ लाख बराबरको बक्यौता छ ।

त्यस्तै, निगाले सिमेन्ट रु १४ करोड २१ लाख, त्रिवेणी सिन्थेटिक यार्न इन्डस्ट्रिज रु १५ करोड ६६ लाख, जगदम्बा इन्टरप्राइजेज रु ४७ करोड ९८ लाख, हामा आइरन रु ११ करोड ५५ लाख, एभरेष्ट पेपर मिल रु २१ करोड ३६ लाख बक्यौता छ । यसैगरी, कसमस सिमेन्ट रु ३५ करोड ८२ लाख शुभश्री अग्नि सिमेन्ट रु ३८ करोड १० लाख, जगदम्बा सिन्थेटिक रु ४७ करोड ५३ लाख, घराना फुड्स रु पाँच करोड नौ लाख, सिद्धार्थ पेटप्लास्ट रु पाँच करोड २४ लाख, बुटवल सिमेन्ट रु ३२ करोड ९८ लाख, नारायणी स्पात रु ७८ करोड ४९ लाख र हुलास स्टिलको रु ४३ करोड २४ लाख महसुल तिर्न बाँकी छ ।

प्राधिकरणले पठाएको बिलमा सहमत हुन नसक्ने उपभोक्ताले विद्युत् वितरण विनियमावली, २०७८ को विनियम ५५ (१) बमोजिम पुनरावलोकन गराउन सक्ने व्यवस्था रहेको भए पनि कुनै पनि पुनरावलोकनको समेत निवेदन परेको थिए । अधिकांश उद्योगी तथा व्यवसायी पुनरावेदनमा नआई सोझै अदालत गएका कारण पनि ४५ वटा उद्योगी तथा व्यवसायीको विपक्षमा अदालतबाट फैसला आएको थियो ।

प्राधिकरणका सबै औद्योगिक ग्राहकले नियमित रुपमा सबै सामान्य शुल्क एवम् महसुल भने समयभित्रै भुक्तानी गरेका छन् । थप प्रिमियम शुल्क भने उठ्न बाँकी रहेको हो । आयोगको सिफारिसका आधारमा मन्त्रिपरिषद्ले आवश्यक निर्णय गरी कार्यान्वयनका लागि पत्राचार गरेको अवस्थामा अब भने विवाद समाधान हुने विश्वास गर्न सकिन्छ । यद्यपि उद्योगी-व्यवसायीका तर्फबाट भने हालसम्म कुनै धारणा सार्वजनिक भएको छैन । विवाद लामो समयसम्म रहँदा त्यसले कोही कसैको पनि हित नगर्ने भएकाले आयोगको सिफारिसका आधारमा मन्त्रिपरिषद्ले गरेको निर्णयको अक्षरशः कार्यान्वयन हुनु नै जायज र उत्तम विकल्प रहेको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको बुझाइ छ ।रासस

**बिलबुक हरायो**

मेरो निम्न ब्यहोरा भएको ज. ८ प ३३४१ नं. गाडीको बिलबुक र जनकपुर देखी कमला नदीसम्म जाने बाटोमा मिति २०८१/०२/१९ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**सम्पर्क : संजीव कुमार साह**
**ठेगाना : सबैला न.पा.-३, धनुषा**
**हाल : जनकपुरधाम उ.म.न.पा.**
**मो.नं.९८४४०२६४७६**

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८१/०१/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : दिव्य प्रकाश यादव**
**सिम्बोल नं.: २१७००३४६**
**रजिष्ट्रेशन नं.:७११७११२०६**
**ठेगाना:जि.ध. जनकपुरधाम**
**उ.म.न.पा.-९**
**मो.नं.९८४४०५२५७९**

## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथुन | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अधिकार संरक्षणका लागि दलित विकास प्राधिकरण: प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले दलित समुदायको संवैधानिक र कानुनी अधिकार संरक्षण एवं संवर्द्धनका लागि आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेटमा दलित विकास प्राधिकरणको व्यवस्था गरिएको बताउनुभएको छ । जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसको सन्दर्भमा सोमबार आयोजित 'छुवाछूतमुक्त राष्ट्र घोषणा : अवसर, कार्यान्वयन र चुनौती' शीर्षकमा भएको अन्तरक्रियामा प्रधानमन्त्रीले दलित समुदायको अधिकार सुनिश्चित बजेटमा कार्यक्रम निर्माण गर्न, दलित सशक्तीकरण कार्यक्रम बनाउन, छुवाछूतविरूद्धको ऐन प्रभावकारी कार्यान्वयन गर्न सबैमा विशेष अपिल गर्दछु ।"दलित समुदायलाई छुवाछूत र विभेदबाट मुक्त गर्दै उनीहरूको बृहत्तर विकास र उन्नतिका लागि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र समानताका निम्ति राज्यले क्षतिपूर्तिसहितको विशेषाधिकार प्रदान गर्नुपर्नेमा प्रधानमन्त्रीले जोड दिनुभयो । उहाँले सकारात्मक विभेदको

> "दलित विद्यार्थीलाई प्राविधिक शिक्षा अध्ययनका लागि गरीब तथा जेहेन्दार छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने र दलित समुदायका परम्परागत सीप ज्ञान र पेशालाई आधुनिकीकरण एवं व्यावसायीकरण गर्न सात वटै प्रदेशमा शिल्पी उद्यमशीलता विशेष कार्यक्रम सञ्चालनका लागि कार्यक्रम र बजेटको व्यवस्था गरिएको छ,"

गर्न वर्तमान सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

"दलित विद्यार्थीलाई प्राविधिक शिक्षा अध्ययनका लागि गरीब तथा जेहेन्दार छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने र दलित समुदायका परम्परागत सीप ज्ञान र पेशालाई आधुनिकीकरण एवं व्यावसायीकरण गर्न सात वटै प्रदेशमा शिल्पी उद्यमशीलता विशेष कार्यक्रम सञ्चालनका लागि कार्यक्रम र बजेटको व्यवस्था गरिएको छ," प्रधानमन्त्री दाहालले भन्नुभयो ।

छुवाछूतको समूल नष्ट गर्न राज्यका तीनवटै तहमा छुवाछूत निगरानी तथा अनुगमन संयन्त्र आवश्यक भएको उल्लेख गर्दै प्रधानमन्त्रीले उत्पीडन र ज्यादतीमा पर्दै आएका दलित समुदायको संवैधानिक हक अधिकारको प्रभावकारी कार्यान्वयनका निम्ति राज्य र यसका निकायहरू जिम्मेवारपूर्ण ढङ्गले प्रस्तुत हुनुपर्नेमा जोड दिनुभयो । उहाँले छुवाछूत तथा जातीय विभेदजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुन बमोजिम दण्डनीय हुने व्यवस्था भइसकेकाले राज्यका सबै जिम्मेवार तह र निकायले छुवाछूतविरुद्धका कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिनुभयो ।

प्रधानमन्त्रीले छुवाछूतमुक्त राष्ट्र घोषणाको प्रभावकारी कार्यान्वयनका लागि तीनवटै तहका सरकारले जिम्मेवार हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "तीनै तहका सरकारले आफ्नो नीति, कार्यक्रम र प्रक्रियाबाट मात्र विगतको राज्य संयन्त्रले गरेको अन्यायको परिपूरण र समानताको आधारशिला खडा गर्न सकिने बताउनुभयो ।

त्यस अवसरमा प्रधानमन्त्री दाहालले कम्युनिस्ट आन्दोलनका योद्धा दलित आन्दोलनका अगुवा प्रदेशप्रमुख तिलक परियारको जीवन वृतान्तमा आधारित 'मेरो जीवन र सङ्घर्ष' लोकार्पण गर्नुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ । राज्यसत्ताले विभेदकारी नीति र नियम बनाएर यो समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत जीवनका समग्र क्षेत्रबाट वञ्चितीकरण गरिएको उल्लेख गर्दै प्रधानमन्त्रीले दलित समुदाय सामाजिक जीवनका सबै क्षेत्रबाट अरू समुदायभन्दा पछाडि रहँदै आएको बताउनुभयो । उहाँले दलित समुदायलाई राज्यसत्ताका सबै अङ्ग, क्षेत्र र निकायका साथै सामाजिक जीवनका समग्र क्षेत्रमा विशेषाधिकारको नीति अवलम्बन गर्न आफूले निरन्तर जोड दिएको बताउनुभयो ।

दलित समुदायको आत्मसम्मानमा ठेस पुऱ्याइएकाले अरू विकसित समुदायसरह उनीहरूको विकास होस् भन्ने उद्देश्यले समानुपातिक प्रतिनिधित्वमा विगतको क्षतिपूर्ति बापत अधिकार थप गरी विशेषाधिकार दिइनुपर्छ भनेर आफूले निरन्तर पार्टीमा सङ्घर्ष गरेको स्मरण गर्दै प्रधानमन्त्रीले पछिल्लो समय यो विषय आमरूपमा स्थापित भएको बताउनुभयो ।रासस

# हुलाकी सडकः अङ्कुराउँदै छन् समृद्धिका सपना

जनकपुरधाम । आमरुपमा हुलाकी भनेपछि झट्ट याद आउँछ-सन्देशबाहक । तराई-मधेशमा भने त्योसँगै जोडिन्छ, हुलाकी सडक (राजमार्ग) । हुलाकीलाई सहज होला भनेर रेखाङ्कन गरिए पनि तत्कालीन समयमा यहाँका सीमावर्ती बस्तीलाई जोड्न योगदान गरेकाले पनि यहाँका नागरिक यी दुबैलाई छुट्याउन रुचाउँदैनन् । यिनको कहानी पनि मिल्दोजुल्दो छ। जसरी सूचना प्रविधिको विकाससँगै हुलाक वा हुलाकी छायामा परे, त्यसैगरी पूर्व-पश्चिम महेन्द्र राजमार्ग बनेपछि हुलाकी सडक । सूचना प्रविधिले त नागरिकलाई विकल्प दियो तर लामो समयसम्म हुलाकी सडकको विकल्प बनेन् । त्यसैकारण तराई-मधेशका ऐतिहासिक बस्ती ओझेलमा परे । विकासको लय बिथोलियो ।

यस्तै भन्दै हुनुहुन्थ्यो, सप्तरीको बोदेबरसाइन नगरपालिका–५ का ९१ वर्षीय श्यामनन्दनप्रसाद राजपुत । नेपालको सबैभन्दा पुरानो भनिएको सडक विस्तारको सट्टा त्यसलाई मेटाउन खोजिँदा यहाँको विकास प्रक्रिया अवरुद्धजस्तै भएको उहाँको बुझाइ छ । "बाक्लो बस्ती, उर्वर भूमि, छिमेकी भारतसँग सीमा जोडिएकाले यस क्षेत्रको आर्थिक तथा सामाजिक महत्व निकै थियो । त्यसैले राज्यले पूर्वाधारमा लगानी गर्ला भन्ने लाग्थ्यो, उल्टै भएको सडकलाई बेवास्ता गरियो । त्यहीबेलादेखि यहाँको लय बिथोलियो, गरिबीको खाडल बढ्यो", राजपुतले भन्नुभयो । झापाको मेची पुलदेखि कञ्चनपुरको दैजीसम्म फैलिएको सडकमध्ये मधेश प्रदेशको मात्र कुरा गर्दा सप्तरीदेखि पर्सासम्मका राजविराज, सिरहा, जनकपुरधाम, जलेश्वर, मलङ्गवा, गौर र वीरगञ्ज जस्ता पुराना बजारलगायत ग्रामीण बस्ती भरपर्दो सडक पूर्वाधारका अभावमा छायामा परे ।

सिरहाको अर्नमा गाउँपालिका–५ का मिश्रिलाल यादव उमेरले ७५ वर्ष पुग्नुभयो । उहाँ राज्यको प्राथमिकतामा नपरेकै कारण मानवबस्ती बाहुल्य यहाँको विकास हुन नसकेको भन्दै राज्यसँग मन कुँडिएको बताउनुहुन्छ । "म सानो हुँदा यही गोरेटो बाटोमा हिँड्थ्यौं, अलि फराकिलो भएपछि गोरुगाढा चलाएर प्रतिकिलोग्राम रु २५ पैसामा धान बिक्री गरेर भए पनि जीविको चलाइरहेका थियौं । सडक पक्की होला भन्ने आशामा बेसेका बेला अलपत्र छाडेर दुःख थपिदिए । यसको दोष राज्यलाई नदिएर कसलाई दिनु", यादव भन्नुहुन्छ ।

तराई-मधेशमा यस्तै गुनासा छन् । गणतन्त्र स्थापनापछि सडक बन्छ भनेको सुन्दा पनि धेरैले पत्याएकै थिएनन् । ढिलै भए पनि सडकले राजमार्गको रुप ग्रहण गरेको देख्दा अहिले यो पुस्ता दङ्ग छ । "लामो समयसम्म राज्यको दृष्टि नपरेको सडकले गणतन्त्र आएपछि नयाँ जीवन पाएको छ । सडक कालोपत्र भएपछि त यहाँका बस्ती पनि चाँदजस्तै हसिला भएका छन्", राजपुत भन्नुहुन्छ ।

सिरहाको औरही गाउँपालिकाका पूर्वअध्यक्ष ७८ वर्षीय बेचन यादव लामो समयसम्म गिजोलिएको यहाँको विकास प्रक्रिया हुलाकी सडक निर्माणसँगै पुनः लयमा फर्किने आशा व्यक्त गर्नुहुन्छ । "लामो समयसम्म सास्ती भोग्यौं तर त्यो पीडा कसैले बुझेनन् । जनताका पीडा र आवाज सुनेका त गणतन्त्र आएपछि न हो । हेर्दाहेर्दै सडक बन्यो, आवतजावतमा सहज भइरहेको छ", उहाँले खुसी व्यक्त गर्नुभयो ।

महोत्तरीको एकडारा गाउँपालिका–३, का सामाजिक अभियन्ता विजय कर्ण मधेशको जीवनरेखाका रुपमा हेरिएको हुलाकी सडक गणतन्त्रको उपलब्धि र पहिचानसँग जोडिएको बताउनुहुन्छ। "राज्य सञ्चालकले नचाहँदासम्म केही नहुने रहेछ । हामीले वर्षौंदेखि उठाइरहेको माग सुनुवाइ हुन गणतन्त्र आउनुपऱ्यो", उहाँ भन्नुहुन्छ,"सबै ठाउँमा गुणस्तरीय र द्रुतगतिमा काम हुन नसके पनि जति बनेको छ, त्यसले मधेशलाई जोड्दै छ। अब बाँकी काम चाँडै टुङ्ग्याउनुपर्छ ।"पचहत्तर वर्षीय



रामप्रित साफीले सडक बनेपछि यो क्षेत्र गुल्जार बन्न थालेको बताउनुभयो । "सदर मुकामसमेत रहेका यहाँका बस्ती उबेला निकै चलायमान थिए ।

भारतसँग नजिक भएकाले पनि नेपालको पहिचान र सामर्थ्यको पहिचान हुनेगरी विकास गर्नुपर्थ्यो तर त्यसो गरिएन । उहाँले विगत सम्झिँदै भन्नुभयो,"जीवनको उत्तरार्द्धमा सडक बनेको देख्दा सबै दुःखकष्ट बिर्सिएको छ । जति बाँचिन्छ अझै विकास भएको देख्न पाइयोस् ।"

**समृद्धिका सपना**

गणतन्त्र स्थापनासँगै आर्थिक वर्ष २०६६/६७ मा निर्माण प्रारम्भ भएको हुलाकी राजमार्ग राष्ट्रिय गौरवको आयोजना हो । यसको उद्देश्य नै पूर्वमा झापाको भद्रपुर (मेची पुल)देखि पश्चिममा कञ्चनपुरको दैजीसम्मका जिल्ला सदरमुकाम र घनाबस्तीलाई जोड्न एक हजार आठ सय ५७ किलोमिटर सडक विस्तार गरी सन्तुलित विकास गर्नु हो । यसमध्ये पूर्वदेखि पश्चिमतर्फको लम्बाइ नौ सय ७५ किमी छ । सडकमा करिब तीन सय पुल छन् ।

यस्तै राजमार्गबाट सदरमुकाम, पुराना सहर र बजार केन्द्र जोड्न उत्तरदेखि दक्षिणसम्म विभिन्न ३५ वटा सहायक सडक छन् । तिनको लम्बाइ आठ सय ८२ किमी रहेको छ । आयोजनाले छोएका प्रदेशमध्ये सात सय किमीभन्दा बढी सडक मधेश प्रदेशमै छ । त्यसैले सडक निर्माणपछि यहाँका ५०औं ग्रामीण बस्तीमा वर्षौंदेखि हराएको चमक फेरि फर्किन थालेको जानकार बताउँछन् । हुलाकी सडकबारे वकालत गर्दै आउनुभएका वरिष्ठ पत्रकार एवं अभियन्ता रामरिझन यादव भारतीय सिमानादेखि महेन्द्र राजमार्ग जोड्ने शाखा सडक निर्माणपछि यो क्षेत्र चलायमान हुन थालेको बताउनुहुन्छ । बजार र सडक सञ्जालबाट विमुख भए पनि प्रशासनिक, कानुनी र अन्य कामकाजका लागि यसै क्षेत्रमा रहेका सदरमुकाम पुग्नुपर्ने बाध्यता छ । त्यसैले कष्टपूर्ण यात्रा गर्न बाध्य नागरिकलाई अहिले निकै राहत भएको बताउने यादव सडक सञ्जालपछि अब राजनीतिक शक्ति सन्तुलनका हिसाबले पनि सघाउ पुग्ने विश्वास व्यक्त गर्नुहुन्छ ।

मधेश प्रदेशसभा सदस्य रामअशिष यादव 'कोर' मधेशलाई छायामा पार्ने र मधेशको बहुमूल्य वन सम्पदा र चुरे क्षेत्र मासेर पारिस्थितिक प्रणाली नै बिथोल्ने मनसायका साथ बनेको पूर्व-पश्चिम राजमार्गको क्षतिपूर्ति भर्न नसके पनि नागरिकको जीवनस्तर उकास्न हुलाकी सडकको निर्माण एक फड्को हो भन्नुहुन्छ । "कोर मधेशमा गुणस्तरीय सडक पूर्वाधारको अभावले बेहोर्नुपरेको क्षतिको त कुरै नगरौं । ढिलै भए पनि गणतन्त्रको पहिचान र जनताको सपनासँग जोडिएको हुलाकी सडकको विकास, विस्तार र स्तरोन्नतिले समृद्धिका सपना साकार पार्न ठूलो भूमिका खेल्ने छ", उहाँले भन्नुभयो,"अब बाँकी रहेका पुल, सडक खण्ड निर्माणलाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्छ । यो आयोजनालाई तराई-मधेश समृद्धिको सपना मात्रै होइन गणतन्त्रपछि पूर्वाधार निर्माणमा हासिल गरेको फड्को र उपलब्धिका रुपमा देखाउन मिल्ने गरी चाँडै सम्पन्न गर्नुपर्छ ।"

नेपाल उद्योग वाणिज्य सङ्घ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी हुलाकी सडक तराई -मधेश र सिङ्गो देशको आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यटनको अवस्था बदल्ने युगान्तकारी पूर्वाधार भएको बताउनुहुन्छ । उहाँ सडक निर्माणपछि आन्तरिक उत्पादनको बजारीकरण र व्यापारिक वस्तुको सहज पहुँच मात्र होइन, विश्वको उदाउँदो अर्थतन्त्र भारतसँग सम्पर्क स्थापना भई देशले नै ठूलो लाभ लिने बताउनुहुन्छ । "नेपालको समृद्ध अर्थतन्त्रको आधार कृषि हो भन्दै आयौं तर कृषिको आधारविन्दुका रुपमा रहेका तराई-मधेशका ग्रामीण क्षेत्रलाई उपेक्षा गऱ्यौं", उहाँले भन्नुभयो,"अब पनि 'बोर्डर इकोनोमी'लाई महत्व दिएर सीमावर्ती भारतीय क्षेत्रमा बस्ने करोडौं नागरिकलाई लक्षित गरी योजना नबनाउने हो भने नेपालले थप आर्थिक दुरावस्था भोग्ने छ । त्यसैले समृद्धिको आधार भनेको यही हुलाकी राजमार्ग हो, यसको द्रुततर विकासमा राज्यले ध्यान दिनुपर्छ ।"

राजमार्ग निर्माणले तराई क्षेत्रका विभिन्न सांस्कृतिक र प्राकृतिकस्थलमा पुग्न सजिलो भई पर्यटन प्रवर्द्धन, सामाजिक एकता र विभिन्न समुदायलाई जोड्न योगदान पुग्ने उहाँको भनाइ छ । "हुलाकी राजमार्ग हाम्रो देशको विकास, एकता र समृद्धिका लागि अत्यन्तै महत्वपूर्ण सम्पत्ति हो । यसले सामाजिक, आर्थिक र सांस्कृतिक विविधता र समृद्धिलाई प्रोत्साहित गरिरहेको छ । अधिकांश ग्रामीण बस्ती, यहाँका कृषिउपजको बजारीकरण, व्यवसायीकरण र उद्यमशीलतालगायत क्षेत्रमा पनि सकारात्मक प्रभाव परेको छ", उहाँले थप्नुभयो ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जीतेन्द्रकुमार महासेठले सडक बनेपछि मधेशभित्र एउटा व्यापारिक विन्दुबाट अर्को विन्दुसम्मको पहुँच र लागतमासमेत सहुलियत हुने बताउनुभयो । उहाँले केही ठाउँमा बन्न बाँकी पुल र सडक विस्तारका काम भएमा मधेशमा समग्र क्षेत्रको विकासमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । "अहिले जनकपुरधामलगायत मधेशका मुख्य बजार क्षेत्रमा जग्गाको मूल्य आकासिएको छ, जसकारण यहाँ लगानी आकर्षित भइरहेको छैन । हुलाकी सडक र सहायक सडकको विकास तथा विस्तारले अन्य क्षेत्रमा पनि जग्गा खरिद गरेर ठूला उद्योग स्थापना गर्ने, व्यापारिक क्रियाकलाप बढ्ने, कृषि उद्यमतिर व्यावसायिक लगानी गर्न सकिने आधार बन्दैछ", महासेठले भन्नुभयो । नेपाल चेम्बर आफ कमर्स सर्लाहीका वरिष्ठ उपाध्यक्ष सुगन्धकुमार गुप्ताले सडक निर्माणपछि ग्रामीण क्षेत्रका बजार चलायमान हुन थालेका बताउनुभयो । उहाँले भन्नुभयो, "मलङ्गबारदेखि जनकपुरधाम पुग्न पहिले सय किमी लामो बाटो तय गर्नुपर्थ्यो तर अहिले ५० किमी दूरी घटेको छ । हुलाकी सडक छेउको जग्गाको भाउमा वृद्धि हुँदैछ । सडक निर्माणपछि पसल, पेट्रोल पम्प खुलेका छन् । सामाजिक, सांस्कृतिक, आर्थिक क्रियाकलाप बढ्न थालेका छन् ।" अब जनकपुरदेखि वीरगञ्ज जोड्न बागमतीमा पुल निर्माण गर्नुपर्ने र त्यसपछि थप सहज हुने उहाँको भनाइ छ ।

सर्लाहीको गोडैता नगरपालिका प्रमुख देवेन्द्रकुमार यादवले हुलाकी सडक निर्माणपछि वर्षौंदेखि भोग्दै आएको हिलो र धुलोको समस्याबाट राहत र उत्पादनको बजारीकरणमा सहयोग पुगेको बताउनुभयो । "अहिले हाम्रो नगरमा उत्पादित तरकारीलगायतका कृषिउपज जनकपुर, काठमाडौं पठाउन सहज भएको छ । यस क्षेत्रका उखु उत्पादकलाई पनि मिलसम्म सामग्री पुऱ्याउन सहज भएको छ", नगर प्रमुख यादवले भन्नुभयो, "हुलाकी सडकका चोकचोकमा पसल खुल्न थालेका छन् । जनकपुर, जलेश्वर जान सहज भएको छ ।" उहाँले बागमती नदीको बरहर्वाघाट पुल बनेमा रौतहटको गौर, बाराको कलैया र वीरगञ्ज जोड्न थप सहज हुने बताउनुभयो । तराई-मधेसका झण्डै ५५ प्रतिशत खेतीयोग्य उर्बरभूमि, वन जङ्गल, ६० प्रतिशतभन्दा बढी उद्योग कलकारखाना हुलाकी राजमार्ग करिडोरमै रहेकाले यसको निर्माणले तराई-मधेशको मात्र नभइ समग्र देशकै आर्थिक उन्नति र समृद्धिमा महत्वपूर्ण योगदान दिनेछ । तराई-मधेशका २१ जिल्ला जोड्ने गरी बनिरहेको राजमार्गले करिब एक करोड जनसङ्ख्या लाभान्वित हुने बताइएको छ ।

हुलाकी राजमार्ग आयोजना प्रमुख इञ्जिनीयर अजयकुमार मुलले हाल निर्मित सडक संरचनाले बस्ती मात्र होइन, नागरिक र राज्यबीचको सम्बन्ध सेतुको काम गरेको बताउनुहुन्छ । "जुनसुकै सडकले पनि नागरिकको जनजीवन सहज बनाउने, आर्थिक गतिविधिमा बढोत्तरी हुने र सन्तुलित विकासलाई सम्भव तुल्याउने हो तर हुलाकी राजमार्ग गणतन्त्र नेपालको पहिचानसँग जोडिएकाले यसको महत्व बहुआयामिक छ", मुलले भन्नुभयो, "हुलाकी सडक तराई -मधेशका जनताको सपना हो । सडक निर्माणपछि कृषि उत्पादन, व्यापार व्यवसाय, उद्योग, कलकारखानाको विकास भएको छ ।" योजना कार्यालय जनकपुरका प्रमुख इञ्जिनीयर कृष्णकुमार महतोले निर्माणका क्रममा देखिएका समस्या र चुनौतीको समाधान गरी बाँकी कामलाई पूर्णता दिनसके हुलाकी सडक देश विकासको कोसेढुङ्गा हुने बताउनुभयो । उहाँ भन्नुहुन्छ, "अहिले कम्तीमा ५० प्रतिशत दूरी छोटिएपछि आवातजावत र स्थानीय कृषि उपजको बजार पहुँच, हाटबजारको बढोत्तरी, व्यापारमा सहज भएको छ । समग्रमा देशको रुपान्तरणकारी योजना हो यो ।"

**पूर्वाधारमा फड्को, कार्यान्वयनमा अड्को**


पन्ध्र वर्षअघि सुरु भएको राजमार्गको हालसम्म एक हजार दुई सय ४३ किमी सडक कालोपत्र तथा एक सय ३५ पुल निर्माणसहित समग्रमा ६५ प्रतिशत भौतिक प्रगति भएको छ । यसैगरी रु ६२ अर्ब खर्चसहित समग्र वित्तीय प्रगति ६१ प्रतिशत भएको छ । चालु आर्थिक वर्षको हालसम्म ८५ प्रतिशत भौतिक र वित्तीय प्रगति ८४ प्रतिशत भएको भनिए पनि यो आवमा एक सय ३७ किमी सडक कालेपत्र गर्नुपर्नेमा ३७ किमी र २५ पुल निर्माण गर्ने लक्ष्य रहेकामा तीनवटा मात्र निर्माण सम्पन्न भएका छन् । चालु आवमै सम्पन्न गरिसक्ने भनिएको आयोजना विविध समस्याका कारण निकै प्रभावित भएको छ । अझै ३५ प्रतिशत भौतिक काम गर्न बाँकी छ भने त्यसका लागि थप रु ४० अर्ब आवश्यक पर्ने आयोजनाको अनुमान छ । अझै दुई सय ३० किमी क्षेत्रमा प्रवेश गर्न सकिएको छैन । जग्गा अधिग्रहण, राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र सडक निर्माण गर्ने कानुनी जटिलता, भारतीय सीमासँग जोडिएका कतिपय ठाउँमा 'नो म्यान्स लाइन'का नाममा भारतीय सुरक्षा बलको अवरोध, आयोजना सुरु भएको १५ वर्ष बित्दासमेत राजमार्गको 'राइट अफ वे' एकीन गरी राजपत्रमा प्रकाशन हुन सकेको छैन ।

निर्माण र स्तरोन्नति, स्थानीय पालिकाहरुले समयमा ठेक्का व्यवस्थापन नगर्दा निर्माण सामग्रीको उपलब्धताजस्ता समस्या र सरकारले प्रस्तावित बजेटअनुसार रकम विनियोजन नगर्दा समग्र आयोजना नै अझै कति वर्षमा टुङ्गिने हो अनुमान गर्न गाहे छ । सूचना अधिकारी माधव अधिकारीले भन्नुभयो,"विभिन्न समस्याका कारण आयोजनाका सम्पूर्ण काम चालु आवमा सक्ने अवस्था भएन । त्यसकारण २०८३/८४ सम्म समय थप गर्नुपर्ने प्रस्ताव अगाडि बढाएका छौं, अहिले छलफलकै क्रममा छ ।" उहाँले सरकारबाट पर्याप्त बजेट व्यवस्थापन, मापदण्ड निर्धारण, निकुञ्ज र विवादित क्षेत्रको विवाद समाधानका लागि पहल गरेमा प्रस्तावित समयभित्र योजना सम्पन्न गर्न निर्देशनालय सक्षम रहेको बताउनुभयो ।हुलाकी राजमार्ग निर्माणका लागि जग्गाको मुआब्जा नदिने नेपाल सरकारको अघोषित नीति नै छ तर अहिले यही विषयलाई लिएर देशभरि एक सयभन्दा बढी मुद्दा अदालतमा छन् । तीमध्ये ६० वटा मधेश र विशेषगरी आयोजना कार्यालय जनकपुरको क्षेत्रभित्र छन् ।

योजना कार्यालय जनकपुरका प्रमुख महतो पनि हुलाकी सडकसँग जोडिएका कानुनी, नीतिगत र वित्तीय सवालहरु सम्बोधन गर्न नसके तोकिएको समयमा सडक निर्माणसम्पन्न हुन चुनौतिपूर्ण रहेको बताउनुहुन्छ । "जनकपुर कार्यालयको क्षेत्रमा पर्ने सिरहा, धनुषा, महोत्तरी र सर्लाहीमा मात्रै अदालतबाट १६ वटा अन्तरिम आदेश जारी भएका छन् । यसले गर्दा धनुषाको औरही र महोत्तरीको सर्पला, वनचौरीलगायतका क्षेत्रमा सडक विस्तार गर्न सकिएको छैन । व्यक्तिको जग्गामा सडक बनाइएको तर मुआब्जासमेत नदिएर जग्गा धनीले नै तिरो तिर्नुपर्ने बाध्यता छ । यसले जटिलताहरु कायमै छन् । वृहत् समझदारी बनाएर समस्या समाधान गरिनुपर्छ", उहाँले सुझाउनुभयो । निर्देशक मुलले सडक निर्माणमा हुने ढिलाइले राज्यलाई थप आर्थिक नोक्सानीका साथै कार्यक्षमतामाथि नै प्रश्न उठ्ने अवस्था आइसकेकाले अब सबै गम्भीर बन्नुपर्ने बताउनुभयो ।

आयोजनामा भारत सरकारबाट प्राप्त रु आठ अर्ब लगानी छ । सो रकममा पूर्व-पश्चिम ६० किमी र उत्तर-दक्षिण दुई सय ३० सहित करिब दुई सय ९० किमी सडक निर्माण गरिएको थियो । त्यसबाहेक सबै दायित्व नेपाल सरकारले व्यहोर्दै आएको छ । तराईं मधेशको 'लाइफलाइन' भनिने आयोजना गणतन्त्र नेपालको उपलब्धिको एक द्योतक पनि भएकाले उच्च प्राथमिकताका साथ बाँकी काम सम्पन्न गर्न सरकारको सम्पूर्ण पहलकदमी अपरिहार्य रहेको बताउनुहुन्छ सिरहा नगरपालिका–१९ का ९२ वर्षीय मुगालाल यादव । "सडक नबन्दा धेरै दुःख र सास्ती भोग्यौं । अहिले हुलाकी सडक बनेपछि सुविस्ता भएको छ", यादव भन्नुहुन्छ, "तर कमला पुल र बाँकी सडक अझै बनेका छैनन् । त्यो बनेको भए त धेरै सहज हुन्थ्यो ।"रासस

# अमूर्त सांस्कृतिक सम्पदासम्बन्धी पहिलो प्रतिवेदन संयुक्त राष्ट्रसंघमा पेस गरिने




काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पहिलोपटक अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धिको आवधिक प्रतिवेदन पेस गर्ने तयारी सुरु गरेको छ ।

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २००३ अक्टोबर १७ मा यो महासन्धि पारित गरेको थियो । सन् २००६ देखि कार्यान्वयनमा आएको महासन्धिलाई नेपालले भने सन् २०१० मा अनुमोदन गरेको थियो । अनुमोदन गरेको छ वर्षपछि प्रतिवेदन पेस गर्नुपर्ने नियमअनुसार तयारी गरिरहेका बेला संयुक्त राष्ट्रसङ्घले यससम्बन्धी निर्देशिका परिवर्तन गरेको थियो । निर्देशिका परिवर्तन गरेको छ वर्षपछि प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्थाबमोजिम यो वर्ष मन्त्रालयले प्रतिवेदन पेस गर्न लागेको मन्त्रालयको संस्कृति महाशाखा प्रमुख डा सुरेशसुरस श्रेष्ठले जानकारी दिनुभयो ।

प्रतिवेदन तयारी गर्न मन्त्रालयले राजधानीमा आइतबारदेखि तीन दिने राष्ट्रिय परामर्श गोष्ठी आयोजना गरेको छ । गोष्ठीमा अमूर्त सांस्कृतिक सम्पदाका क्षेत्रमा काम गर्ने सरकारी एवं गैरसरकारी क्षेत्रका प्रतिनिधि र विज्ञ गरी तीन दर्जनको सहभागिता रहेको मन्त्रालयका पुरातत्व अधिकृत भीष्म बास्कोटाले बताउनुभयो । प्रतिवेदन यही जुन १५ देखि संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)मा पेस गर्न प्रारम्भ गरिने उहाँले सुनाउनुभयो । आगामी डिसेम्बर १५ सम्म नेपालले अमूर्त सांस्कृतिक सम्पदा क्षेत्रमा भए गरेका कामको विवरण युनेस्कोमा पेस गरिसक्ने जनाइएको छ । युनेस्कोमा प्रतिवेदन पेस गरेसँगै नेपालका अमूर्त सांस्कृतिक सम्पदाको विवरण सूचीकरण पनि सुरु गरिने मन्त्रालयले जनाएको छ । नेपाल मूर्त, अमूर्त मौलिक सांस्कृतिक सम्पदामा धनी भए पनि अझैसम्म त्यसको सूचीकरण हुन सकेको छैन । अब सरकारले प्राथमिकताका साथ सूचीकरण गर्ने पनि जनाएको छ ।रासस

# हुरीले दुई हजार पाँच सय बिघा क्षेत्रफलको केरामा क्षति

चितवन । जिल्लामा लगाइएको केरामा केही दिनअघि आएका हावाहुरीले ठूलो क्षति पुऱ्याएको छ ।

चितवन केरा उत्पादक सङ्घका अध्यक्ष माधवप्रसाद घिमिरेका अनुसार केही दिनयता आएको हावाहुरीका कारण जिल्लामा लगाइएको दुई हजार पाँच सय बिघा क्षेत्रफलको केरामा क्षति पुगेको हो ।


पूर्वी चितवनमा लगाइएको केरामा बढी मात्रामा क्षति पुगेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पूर्वी चितवनको रत्ननगर, कालिका र खैरहनी नगरपालिकामा लगाइएको केरामा ठूलो क्षति भएको छ ।" जिल्लामा लगाइएको ४० लाख ८७ हजार पाँच सय केरामा क्षति पुगेको उहाँले बताउनुभयो । उहाँका अनुसार पसाएर फल लाग्ने समयका केरामा हावाहुरीका कारण क्षति पुगेको छ ।

सङ्घका महासचिव जनक पन्तका अनुसार हावाहुरीका कारण केरामा रु १२ करोड बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । सत्तरी जना व्यावसायिक किसानको केरा पूर्णरुपमा क्षति भएको छ भने अन्यको आंशिक क्षति भएको उहाँले बताउनुभयो । ९० प्रतिशत किसानले केराको बिमा गरेको र १० प्रतिशत किसानले बिमा नगरेको उहाँले जानकारी दिनुभयो । बिमा गरेका किसानले क्षति भएबापत केही रकम पाउने भए पनि बिमा नगरेका किसानको पूर्ण क्षति हुने उहाँले बताउनुभयो । जिल्लामा हाल तीन हजार पाँच सय बिघा क्षेत्रफलमा केरा खेती गर्दै आएको छ ।रासस

FPAN
नेपाल परिवार नियोजन संघ
धनुषा शाखा– जनकपुरधाम
शाखा सभा सम्बन्धि सूचना
प्रकाशित मितिः २०८१/०२/२२
नेपाल परिवार नियोजन संघ, धनुषा शाखाको ४४ औं शाखा सभा निम्न मिति, समय र स्थानमा हुने निश्चय भएकोले यसै सूचनालाई आधारमानी शाखा सभामा सहभागी भइदिन हुन सम्पूर्ण आजीवन तथा साधारण सदस्य ज्यूहरुमा हार्दिक अनुरोध छ ।
मितिः– २०८१ असाढ ७ गते शुक्रवार
समयः– बिहान ८ बजे
स्थानः– नेपाल परिवार नियोजन संघको सभा हल, जनकपुरधाम-४
सभापति

आउनुहोस ! पुण्यको भागी बन्नुहोस !!
शिव गंगा टुर्स एण्ड ट्राभल्सद्वारा संचालित
यही मिति २०८१/०२/१९ गते शनिवारका दिन
२×२ लकजरी भिडियोकोच बस खुल्ने गइरहेको छ ।
विशेष यात्रा
थालेवाली माई, नैमिसारण, बनारस, काशी विश्वनाथ ज्योतीलिंग, विन्धयाचल माई, अष्ठभुजी दुर्गा माता, प्रयागराज संगम स्नान, चित्रकोट चारधाम, राम घाट, सतिअन्सुइया, गुप्त गोदावरी, मन्दाकनी, कामतगरी, तुल्सीदास घाट, गुप्तेश्वर गंगा, बागेश्वर बालाजी धाम, विन्दावन, गोकुल, मथुरा, गोबरधन, वरसाना, नन्दगाउँ, श्री शनि देव मन्दिर अयोध्याधाम, गोरखपुर, गोरखनाथ दर्शन पुजा गर्दै जनकपुरधाम सम्मको ९ दिनको यात्राको लागि प्रति व्यक्ति रु. ७,५००/- भारु (दुई छाक भोजन समेत) भाडा लाग्ने जानकारी गराईन्छ ।
सम्पर्क

प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ८२७१०८६९९३ (भारत)




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रदेशको बेथिति हटाउ

संघीय सरकारका लागि कुनै एउटा दलको बहुमत नहुँदा सरकार अस्थिर रहेको छ। दुई वर्ष नपुग्दै तीन पटक संघीय गठबन्धन फेरबदल भएको छ। संघीय गठबन्धनमा हुने फेरबदलबाट संघीय सरकार मात्र नभई प्रदेश सरकार समेत प्रभावित हुँदै आएको छ । विगत पाँच वर्ष मधेश प्रदेशमा सत्ता परिवर्तन भएन् । तर गठबन्धन परिवर्तन भइ रहेका थिए । सरकारको नेतृत्व परिवर्तन नहुँदा विकास निर्माण राजनीतिक कारणले धेरै प्रभावित भएन् । यस पटक दुई वर्ष नपुग्दै कयौं पटक सरकारको नेतृत्व समेत परिवर्तनको प्रयास भएको छ । गठबन्धन त चार पटक नै परिवर्तन भइसकेको छ । मधेश प्रदेशमा राजनीतिक अस्थिरता बढेको कारण विकास निर्माणको कार्य अत्यधिक प्रभावित भएको छ। मधेश प्रदेशमा देखिएको राजनीतिक अस्थिरताको कारण सत्ताको नेतृत्व गरिरहेको जनता समाजवादी पार्टी(जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादव प्रमुख हुन्। उनको असीमित स्वार्थ र महत्वाकांक्षाले देश र प्रदेशको राजनीतिमा उथलपुथल हुँदै उनी स्वयं पतनोन्मुख देखिएको छ। राजनीतिक अस्थिरताको प्रभाव सबै क्षेत्रमा पर्नु स्वभाविक नै हो । राजनीतिले नै सबै क्षेत्रलाई डोर्‍याउने भएकाले हरेक क्षेत्रलाई प्रभावित पनि गर्छ। देशको स्थायी सरकारको रुपमा रहने कर्मचारी पनि मधेश प्रदेशमा स्थिर हुन सकेको छैन् । मधेश प्रदेशमा प्रमुख सचिव र सचिवहरु आउने जाने क्रम निरन्तर चलिरहेको छ। वर्तमान सरकारकै कार्यकालमा आधा दर्जन भन्दा बढी सचिवहरु हेरफेर भइसकेका छन् । नेपालमा कर्मचारीतन्त्र अझै सुदृढ नभएको कारण राजनीतिक उथलपुथलसँगै सबै क्षेत्र नराम्ररी प्रभावित हुने गरेको छ । राजनीतिक अस्थिरता भएको बेला पनि प्रशासनिक र विकासको काममा प्रभाव पार्ने कर्मचारीतन्त्र नै हो । मधेश प्रदेशमा सरकारले गति लिन नसक्नुमा कर्मचारीतन्त्र पनि अर्को कारण हो । डेढ वर्षमा आधा दर्जन प्रमुख सचिव नै आए, गए भए। सरदर एकजना सचिव तीन महिना मात्र रहेको देखिन्छ। त्यो तीन महिनामा पनि दुई महिना जति काठमाण्डु अथवा अन्यत्र नै रहेका थिए । यो सबै बेथितिको कारण प्रदेश सरकार भन्दा पनि संघीय सरकार हो । प्रदेश सरकारलाई कर्मचारी चलाउने अधिकार नहुँदा प्रमुख सचिव देखि सचिव सम्मले अटेर गरेका हुन् । काम गर्ने थलोको नियन्त्रण बाह्यबाट हुञ्जेल बेथिति हटन मुश्किल छ। प्रदेशको बेथिति हटाएर संघीयतालाई संस्थागत गर्न संघीय सरकारको भूमिका नै महत्वपूर्ण छ।

# भारतीय चुनाव बारे



**रोशन जनकपुरी**

यो लेख तपाँईले पढी रहँदा छिमेकी देश भारतमा लोकसभा चुनावका परिणामहरु आइरहेको हुने छ र त्यहाँको सरकारको लगाम पाँचवर्षको निम्ति कस्को हातमा हुने छ भन्ने छनक आइसकेको हुने छ। यो लेख लेखी रहँदासम्म (अर्थात चुनावी परिणाम सार्वजनिक हुने दिनभन्दा एक दिन पहिलेसम्म) भने सबैका आ आफ्ना दावी छन्। नरेन्द्र मोदी नेतृत्वको भाजपा निकट मानिने भारतका मूख्य धाराका मिडिया निकटका सर्वेक्षण समूह मध्ये प्रायः सबैको एक्जिट पोल (चुनावी परिणामबारे भविष्यवाणी)मा भाजपा अत्यधिक बहुमत सहित सरकारमा फर्कने दावी गरिएको छ । यो दावी भाजपा नेता तथा वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीको ' मोदी ग्यारेन्टी' बाला नारा 'अबकी बार, चार सय पार 'संग मिल्दो जुल्दो छ। र यसैलाई आधार बनाएर सरकार समर्थक निजी मिडियाहरु (विशेष गरेर आजतक, इन्डियाा टीभी, एवीपी, रिपब्लिक र न्युज ट्वेन्टी फोर जस्ता टीभी च्यानलहरु) परिणाम आउनुभन्दा पूर्व नै मोदी र भाजपा गठबन्धन (एनडीए)को विजय भैसकेको जस्तो प्रचार वातावरण बनाउँदैछन्, र विपक्षी इन्डिया गठबन्धन र यस्का नेताहरुको मजाक उडाउने काम गरिरहेका छन् । यस्ले भारतीय मूख्य धाराका मिडियाहरुको तटस्थता र निष्पक्षताको दावीलाई गलत साबितगर्छ । यसैले होला भारतीय काँग्रेसका नेता तथा भारतीय प्रधानमन्त्री मोदीका कट्टर राजनीतिक विरोधी राहुल गान्धी र मोदी विरोधी जमातले भारतमा मूख्य धाराका मिडियालाई 'मोदी मिडिया' र एक्जिट पोलहरुमा गरिएको भविष्यवाणीलाई 'मोदी पोल' भनिरहेका छन् ।

चुनाव परिणामबारे राहुल गान्धी लगायत 'इन्डिया' गठबन्धनकोपनि आफ्नै दावी छ। उनीहरुले यस पटक मोदी सरकार पराजित हुने र ५४३ सदस्यीय लोकसभामा आफूहरुले न्यूनतम् २९५ सीट जीतेर सरकार बनाउने अनुमानित दावी गरिरहेका छन् ।

यस्तै अनुमान बीच, यस पल्ट कठिन भएपनि कमजोर बहुमतसहित मोदी नेतृत्वको भाजपा गठबन्धनले सरकार बनाउन सफल हुने दावी गर्नेपनि एउटा जमात छ । मोदी नेतृत्वमा भाजपाको दक्षिणपन्थी सरकारले धर्मको नाममा भारतीय समाजलाई असहिष्णु र खण्डित गरेको तथा देशको समग्र राजनीतिक, आर्थिक र साँस्कृतिक लगाम 'क्रोनी क्यापिटलिज्म' (राष्ट्रिय पूँजीपति र वैदेशिक पूँजीपतिको संसर्गबाट विकसितनवउदारवादी पूँजीवादको एउटा विशिष्टरुप)को हातमा सुम्पेको भनेर मोदी र भाजपाका आलोचना गर्नेहरुमा समेत, झीनो बहुमत भएपनि मोदी तेस्रो पटक सरकार बनाउन सफल हुनेछन् भन्नेमा सहमती देखिन्छ ।

मोदी नेतृत्वको विगत दशवर्षमा भारतीय समाजमा बढदो आर्थिक असमानता, उच्च स्तरको कीर्तिमानी बेरोजगारी, अनियन्त्रित महँगी र 'हाइपर' भ्रष्टाचारको कारण बढदो जनआक्रोशमा भाजपा सरकार बनाउन कदाचित असफल भयो भने आश्चर्य नमान्नेको पनि कमी छैन। यद्यपि अहिलेको माहौल र सर्वशक्ति सम्पन्न भाजपाको आक्रामक चुनावी प्रस्तुती हेर्ने हो भने यो सम्भावना अत्यन्न न्यून देखिन्छ।

जनतामा अनेकौं निराशा र आक्रोशका बावजूद मोदी, यसपटकको चुनावमा पनि सफल हुने आकलन अन्तर्राष्टिय मिडियाहरुमा समेत पाइन्छ । झन्, अन्तर्राष्टिय मिडियाहरुमा त यस पटक मोदीले विगतभन्दापनि बढी बहुमतका साथ तेस्रो पटक प्रधानमन्त्रीको माला पहिरिने अनुमान गरिएको छ । मोदी र भाजपाप्रति आलोचनात्मक दृष्टिकोण राख्ने कतरको मिडिया समूह अलजजिराले 'मोदी म्याजिक : भारतीय एक्जिट पोलहरुले बीजेपीको कीर्तिमानी जीतको अनुमान गर्‍यो' भन्ने शीर्षकमा लेखेको छ : "सनिवार साँझ सार्वजनिक भएको एक्जिट पोलहरुमा देखाइएका सम्भावना अनुसार भारतका प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो तेस्रो कार्यकालको निम्ति अत्यधिक बहुमत सहित फेरी निर्वाचित हुनसक्छन् । मंगलवार ४ जुन (जेठ २२ गते) सार्वजनिक हुने परिणामहरुले एक्जिट पोलहरुलाई समर्थन गर्छन् भने (भारतमा)बढदो असमानता, उच्चस्तरको कीर्तिमानी बेरोजगारी र बढदो महँगाई जस्ता मुद्दाहरुबाट भारतीय जनता पार्टी जोगिएर सुरक्षित निस्कने मात्रै छैन, बरु २०१९को चुनावभन्दा राम्रो प्रदर्शन गर्नेछ।"

यी सबै चुनावी दावी र सम्भावनाहरुको सत्यता र असत्यता जेठ २२ गते चुनावी बाकस खुलेपछि नै प्रष्ट हुनेछ। एउटा कुरा के निश्चित छ भने विगत जस्तै यसपटकको चुनावमा पनि परिणाम भाजपा वा इन्डिया गठबन्धन मध्ये कसै एकको पक्षमा जाने नै छ।

यी दुई गठबन्धन (भाजपा नेतृत्वको 'एनडीए' र भारतीय काँग्रेस नेतृत्वको 'इन्डिया')को चरित्रमाथी विचार गर्ने हो भने भाजपा धार्मिक नवफासीवादी प्रवृत्तिको दक्षिणपन्थी पूँजीवादी राजनीतिक दल हो भने भारतीय काँग्रेस सहितको इन्डिया गठबन्धन नवउदारवादी पूँजीवादी चरित्रका पार्टीहरुको समूह हो । भाजपाले भारतीय समाजलाई संकीर्ण हिन्दु धार्मिकताको आधारमाजसरी साँस्कृतिक मनोवैज्ञानिक स्तरमा खण्डित गरेर पूँजीवादी अधिनायकत्वको जिम्मा लगाउँदै गैरहेको छ, त्यससंग तुलना गर्ने हो भाजपा गठबन्धन (एनडीए), भारतीय काँग्रेसको इन्डिया गठबन्धनभन्दा बढी खतरनाक देखिन्छ। तर जनपक्षधरता र जनहितको दृष्टिकोणले यी दुबै गठबन्धन समानरुपमा पूँजीवादी बुर्जुआ शोषणकारी राजनीतिक दलहरु नै हुन् ।

यी दुबै गठबन्धनले जनताको भजन गाउँदै र एक अर्कालाई अलोकतान्त्रिक र जनविरोधी, पूँजीवादी एजेन्टको आरोप लगाउने गरेपनि भारतमा हुने चुनावलाई संसारको सबैभन्दा ठुलो लोकतान्त्रिक देशको लोकतान्त्रिक उत्सवको रुपमा महिमागान गर्ने गर्छन्। यद्यपि यी दुबै पूँजीवादी पार्टीहरु यसै चुनावको माध्यमबाट सरकार र प्रतिपक्षी पार्टीको रुपमा संसदमा चुनिने गर्छन् र भारतीय सत्ताको प्रतिनिधित्व गर्छन्।

लोकतन्त्रबारे यो चुनावी परिभाषा ब्रिटिस साम्राज्यवादीहरुले भारत छाडेर जाने बेला पढाएर गएका हुन् । एउटा यस्तो चुनावी पद्धति, जस्मा परम्परागतरुपमा प्राचीनकालदेखि शासन गर्दै आएको वर्ग अहिलेपनि चुनिने गर्छ र लोकतन्त्र अर्थात आफ्नो तन्त्रको भ्रममा आम जनताले आफैले आफ्नो शोषण गर्नेहरुलाई आफूमाथी शासन गर्ने मतदान गर्छ। देशमा शिक्षक, प्राध्यापक र बौद्धिक समुदायको ठूलो जमात छ, जस्ले आर्थिक वृत्ति, पुरस्कार र राजकीय सम्मानको लोभमा यसैलाई लोकतान्त्रिक प्रक्रिया र परिणामको रुपमा प्रचारित गर्छ । यसै आधारमा प्राथमिकदेखि उच्चस्तरसम्मको पाठ्यक्रममा लोकतन्त्रलाई परिभाषित गरिन्छ, पढाइन्छ, जस्ले यसभन्दा पृथक विचारधारा र विकल्पहरुलाई गैरलोकतान्त्रिक र यस शोषणयुक्त चुनावी पद्धतिलाई लोकतान्त्रिक मान्ने भ्रमित शिक्षित पुस्ताहरुको निर्माण गर्छ।

यस दृष्टिकोणबाट, भारतीय लोकसभा चुनावको प्रक्रिया र सम्भावित परिणामलाई विचार गर्ने हो भने चुनाव जित्नलाई जनताको पक्षमा काम गर्नु, राजनीतिक इमान्दारी, नैतिकता, मानवीयता र जनवादीपना आवश्यक छैन । अहिलेको कथित लोकतान्त्रिक चुनावहरु लाखौं करोड लगानीमा गरिने विशुद्ध 'इभेन्ट म्यानेजिङ्ग प्रोग्राम' अर्थात प्रबन्धकीय कार्ययोजना जस्ता भएका छन् । जस्को इभेन्ट म्यानेजर र कार्यक्रमहरु जति भव्य, आक्रामक र कौशलयुक्त हुन्छ, त्यसले सफलता प्राप्त गर्छ। जनता र लोकतन्त्रको नाममा गरिने यस्ता मेगा इभेन्टको निम्ति चाहिन्छ : लाखौं करोडको आर्थिक स्रोत र स्रोत जुटाउने पूँजीपतिहरु, खर्च गरेर जुटाइएको भक्तभीडहरु, भ्रमित पार्नसक्ने धर्म, सम्प्रदाय, जाति र संकीर्ण राष्ट्रवादका भावोत्तेजक र आक्रामक नाराहरु, भव्य र आक्रामक रोड शोहरु, नेतालाई आवश्यक परेमा देवता, मसीहा, रक्षक र उद्धारकको स्तरमा पुर्‍याएर महिमागान गर्ने बौद्धिक जमातहरु, पण्डितहरु, मुल्लाहरु, श्रमणहरु, भन्तेहरु, फादरहरु, अनुकूल ब्युरोक्र्यासी र सुरक्षातन्त्रहरु। आम मानिस वा कुनै सामान्य जनमुखी राजनीतिक दलहरुले निश्चय नै यति ठुलो इभेन्ट म्यानेजमेन्ट गर्न सक्दैनन्।

> अर्थ राजनीतिकरुपमा (नेपाल) केही भिन्न भएपनि हामी यस्तै चुनावी लोकतन्त्रबाट रोगग्रस्त हुँदैछौं । निश्चय नै भारतको लोकसभा चुनावका परिणामले नेपालको राजनीतिक, सांस्कृतिक र आर्थिक परिदृश्यलाई प्रभावित गर्ने छ । यस्तोमा संघीय लोकतान्त्रिक गणतन्त्रका आधार समेत स्थिर हुन बाँकी नै रहेको अवस्थामा नेपालले एउटा समृद्ध देशको निम्ति आफ्नै विशिष्टताको लोकतन्त्र र लोकतान्त्रिक पद्धतिको विकास गर्नु पर्ने देखिन्छ । अन्यथा पुँजीवादी अधिनायकत्वको वर्तमान शासनको हिस्सा बन्नु बाहेक नेपाली जनताकोपनि कुनै भूमिका रहने छैन ।

तर चमत्कार के छ भने यस चुनावी लोकतन्त्रको कृत्रिमता नग्नरुपमा देखिएपनि आम जनता यस चुनावमा मतदान गरेर लोकतन्त्रको पर्वमा भागलिएको भनेर मख्ख पर्छ। ऊ यसै मध्येको कुनै एउटा पार्टीको निम्ति मर्न र मार्न तयार हुन्छ । धर्म जस्तो, जस्ले मानिसको भौतिक जीवनमा कुनैपनि परिवर्तन ल्याउँदैन, बरु सामाजिकरुपमा संकीर्ण नै बनाउँछ, आर्थिकरुपमा शोषण नै गर्छ, तरपनि धर्मभीडू मानिसहरु धर्मको निम्ति मर्न र मार्न तयार रहन्छन् । भाजपाले प्रत्यक्षरुपमा मानिसभित्रको यसै मनोविज्ञानलाई चरमोत्कर्षमा पुर्‍याएर आफ्नो राजनीतिक गोटी ' लाल' गर्न सफल भैरहेको छ। पहिलेका दक्षिणपन्थी र मध्यपन्थी पूँजीवादी लोकतान्त्रिक दलहरुले लोकतन्त्रलाई राष्ट्रवादसंग जोडेर चुनावलाई लोकतान्त्रिक उत्सवको रुपमा भ्रम सृजना गरे। एक पाइला अगाडी सरेर भाजपाले एकातिर धार्मिक प्रतीकहरुलाई लोकतान्त्रिक प्रतीकहरुमा प्रतिस्थापन र अर्कोतिर संकीर्ण मध्यकालीन धार्मिकतालाई, प्राचीन इतिहास र मिथको रुपमा अपव्याख्या गरेर, राष्ट्रवादको रुपमा परिभाषित गर्‍यो । यसले समाजमा विद्यमान जनजीवनका प्रत्यक्ष समस्याको ठाउँमा धार्मिक सांस्कृतिक भावनात्मक उत्तेजना र विभाजनको स्थितिको सिर्जना गर्‍यो । भाजपा यसै धार्मिक सांस्कृतिक कार्डको उपयोग गरेर चुनावी राजनीतिमा सफल हुँदै गैरहेको छ। यस भावनात्मक कार्डको प्रभाव कति छ भने आफूलाई धर्मनिरपेक्ष र उदारभन्ने भारतीय काँग्रेस लगायतका अन्य प्रतिपक्षी दलका नेताहरुपनि आफूलाई धार्मिक देखाउन पछि पर्दैनन् । वर्तमानको दक्षिणपन्थी राजनीति र बजारको गठबन्धनले समाजलाई अर्थराजनीतिक र अर्थसामाजिकस्तरमा कसरी विभाजित गर्दै गैरहेको छ, यसको यो सटिक उदाहरण हो । तर यी सबै गर्नलाई अकूत धनको आवश्यकता पर्छ, जहाँ आम मानिस र सामान्य जनपक्षीय राजनीतिक दलहरु असक्षम साबित हुनजान्छन्।

भारतमा यस पटकको चुनावमा पनि सरकारी तन्त्र र राजनीतिक दलहरुले अकूत खर्च गरे। राजनीतिक पार्टीहरुले कहाँबाट यति रकम जुटाए ? चुनाबी बौन्डको नाममा पूँजीपतिहरुसंग हजारौं करोडको अवैध चन्दाको चर्चापनि घनघोर चल्यो । भाजपालाई यस्तो चन्दा दिनेमा कयौं पूँजीपति यस्ता थिए, जस्ले आफ्नो वित्तीय हैसियतभन्दा बढी दिएका थिए। भन्नु परेन यी पूँजीपतिहरु आफूले चन्दा दिएका राजनीतिक दलको सरकार बन्यो भने आफूले सरकारबाट मनमाफिकको आर्थिक लाभ र सहुलियत प्राप्त अपेक्षा राखेका थिए। तात्पर्य के छ भने विगतका चुनाव जस्तै यस पटकपनि बजार, धर्म र राजनीतिको सबै कुरुपता र नकारात्मकता पूर्ण प्रभावका साथ अभिव्यक्त भयो। तरपनि परिणाम त आउँछ नै । जनता आ-आफ्नो गच्छे अनुकूलको परिणाममा खुशी र दुःख मनाउने छन् र यो चुनावी लोकतन्त्रको उत्सव पाँचवर्षको निम्ति विदा हुनेछ । यद्यपि यस चुनावपछि पनि आम जनताको हात शून्य नै लाग्ने छ।

वस्तुतः यस चुनावी पद्धति र लोकतन्त्रको चरित्रमा 'लोक'को हित अनुकूल परिवर्तनको आवश्यकता छ, जो चुनावी लोकतन्त्रको घनघोर भ्रमित प्रचारमा दबेको छ। आम श्रमजीविवर्ग, गरीब र निम्नमध्यमवर्गसम्मको निम्ति यो चुनावी लोकतन्त्र 'आकाशको फल, आँखा तरी मर' जस्तै छ, भनेर भनी रहनु पर्दैन । यसैले होला राष्ट्रिय जनता दलमा बौद्धिकको रुपमा परिचित एकजना राज्यसभा सदस्य मनोज झाले यस पटकको चुनावको सम्भावित परिणामलाई दृष्टिगत गरि 'भारतीय लोकतन्त्र स्वस्थ्य न रहेको' टिप्पणी गरेका छन् ।

अर्थ राजनीतिकरुपमा (नेपाल) केही भिन्न भएपनि हामी यस्तै चुनावी लोकतन्त्रबाट रोगग्रस्त हुँदैछौं । निश्चय नै भारतको लोकसभा चुनावका परिणामले नेपालको राजनीतिक, सांस्कृतिक र आर्थिक परिदृश्यलाई प्रभावित गर्ने छ । यस्तोमा संघीय लोकतान्त्रिक गणतन्त्रका आधार समेत स्थिर हुन बाँकी नै रहेको अवस्थामा नेपालले एउटा समृद्ध देशको निम्ति आफ्नै विशिष्टताको लोकतन्त्र र लोकतान्त्रिक पद्धतिको विकास गर्नु पर्ने देखिन्छ । अन्यथा पुँजीवादी अधिनायकत्वको वर्तमान शासनको हिस्सा बन्नु बाहेक नेपाली जनताकोपनि कुनै भूमिका रहने छैन। चेतना भया।

# अस्पतालको सेवा लिन लामो समय कुर्नुपर्ने समस्या समाधानका उपायहरु



**दीर्घराज श्रेष्ठ**

नेपालको संविधानले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ। साथै नेपालले अन्तर्राष्ट्रिय रुपमा दिगो विकासको लक्ष प्राप्त गर्नको लागि अङ्गिकार गरेको "स्वास्थ्यमा सर्बब्यापी पहुँच" सम्बन्धी सिदान्तलाई राष्ट्रिय स्वास्थ्य नीति २०७६ र नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना २०७९/८० - २०८७/८८ ले पनि मार्गदर्शनको रुपमा लिएको छ। यस सिद्धान्त अनुरुप सबै व्यक्तिहरुले सबै प्रकारका गुणस्तरीय स्वास्थ्य सेवाहरु लिनको लागि आर्थिक रुपमा कुनै ब्ययभार नपर्ने किसिमले पाउनुपर्दछ।

त्यसैगरि नेपालमा जनस्वास्थ्य सेवा नियमावली २०७७ ले आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट तोकिएका स्वास्थ्य संस्थाहरुबाट निशुल्क रुपमा प्रदान गरिने उल्लेख गरिएको छ। नेपालको संविधान, ऐन, नियमावली, नीति तथा योजनाहरुमा उल्लेख गरिएका स्वास्थ्य सम्बन्धी यी व्यवस्थाहरु ज्यादै राम्रा छन्। तर माथि उल्लेख गरिएका हक र अधिकारहरु वास्तविक रुपमा कार्यान्वयन हुन सकिरहेको छैन। हुन त यसको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले केही प्रयासहरु गरिरहेको छ तर यस्ता प्रयासहरु जनताहरुको आवश्यकताको आधारमा ज्यादै न्यून मात्र रहेको छ।

जनताहरुले भोग्नु परेका स्वास्थ्य समस्याहरुमध्ये अस्पतालहरुमा सेवाको लागि लामो समय कुर्नुपर्ने समस्या पनि एउटा हो। यो समस्या बहिरङ्ग सेवा, भर्नाको लागि, शल्यक्रिया गर्न र सेवाको क्रममा विभिन्न जाँचपडताल गर्नको लागि पनि हो। एक जना गाँउबाट आएका व्यक्तिले काठमाडौं वा प्रदेश तहहरुमा भएका ठुला अस्पतालहरुमा सेवा पाउनको लागि हाम्रो हालको संरचना, प्रक्रिया र व्यवस्था अनुसार ठुलो मिहेनत गर्नु पर्दछ। जबकी आफनो मान्छे भएका चिने जानेका र राजनितिक ब्यक्तिहरुको लागि यस्ता सेवाहरु तुरन्तै पाउँछन्। साथै पैसा बोकेर निजि असपतालमा गएमा सरकारी अरुपतालमा काम गर्ने चिकित्सकलेनै सकेसम्म चाँडो गरिदिन्छ।

सायद यो अबस्थालाई सुधार गर्नको लागि हालका स्वास्थ्य तथा जनसंख्या मन्त्रीद्वारा सरकारी अस्पतालमा बिरामीले समयमै उपचारका लागि पालो नपाएको र शल्यक्रियाको लागि वर्षौ पालो कुर्नुपर्ने लगायतका समस्याहरुको समाधानका लागि एउटा समिति गठन गरिएको छ। हुनत नेपालमा यस्ता स्वास्थ्य समस्याहरुको लागि समिति गठन गर्नु कुनै नौलो होइन र यस्ता समितिहरुले दिने सल्लाह र सुझाबहरुको कार्यान्वयन हुन्छ भन्न पनि गाहे छ। ता पनि नया मंत्रीज्यूको प्रयासको लागि धन्यवाद दिँदै यस बारेमा आफु स्वास्थ्य क्षेत्रमा लामो समयसम्म कार्य गरेको ज्ञान, अनुभवका नाताले म केही सुझावहरु दिन चाहन्छु। यो समस्याको समाधान एउटा मात्र उपायले गर्न सकिन्न र यो समस्या आजभोलिको मात्र नभएर वर्षौ अगाडिदेखि भएकोले समाधान गर्नको लागि धेरै प्रयासको आवश्यकता पर्दछ। यहाँ समस्या समाधानको लागि केही सुझावहरु दिन चाहन्छु।

### चिकित्सकले सरकारको नियम अनुसार ठीक समय र अवधि काम गर्ने

यो सुझाव सुन्दा अचम्म लागेता पनि वास्तविकता यही हो। हाम्रा चिकित्सकहरु बिहान विभिन्न आफ्ना केही निजि क्लिनिक वा अस्पतालहरुमा धाएर सरकारी अस्पतालमा प्राय ढिलै आउछन्। यो सबैलाई जगजाहेर छ। यत्ति मात्र नभएर अस्पतालमा हाजिर गरि एक दुई जना बिरामी जाँचेर वा सेवा दिएर कति छिटो आफ्नो अर्को निजि क्लिनिक वा अस्पतालमा जान हतार हुन्छ। केहीले त सरकारी अस्पतालमा बस्दाबस्दै निजी क्लिनिकमा भर्ना गरिरहेका आफ्ना बिरामीहरुको लागि सल्लाह सुझाबहरु फोनबाटनै दिन भ्याउछन्। यसो गर्नु उहाँहरुको रहर नभएर बाध्यता भएता पनि यो ब्यबहार जनताहरुको लागि राम्रो होइन। त्यसैले सकिन्छ भने चिकित्सक, नर्स र अन्य सेवा प्रदायकहरुले सरकारको नियम अनुसार ठीक समय अबधिको लागि (बिहान १० देखि ५ बजे सम्म) निर्धक्क काम गर्ने वातावरण बनाउन सकेमा पनि धेरै मात्रामा समस्याको समाधान हुन सक्छ।

चिकित्सक र स्वास्थ्य समस्याको तह अनुसार बिरामीको उचार गर्ने व्यवस्थाः नेपालमा कस्ता बिरामीहरु कुन तहका स्वास्थ्य संस्थाहरुमा पहिला जाँच्ने ? कस्तालाई रेफर गर्ने ? केही नियम छैन। यसतो नियम नभएकोले सामान्य बिरामी भएकाहरुले पनि विशेषज्ञ चिकित्सकबाट सेवा लिन प्रयास गर्छन। यसले गर्दा विशेषज्ञ चिकित्सकबाट बिशेष प्रकारका स्वास्थ्य समस्याहरुको समाधानको लागि कम समय पाउँछन्। जबकी तल्लो तहमा काम गर्ने स्वास्थ्य कार्यकर्ताहरुले दिनको एक दुई जनालाई सेवा दिएर समय कटाएर बस्छन्। यसको लागि अन्य देशहरुमा जस्तै कुनै ब्यक्तिलाई स्वास्थ्य जाँच गर्नको लागि पहिला आफ्नो क्षेत्रमा भएको स्वास्थ्य संस्थाका स्वास्थ्य कार्यकता वा चिकित्सकबाट उपचार गरेर आबस्यकता अनुसार मात्र विशिष्टकृत सेवाको लागि विशेषज्ञ चिकित्सककोमा प्रेषण गर्ने परिपाटीको विकास गर्न सकेमा पनि यो समाधान गर्न मदत पुग्न सक्छ। यसतो नियमले सबै तहका स्वास्थ्य संस्थाहरुले समान काम पाउछन भने जिम्मेवारी पनि बढछ।

### टेलिमेडिसिन सेवाको विस्तार

संघ र प्रादेशिक अस्पतालमा विशेषज्ञ चिकित्सककोमा अनाबश्यक भिड कम गर्नको लागि आधारभुत अस्पताल र संघ वा प्रादेशिक अस्पतालको बिचमा कुनै प्राविधिक सरसल्लाहको आबश्यकता भएमा विशेषज्ञ चिकित्सकबाट टेलिमेडिसिनको माध्यमबाट सरसल्लाह र सुझाब दिने व्यवस्था मिलाउनु फलदायी हुन्छ। यसले सानो समस्याको लागि पनि संघ र प्रादेशिक अस्पतालमा विशेषज्ञ चिकित्सककोमा आउनु पर्ने बाध्यतामा कमी ल्याउन सकिन्छ। साथै यसले आधारभुत अस्पताल वा स्वास्थ्य संस्थाहरुमा काम गर्ने चिकित्सक वा अन्य स्वास्थ्य कार्यकताहरुको ज्ञान र शिपको बृद्धि हुनुको साथै संस्थाहरु प्रति सर्बसाधारणहरुको बिश्वास बढछ।

### अस्पतालको औजार उपकरणको उचित व्यवस्थापन

कुनै अस्पतालमा चिकित्सकले सेवा दिन चाहेता पनि औजार उपकरण प्रयाप्त मात्रामा नभएर वा भएको पनि बिग्रिएर सेवा दिनको लागि ढीलाई हुने गरेको प्रशष्त उडाहरणहरु छन्। त्यसैले अस्पतालमा आबश्यक औजार उपकरणहरुको व्यवस्था र बिग्रिएमा तुरन्त मरम्मत र बिग्रिन नदिनको लागि समय समयमा प्राबिधिकबाट जाँच गर्ने व्यवस्था गर्न आबश्यक छ।

### अस्पताल भित्रको वातावरण सेवाग्राही मैत्री बनाउने

धेरै जसो अस्पतालहरु सेवाग्राही मैत्री छैनन्। दर्ता गर्ने ठाँउमा जान र त्यस पछि सेवाको लागि सेवाग्राहीलाई आफूलाई आवश्यकता परेका ठाउमा जानको लागि सुचना, चिन्ह, ठाँउ ठाँउमा सहयोग गर्ने व्यक्ति वा स्वयंसेवकहरु राख्न सकेमा सेवा लिन र दिन सहज हुन्छ। साथै अस्पताल भित्र विभिन्न समान प्रकारका स्वास्थ्य सेवा संग सम्बन्धीत सेवा प्रदान गर्ने इकाईहरु नजिकै र एक आपसमा समन्वय भएमा सेवाग्राहीले चाँडो सेवा पाउन सक्छ र यसले सेवाग्राहीहरुको अस्पतालको बसाई कम भएर भिडको कमी हुन्छ।

### आधुनिक संचार र प्रविधिको प्रयोगमा विस्तार

आजभोलि विभिन्न देशहरुमा आधुनिक संचार र प्रविधिको प्रयोगले अस्पाताल र सेवाग्राही बिचको सम्बन्धमा सुचना र सेवा लिन र दिनको लागि धेरै सजिलो भएको छ। आजभोलि अधिकांस ब्यक्तिको हातमा मोबाइल र स्वास्थ्य संस्थाहरुमा कम्प्युरको सुबिधा भएता पनि यस्ता आधुनिक साधनहरुको प्रयोगले सेवाको पहुँच बढाउनको लागि मदत लिन सकिरहेको छैन। आजभोलि पनि अस्पतालहरुमा भौतिक रुपमा लाइन लागेर दर्ता गर्नुपर्ने, रीपोट लिन देखाउनु पर्ने, पैसा तिर्नु पर्ने, मौखिक रुपमा औषधि र स्याहारको बारेमा भन्ने ब्यबहार कायम छ। यस्ता सेवाहरुमा आधुनिक संचार र प्रबिधिको प्रयोग गरेर छिटो र छरिटो बनाउन सकिन्छ।

### सरकारी अस्पतालमा काम गर्ने चिकित्सक लगायत अन्य प्राबिधिकहरुलाई निजि क्षेत्रमा काम गर्न बन्देज

यो विषय ज्यादै उपयोगी भएता पनि पेचिलो छ। यस विषयमा धेरै छलफल भएता पनि कार्यान्वयन हुन सकिरहेको छैन। तर आजभोलि धेरै निजि र गैरसरकारी संस्थाहरुमा काम गर्ने सर्तको रुपमा अन्य ठाउमा काम गर्न बन्देज लगाउन सक्छ भने सरकारले किन सक्दैन ?

### आवश्यक जनशक्तीको लेखाजोखा गरि सोही अनुसार परिपुर्ती गर्ने


धेरैजसो अस्पतालहरुमा एक दशक भन्दा पनि पहिलाको जनशक्तीको दरबन्दी अनुसार कार्य भैरहेको छ। समस्याको मुल कारण यो पनि हो। अस्पतालहरुको बिरामीको चाप र भौतिक संरचना र कामको आधारमा के कति जनशक्तीको आवश्यकता छ सोको लेखाजोखा गरेर आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक र अन्य स्वास्थ्य कार्यकर्ताहरुको परिपुर्ति गर्नु महत्वपुर्ण छ। माथि उल्लेख गरिएका समाधानका उपायहरु बाहेक, विशेषज्ञ चिकित्सकलाई आफ्नो विषय बाहेक अन्य प्रशासनिक कार्यमा नलगाउने, बिरामी हुनबाट बचाउन स्वास्थ्य प्रबर्धन र रोकथामका कार्यक्रमहरुको संचालन र चिकित्सकहरुले स्वास्थ्यको जाँच र उपचार गर्दा तथ्य र असल ब्यबहारमा आधारीत प्रोटोकल अनुसार सेवा दिन सकेमा पनि समस्याको समाधान गर्न मदत पुग्ने छ।

*(जनस्वास्थ्य विषयमा स्नातकोत्तर दीर्घराज श्रेष्ठ फ्री ल्यान्सर हुन्।)*

# जनताको साथ भएपछि लोकतन्त्रले दीर्घायु प्राप्त गर्छ : नेता बडू

काठमाण्डु। नेपाली कांग्रेसका नेता दिलेन्द्रप्रसाद बडूले मुलुकमा गणतन्त्र प्राप्तिपछि सडक पूर्वाधारका अतिरिक्त शिक्षा, स्वास्थ्य र सञ्चार प्रविधिका क्षेत्रमा धेरै प्रगति भएको बताउनुभएको छ।

गणतन्त्र दिवस, २०८१ का अवसरमा राष्ट्रिय समाचार समिति (रासस) द्वारा आयोजित तस्बिर प्रदर्शनीको सोमबार अवलोकनपछि प्रतिक्रिया दिँदै नेता बडूले गणतन्त्रपछि पूर्वाधार विकासमा भएका कामलाई एक ठाउँमा राखेर सबै जनतालाई जानकारी दिने गरी आयोजना गरिएको तस्बिर प्रदर्शनी आफैँमा महत्वपूर्ण रहेको बताउनुभयो । पूर्वमन्त्री बडूले भन्नुभयो, "राससले तस्बिर प्रदर्शनी राखेर धेरै महत्वपूर्ण काम गरेको छ । गणतन्त्रपछि केही भएन भन्ने आवाज उठिरहेका बेला त्यसो होइन, केही भएको छ भन्ने तस्बिरबाट नै स्पष्ट छ।"



पूर्वपश्चिम सडक पूर्वाधार अलिअघिदेखि भए पनि चौडा गर्ने काम धमाधम भइरहेको उल्लेख गर्दै उहाँले उत्तरदक्षिण करिडोरले पनि विगतको भोगाइ र हिँडाइलाई कम गरेको विचार प्रकट गर्नुभयो । गणतन्त्र र सङ्घीयतापछि गाउँगाउँमा सडक सञ्जाल विस्तार भएको भन्दै पूर्वमन्त्री बडूले सङ्घीयतामार्फत गाउँमा नजिकको सरकार पाएको र अनुभूति हुने गरी विकासका काम अघि बढिरहेका धारणा राख्नुभयो।

उहाँले भन्नुभयो, "विगतमा दार्चुलाका विभिन्न गाउँमा पुग्न ३५ दिनसम्म लाग्ने गरेकामा अहिले घटेर पाँच दिनमा सीमित भएको छ । स्थानीय तह सङ्घीयताको जग भएकाले जनताको साथ पाइरहेको छ । जनताको साथ परिर्वतनसँग जोडिएपछि दीर्घायु प्राप्त गर्छ ।"अहिलेसम्मको उपलब्धिलाई हेर्ने हो भने अब केही हुन्छ भन्ने भरोसा मिलेको उल्लेख गर्दै नेता बडूले पछिल्लो समय मुलुकभर नै सन्तुलित विकासका पूर्वाधार बनिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यसलाई अझ गति दिनुपर्छ। चाँडो जनतालाई परिवर्तनको प्रत्याभूति दिनुपर्नेछ । त्यसकारण हामीले परिवर्तनलाई जनस्तरसम्म पुर्‍याउनुपर्छ।"रासस

# 'विपत्तिका बेला नागरिकको ज्यान जोगाउन ऐनकानुन नखोजौँ'

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले विपत्तिका बेला नागरिकको ज्यान जोगाउने महत्वपूर्ण दायित्व विद्यमान ऐनकानुनका कारण जटिल भएको भन्न नमिल्ने बताउँदै विपद् व्यवस्थापनमा ढिलासुस्ती गर्न नपाइने उल्लेख गर्नुभएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सोमबार भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकमा उहाँले नियम, कानुन, कार्यविधि, काम गर्नका लागि भएकाले तिनले अधिकार प्रत्यायोजन गरेका छैनन् भनेर केही हुननसक्ने बताउँदै यो वर्षको मनसुन अगावै विपद् व्यवस्थापनसम्बन्धी जटिल नीतिनियम कार्यविधिले सच्च्याउन निर्देशन दिनुभयो । विपद्का बेला पत्रकार तथा स्वयंसेवकका लागि पनि जोखिम हुने भएकाले विपद् क्षेत्रमा जाँदा आवश्यक तालिम दिन जरुरी रहेको उहाँले उल्लेख गर्नुभयो ।

बैठकमा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले आफ्नो मन्त्रालयबाट हुनुपर्ने काममा कुनै कमी हुन नदिने प्रतिबद्धता जनाउनुभयो । स्थानीय तहले पाउने बजेट रोकिँदा



विपद् व्यवस्थापनका काम रोक्न नहुनेमा जोड दिनुभयो । उहाँले त्यस्ता कानुन, कार्यविधिले व्यवधान भएको भए आफूलाई जानकारी दिन अनुरोध गर्दै मन्त्री लामिछानेले कानुनी एवं प्रक्रियागत जटिलता सरकारले अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । 'ऐननियमले दिँदैन भनेर विपत्तिका बेला राहत र उद्धारका काममा ढिलासुस्ती गर्न पाइँदैन ।"

गृहमन्त्रीले विपद्मा नागरिकको ज्यान जोगाउने जस्तो महत्वपूर्ण काम अरू उनीहरु आन्दोलित भएका जानकारी दिँदै उहाँले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवले गृह मन्त्रालयसँगको समन्वयमा यथासक्य चाँडो बैठक गरेर स्वास्थ्यसम्बन्धी पूर्वतयारी गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । गृहमन्त्री अध्यक्ष रहेको उक्त बैठकले संशोधनसहित मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८१ स्वीकृत गरेको छ ।रासस

# लोकतन्त्रले थिचोमिचो स्वीकार्दैन : पूर्वराष्ट्रपति डा यादव



काठमाण्डु । पूर्वराष्ट्रपति डा रामवरण यादवले लोकतान्त्रिक गणतन्त्रको उपलब्धि बहुआयामिक रहेको बताउनुभएको छ ।

गणतन्त्र दिवस, २०८१ का अवसरमा राष्ट्रिय समाचार समिति (रासस) द्वारा आयोजित तस्वीर प्रदर्शनीको सोमबार अवलोकनपछि प्रतिक्रिया दिनुहुँदै पूर्वराष्ट्रपति डा यादवले संसारमा भएका शासन प्रणालीमध्ये सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था नै सबैभन्दा उत्कृष्ट रहेको बताउनुभयो । जनताको आन्दोलनको उपलब्धिका रुपमा रहेको गणतन्त्रलाई संस्थागत गर्ने कार्य जिम्मेवारीका साथ अघि बढिरहेको उल्लेख गर्दै उहाँले यस व्यवस्थालाई बलियो तुल्याउन खम्बाका रुपमा राजनीतिक दलले सहमति, समन्वय र सुझबुझपूर्णरुपमा काम गर्नुपर्नेमा जोड दिनुभयो ।

गणतन्त्र प्राप्तिपछि मुलुकका विभिन्न क्षेत्रमा सुरुङमार्गलगायत विकास निर्माणले तीव्रता पाएको उल्लेख गर्दै पूर्वराष्ट्रपति डा यादवले भौतिक विकाससँगै नवीनतम प्रविधिको विकासले देश र संसारलाई जोडिरहेको बताउनुभयो ।उहाँले भन्नुभयो, "गणतन्त्रपछि शिक्षा र स्वास्थ्यका क्षेत्रमा विस्तार भएको छ। तरपनि गुणस्तरीय शिक्षामा भने हामीले जोड दिनुपर्नेछ । जनप्रतिनिधिको ध्यान त्यसमा हुनुपर्छ।" राजनीतिक व्यवस्थापनसँगै आर्थिक व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण रहेको उल्लेख गर्दै उहाँले द्वन्द्व भएको मुलुकमा आर्थिक व्यवस्था राम्रो भएन भने पुनरावृत्ति हुनसक्ने पाटोमा ध्यान पुर्‍याउनुपर्छ भन्नुभयो।

जुन देशमा शिक्षाको विकास हुन्छ त्यो देश अरु क्षेत्रमा योजनाबद्धरुपमा अघि बढ्ने उल्लेख गर्दै पूर्वराष्ट्रपति डा यादवले राजनीतिक, आर्थिक र सामाजिक विकासले लोकतन्त्रको गतिलाई निर्धारण गर्छ भन्नुभयो । उहाँले भन्नुभयो, "विगतमा द्वन्द्व भयो, दलको सहमतिमा संविधान बनाउने काम भयो, संविधान जारी गर्ने क्रममा केही असन्तुष्टि व्यक्त भए, पछि आएर सबैले संविधान मान्दै आफ्ना कुरा उठाइरहेका छन् । यो नै लोकतन्त्रको सबैभन्दा ठूलो उपलब्धि हो ।"

लोकतन्त्रको जहाज जस्तो चुनौतीका बाबजूद पनि परिपक्क ढङ्गले अघि बढिरहेको भन्दै पूर्वराष्ट्रपति डा यादवले लोकतान्त्रिक व्यवस्थामा हतारमा काम र छिटो परिणाम प्राप्त नहुने भएकाले राजनीतिक दलको दुरदर्शिताको खाँचो औँल्याउनुभयो । पूर्वराष्ट्रपति डा यादवले भन्नुभयो, "गणतन्त्र प्राप्तिपछि आर्थिक पाटोमा धेरै गर्न नसके पनि भौतिक उपलब्धि भने धेरै भएको छ ।" लोकतन्त्र पारदर्शी व्यवस्था भएकाले संविधान, कानुन र विधिअनुसार चल्ने उल्लेख गर्दै उहाँले लोकतन्त्रले थिचोमिचो स्वीकार नगर्ने भएकाले विधिको शासन खोज्छ भन्नुभयो ।

"लोकतन्त्रको गाडी सुस्त हुने भएकाले विस्तारै अघि बढ्छ। लोकतन्त्रलाई व्यवस्थित गर्दै आर्थिक र सामाजिक व्यवस्थालाई अघि बढाउनुपर्छ", उहाँले भन्नुभयो । ठूलो बलिदानीबाट महत्वपूर्ण उपलब्धिका रुपमा लोकतन्त्र आएकाले लोकतन्त्र फलाउने र फुलाउने काममा सहभागी हुन पूर्वराष्ट्रपति डा यादवले सबै तह र तप्काका नागरिकलाई आह्वान गर्नुभयो ।रासस

# 'देश र जनतालाई ध्यानमा राखेर बजेट आएको छ'

काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरुले यही जेठ १५ गते अर्थमन्त्री वर्षमान पुनद्वारा प्रस्तुत बजेट देश र जनतालाई केन्द्रमा राखेर आएको बताएका छन् ।

बैठकमा आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा भाग लिँदै सांसद सूर्यप्रसाद ढकालले पैसाको अभावभन्दा पनि सोच, विधि, इमान्दारिता र इच्छाशक्तिको कमी भएको बताउनुभयो ।सांसद छिरिङ लामा तामाङले विगतको तुलनामा यस पटकको बजेट उत्कृष्ट रहेको बताउनुभयो । उहाँले मधेसलाई कृषिको हब, कर्णालीलाई जडीबुटी तथा सुदूरपश्चिमलाई सांस्कृतिक हब बनाइने बजेटमा उल्लेख गरेको बताउनुभयो ।

सांसद डा चन्द्रकान्त भण्डारीले उत्पादन र रोजगारीका कुरालाई सोचेअनुरुप बजेटमा आउन नसकेको बताउनुभयो । उहाँले निर्माणाधीन विकासका पूर्वाधार सम्पन्न हुन समय लाग्ने बताउनुभयो ।सांसद नागिना यादवले अर्थतन्त्र सुधार्न बजेटले बढावा नदिएको तथा करको दायरा र सुविधा तथा स्थिरताको सन्देश दिन नखोजेको पाइएको बताउनुभयो । सांसद लालप्रसाद सावाँ लिम्बूले राजस्व सङ्कलनको लक्ष्य प्राप्तिका लागि करदाता शिक्षा बढाउनुपर्ने, राजस्व चुहावटको नियन्त्रण गर्नुपर्ने, राजस्व प्रशासनको क्षमता अभिवृद्धि गर्नुपर्ने, राजस्व प्रणालीमा सुधार गर्नुपर्ने तथा करको दायरा बढाउनुपर्ने सुझाव दिनुभयो ।

सांसद सपना राजभण्डारीले लिखितरुपमा जति नै राम्रो बजेट आए पनि यसले सर्वसाधारणलाई छुन नसकेको र बजेट बनाउँदा घोषणा गरिएका कार्यक्रमको कार्यान्वयनमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । सांसद नैनकला थापाले विकास खर्च र चालु खर्चमा खाडल देखिएको र सीमित साधनस्रोत मात्र प्रयोग गरेर धेरै खर्च नगरिकन हुने क्षेत्र मूल्याङ्कन गरेर त्यसलाई बढी प्राथमिकतामा राखेर ल्याउनसके राम्रो हुने बताउनुभयो ।

सांसद मैना कार्कीले बजेटमा युवा विदेश जानबाट रोक्ने, राष्ट्रिय गौरवका आयोजना र निजी क्षेत्रलाई समेटने कार्यक्रम नभएको बताउनुभयो ।सांसद किरणकुमार साहले बजेटले पूर्वाधार विकासलाई प्राथमिकता दिएको उल्लेख गर्दै पूर्वाधार परियोजनामा लगानी गरेर रोजगारी सिर्जना गरेर अर्थतन्त्रलाई बढावा दिनसकिने बताउनुभयो ।

सांसद देवप्रसाद तिमिल्सिनाले बजेट नेताका पक्षमा मात्र आएको तर किसान, मजुदर र कर्मचारीको पक्षमा नआएको धारणा राख्नुभयो । सांसद नारायणप्रसाद आचार्यले कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी र पर्यटन तीन वर्षको नमुना तयार पार्नुपर्ने आगामी १० वर्षको नमुना तयार पारेर आवश्यक क्षेत्र पहिचान गरी लगानी गर्नुपर्ने सुझाव दिनुभयो ।सांसद मनबहादुर गुरुङले पूर्वाधार र उत्पादन बढाउन पुँजीगत खर्च बढाउनुपर्ने धारणा राख्नुभयो ।

सांसद बिजुला रायमाझीले बजेट ल्याउने नियमित प्रक्रिया भएको र अब प्रश्न कार्यन्वयनको रहेको बताउनुभयो ।सांसद हरि ढकालले बजेटमा कुनै नयाँपन नदेखिएको उल्लेख गर्दै सांसदहरुले उठाएका विषय बजेटमा समावेश नगरिएको बताउनुभयो ।आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल मङ्गलबार पनि जारी रहने छ। प्रतिनिधिसभाको अर्को बैठक यही जेठ २२ गते मङ्गलबार बिहान ११ बजे बस्नेछ ।रासस

# राष्ट्रिसभामा राजस्व र व्ययमाथि छलफल जारी

काठमाण्डु । राष्ट्रियसभाको सोमबारको बैठकमा आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल सोमबार पनि जारी रहेको छ।

राष्ट्रियसभाको सोमबारको बैठकमा उक्त छलफलमा बजेटले निजी क्षेत्र, कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा क्षेत्रमा राम्रो भएको र कार्यान्वयन गर्ने पाटोमा ध्यान दिनुपर्ने सुझाव दिनुभएको थियो ।

नेकपा (माओवादी केन्द्र) का सांसद विष्णुबहादुर विश्वकर्माले कृषिमा आत्मनिर्भर बनाउन, कृषिमा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम ल्याएको हुनाले समग्रमा राम्रो बजेट ल्याएको बताउनुभयो ।नेकपा (एमाले) का सांसद सुमित्रा विसीले बजेट आफैमा राम्रो भए पनि सोचेअनुरुप स्वदेशमै रोजगार र युवालाई स्वदेशमै राख्ने खालको आशावादी काम नभएको बताउनुभयो । नेकपा (एमाले) का सांसद सोनाम गेल्जेन शेर्पाले देशको दिगो विकास र सङ्घीय प्रणालीलाई सुधार गर्ने खालको बजेट भए पनि सङ्घीयता सबलीकरणमा ध्यान दिन जरुरी भएको बताउनुभयो ।

नेकपा (एकीकृत समाजवादी) का सांसद गोमादेवी तिमल्सिनाले सरकारले नीति ल्याउँदा राम्रो ल्याए पनि युवाहरुलाई धितो राखी राखी विदेश पठाउने काम आफूलाई ठीक नलागेको सुझाव दिनुभयो । नेकपा (माओवादी केन्द्र) का तारामान स्वाँरले आर्थिक, सामाजिक र सांस्कृतिक पक्ष सबैलाई समेटिएको भए पनि सुदूरपश्चिममा आशा जगाउने खालको नभएको बताउनुभयो ।नेपाली कांग्रेसका सांसद विष्णुदेवी पुडासैनीले सरकारले नयाँ रोजगारीका उद्योगहरुको सञ्चालन गर्ने र दैनिक विदेशिएका युवालाई स्वदेशमा रोक्ने खालको बजेट भएको बताउनुभयो ।

नेकपा (एकीकृत समाजवादी) का सांसद मदनकुमारी शाह गरिमाले सुदूरपश्चिमलाई हेर्ने दृष्टिकोण बजेटमा राम्रो नभएको र युवालाई रिट दिएर विदेश पठाउने काम राम्रो नभएको बताउनुभयो ।नेपाली कांग्रेसका सांसद युवराज शर्माले बजेटले प्राथमिकता र रुपान्तरणमा ध्यान दिएको नदेखिएको र पर्यटकको क्षेत्रमा समेत उल्लेखनीय बजेट नभएको सुझाव दिनुभयो । नेकपा (एमाले) का सांसद रुक्मिणी कोइरालाले सरकारले ल्याएको बजेट समृद्ध नेपाल र सुखी नेपालीको सङ्कल्प पूरा गर्ने खालको भएको र अर्थतन्त्रको सुधार गर्ने खालको भएको बताउनुभयो ।

नेकपा (माओवादी केन्द्र) का सांसद मनरुपा शर्माले नीति क्षेत्रको मनोबल बढाउने, सार्वजनिक सेवालाई प्रभावकारी बनाउने खालको भएको र बजेटले समग्र देश तथा देशबासीको हितमा रहेको धारणा राख्नुभयो । नेकपा (माओवादी केन्द्र) का सांसद कृष्णप्रसाद अधिकारीले सूचना प्रविधि, उद्योगिक विकास, शिक्षा स्वास्थ्य सबै क्षेत्रमा बजेटले मार्ग कोरेको बताउनुभयो ।रासस

# गणतन्त्र प्राप्तिपछि मुलुक विकास र समृद्धिको बाटोमा : पर्यटनमन्त्री तामाङ

काठमाण्डु । संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले गणतन्त्र प्राप्तिपछि मुलुक आर्थिक विकास र समृद्धिको बाटोमा अगाडि बढेको बताउनुभएको छ।

गणतन्त्र दिवस २०८१ का अवसर पारेर राष्ट्रिय समाचार समिति (रासस)ले आयोजना गरेको 'गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार' शीर्षकको तस्बिर प्रदर्शनीको अवलोकनपश्चात् उहाँले गणतन्त्रपछिको उपलब्धिसँग सम्बन्धित तस्बिर प्रदर्शनीले वर्तमान अवस्थाको तस्बिर दिने काम भएको उल्लेख गर्नुभयो ।

"राससले जुन विषयवस्तुलाई समेटेर फोटो प्रदर्शनी गरेको छ, विषयवस्तु छनोट गर्ने क्रममा यहाँहरुले धेरै मेहनत गर्नुभएको छ", पर्यटनमन्त्री तामाङले भन्नुभयो, "एक प्रकारको निराशावादी र ध्वङ्सात्मक चेतका विरुद्ध एउटा रचनात्मक र सिर्जनात्मक सोच र चेतना दिने प्रयत्न प्रदर्शनीले दिएको छ, यी सबै कुरा हेर्दा यो तस्बिर प्रदर्शनीले वर्तमान अवस्थाको तस्बिर दिने काम भएको छ, जुन ज्यादै सराहनीय र प्रशंसायोग्य छ।"

पर्यटनमन्त्री तामाङले सङ्घीय लोकतान्त्रिक गणतन्त्र आइसकेपछि व्यवस्था परिवर्तन र नयाँ संविधानसहित शासकीय संरचनाको विकास भएको अवस्थामा 'यहाँ केही भएन, केही पनि गर्दैनन्' भन्नेजस्ता गलत प्रचारलाई चिर्दै विकासको यथार्थ तस्बिर पनि प्रदर्शनीले दिएको उल्लेख गर्नुभयो ।

"यथार्थमा भौतिक क्षेत्रको विकासदेखि मानवीय क्षेत्रको विकासको तस्बिर झल्किने गरी राससले फोटो प्रदर्शनी



गरेको छ, त्यसकारण अरुले जे भनिरहेका छन् त्यो गलत हो, समाज विकासका क्रम छोटो अवधिमै पूरा भइहाल्ने कुरा होइन र पनि अहिले जति भएका छन् ती पनि कम गतिमा छैनन् भन्ने पनि हो, भौतिक पूर्वाधारमा यति धेरै विकास भएको छ", मन्त्री तामाङले भन्नुभयो । पर्यटनमन्त्री तामाङले प्रदर्शित तस्बिरले वर्तमानप्रतिको विश्वास र लिएको छ, मुलुक सुरुङ मार्गमा प्रवेश गरिसकेको छ, विकट ठाउँमा सम्पर्क सञ्जाल विस्तार भएको छ, समग्रमा भन्नुपर्दा आधुनिक सूचना प्रविधिको दृष्टिकोणबाट हेर्दा विज्ञान र प्रविधिको विकासको प्रभाव नेपालमा कति धेरै परेको छ भन्ने कुरा तस्बिरले पनि स्पष्ट पारेको छ।" पर्यटनमन्त्री तामाङले मुलुकको पर्यटन प्रवर्द्धनका निम्ति

> पर्यटनमन्त्री तामाङले मुलुकको पर्यटन प्रवर्द्धनका निम्ति बजेट र नीति तथा कार्यक्रममा समेटिएका महत्वपूर्ण विषयलाई योजनाबद्ध कार्यान्वयन गर्नेतर्फ मन्त्रालय लागिपर्ने विश्वास व्यक्त गर्नुभयो ।

भविष्यप्रतिको आशावादिता जगाएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "कर्णाली जस्तो स्थानमा स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा आएको छ, त्यहाँबाट हजारौँ जनशक्ति उत्पादन भइरहेको छ, कर्णालीको गेटा कलेजको कामले गति

बजेट र नीति तथा कार्यक्रममा समेटिएका महत्वपूर्ण विषयलाई योजनाबद्ध कार्यान्वयन गर्नेतर्फ मन्त्रालय लागिपर्ने विश्वास व्यक्त गर्नुभयो ।

पर्यटनमन्त्री तामाङलाई राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा, महाप्रबन्धक सिद्धराज राई, रासस सञ्चालक समिति सदस्य कृष्ण अधिकारी, प्रशासन प्रमुख शीतलप्रसाद महतो लगायतले प्रदर्शनीमा राखिएका तस्बिरका बारेमा जानकारी गराउनुभएको थियो ।

यही जेठ १० गतेदेखि सुरु भएको प्रदर्शनीमा मुलुकका तीनवटै तहका सरकारले आफ्नो सीप, जनशक्ति र पुँजी तथा छिमेकीका साथै अन्य मित्रराष्ट्र समेतका सहायतामा निर्मित एवं निर्माणाधीन राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजनाका तस्बिर समावेश छन् ।

विसं २०७२ को 'गोरखा भूकम्प'बाट भत्किएका ऐतिहासिक धरोहरको पुनःनिर्माण पछिका संरचना, मानवीय विकास, शिक्षा, स्वास्थ्य, उद्योग, सडक, सिँचाइ, खानेपानी, विद्युत् उत्पादनलगायत विषयमा सङ्कलन गरी राससबाट सम्प्रेषित तस्बिर प्रदर्शनीमा राखिएका छन् । सातवटै प्रदेशमा निर्माण भएका भौतिक पूर्वाधारसम्बन्धी ९५ तस्बिर प्रदर्शनीमा समेटिएका छन् ।

राससले गत वर्ष गणतन्त्र दिवसका अवसरमा 'हाम्रो संस्कृतिः हाम्रो सम्पदा' शीर्षकमा तस्बिर प्रदर्शनी गरेको थियो ।

प्रदर्शनीमा ऊर्जा, विमानस्थल, पर्यटन, बाटोघाटो, सडक, पुल, स्वास्थ्य शिक्षाका संरचना, सम्पदा पुनःनिर्माण, तराईका हुलाकी मार्ग, मूलपानी क्रिकेट मैदान, काठमाडौँ-मधेस द्रुतमार्ग, थानकोट-नागढुङ्गा सुरुङमार्ग, सुनकोसी-मरिन डाइभर्सन बहुद्देश्यीय आयोजना, सौर्य प्यानल, टेलिफोनका फोरजी टावर, एकीकृत बस्ती, राष्ट्रिय गौरव, प्रदेश गौरवका आयोजनालगायत तस्बिर समावेश छन् ।रासस

## विकासका परियोजनामा थप मेहनत गर्न रक्षामन्त्रीको निर्देशन

काठमाण्डु। रक्षामन्त्री हरिप्रसाद उप्रेतीले रक्षामन्त्रालयअन्तर्गतका निकायले सञ्चालन गरेका विकास-निर्माणका परियोजनामा लक्ष्यअनुसारको प्रगति प्राप्तिका लागि थप मेहनत गर्न निर्देशन दिनुभएको छ।

रक्षा मन्त्रालयमा सोमबार आयोजित चालु आवको तेस्रो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा मन्त्री उप्रेतीले काठमाडौँ-तराई/मधेस द्रूत मार्ग (फास्ट ट्र्याक) को निर्माण निर्धारित समयमा सम्पन्न गर्ने गरी काम गर्न निर्देशन दिनुभयो।

राष्ट्रिय गौरवको योजनाका रुपमा रहेको द्रूत मार्गको निर्माणलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा चासोका साथ हेरिएको उल्लेख गर्दै मन्त्री उप्रेतीले जनतालाई आशावादी बनाउन यस्ता परियोजना समयमा नै सम्पन्न गर्नुपर्ने बताउनभयो। "आगामी आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम एवं बजेट वक्तव्यमा पनि द्रूत मार्ग निर्माणलाई उच्च प्राथमिकतामा राखिएको छ", उहाँले भन्नुभयो, "विसं २०८३ चैतभित्र द्रूत मार्गको सम्पन्न गर्नुपर्छ। यसका लागि थप मेहनत गर्नुपर्छ।"

केही अव्यावहारिक कानुनका कारण गौरवका आयोजना निर्माणमा विलम्ब भएको महसुस गरिएको जनाउँदै मन्त्री उप्रेतीले कानुनी तथा नीतिगत सुधार गरेर अघि बढ्न सरकारले प्रयास गरिरहेको बताउनुभयो। खरिद प्रक्रियालाई पारदर्शी र कानुनसम्मत बनाउन निर्देशन दिँदै उहाँले द्रूतमार्गको गुणस्तरमा कुनै सम्झौता गर्न नहुनेमा जोड दिनुभयो।

उप्रेतीले द्रूत मार्गको प्रवेश विन्दुका रुपमा मानिएको ललितपुरको खोकना क्षेत्रमा देखिएको विवाद समाधानउन्मुख भइरहेको जानकारी दिनुभयो। नेपाली सेनाद्वारा निर्माणाधीन सडक पूर्वाधारको प्रगति सन्तोषजनक रहेकामा खुसी व्यक्त गर्दै उहाँले स्रोतको अभावमा केही परियोजनाले आशातीत प्रगति गर्न नसकेको स्वीकार गर्नुभयो।रासस

# शेनबाम मेक्सिकोको राष्ट्रपति निर्वाचित, सर्वोच्च राजनीतिक ओहोदामा पुग्ने पहिलो महिला

एएफपी

मेक्सिको सिटी । मेक्सिकोको पहिलो महिला राष्ट्रपतिमा क्लाउडिया शेनबाम निर्वाचित हुनुभएको छ । मेक्सिको सिटी निवासी ६१ वर्षीय पूर्व मेयर तथा प्रशिक्षणद्वारा वैज्ञानिक बनेका उहाँले ५८ देखि ६० प्रतिशत मत प्राप्त गरेको 'नेसनल इलेक्टोरल इन्स्टिच्युट'ले जनाएको छ ।

विशेष गरी दुई दर्जनभन्दा बढी आकांक्षी स्थानीय राजनीतिज्ञहरूको हत्या भएको रक्तपातपूर्ण चुनावी प्रक्रियापछि भएको निर्वाचनमा मेक्सिकाले महिला नेतृत्व पाएको छ । मतदाताहरूको सुरक्षाका लागि हजारौं सैनिकहरू तैनाथ गरिएको थियो शेनबामले प्राप्त गरेको मत प्रतिशत उहाँको मुख्य प्रतिद्वन्द्वी जोचिटल गाल्भेजभन्दा ३० प्रतिशत अङ्कभन्दा बढी हो भने लामो समयदेखि मध्यमार्गी जोर्ज अल्भारेज मेनेजभन्दा ५० प्रतिशत अङ्क बढी हो । निर्वाचनमा अति हिंसात्मक लागूऔषध गिरोहले आतङ्कित पारेका क्षेत्रहरूमा छिटपुट हिंसाका बावजुद ल्याटिन अमेरिकी राष्ट्र मेक्सिकोभरिका मतदान केन्द्रहरूमा मतदाताहरूको भीड लागेको थियो ।

उहाँले आफू निर्वाचित हुन पहिले नै मतदान भएको दिनलाई 'ऐतिहासिक दिन' का रूपमा घोषणा गर्नुभएको थियो ।मतदानपछि शेनबामले आफूलाई आँफैले दिएको मत आफ्नो जीतका लागि नभई ९३ वर्षीया अग्रज वामपन्थी नेता इफिजेनिया मार्टिनेजको सम्मानका लागि भएको बताउनुभएको थियो । "लोकतन्त्र दीर्घकालसम्म रहिरहनेछ," शेनबामले आफू निर्वाचित बनेपछि शुभचिन्तक तथा सहयोगी कार्यकर्ताको भीडलाई सम्बोधन गर्दै घोषणा गर्नुभयो । निर्वाचन सकिएपछि गाल्भेजले आफ्ना अनुयायीहरूलाई मतगणनालाई नजिकबाट



नियाल्न आग्रह गर्नुभएको थियो । "हामी अधिनायकवाद र सत्ताविरुद्ध प्रतिस्पर्धा गरिरहेका छौं र उनीहरु जे पनि गर्न सक्षम छन्," सिनेटर तथा आदिवासी मूलकी व्यवसायीसमेत रहेकी ६१ वर्षीया गाल्भेजले भन्नुभयो । हरेक दिन करिब १० जना महिला वा बालिकाको हत्या हुने मेक्सिकोको सबैभन्दा अग्लो राजनीतिक सिसाको छाना एक महिलाले तोडेको भन्दै विजय ज्यालीमा सहभागी महिलाले खुशी व्यक्त गरेका छन् ।मेक्सिको सिटीकी ५५ वर्षीया क्लिनर क्लेमेन्सिया हर्नान्डेजले भन्नुभयो, "नवनिर्वाचित महिला राष्ट्रपति शेनबाम यो देशका लागि परिवर्तनको वाहक बन्नुहुनेछ । उहाँले महिलाका लागि अझ धेरै काम गर्नुहुनेछ भन्नेमा हामी विश्वस्त छौं ।"

उहाँले भन्नुभयो, "मेक्सिकोमा धेरै महिला आफ्ना जीवनसाथीको अधीनमा छन् । उनीहरूलाई कामका लागि घरबाट बाहिर निस्कन दिइएको छैन । यस्तो अवस्थामा एक महिला देशको सर्वोच्च राजनीतिक पद धारण गर्नसक्नु समस्त महिलाहरूको विजय हो ।" यद्यपि, ३० वर्षीया डेनिएला पेरेजले महिला राष्ट्रपति हुनु देशका लागि 'ऐतिहासिक कुरा' हुने बताउनुभयो । राष्ट्रपतिका मुख्य दुवै उम्मेदवार उहाँको विचारमा 'पूर्णतया नारीवादी' थिएनन् ।रसद कम्पनीका प्रमुख व्यवस्थापक पेरेजले भन्नुभयो, "हामीले महिला अधिकारमा सुधार ल्याउन, महिला हत्याको समस्या समाधान गर्न र महिलाहरूलाई थप सहयोग गर्न उनीहरूको भूमिका हेर्नुपर्नेछ ।"

> उनीहरूलाई कामका लागि घरबाट बाहिर निस्कन दिइएको छैन । यस्तो अवस्थामा एक महिला देशको सर्वोच्च राजनीतिक पद धारण गर्नसक्नु समस्त महिलाहरूको विजय हो ।

शेनबामले आफ्नो लोकप्रियताको धेरै श्रेय निवर्तमान राष्ट्रपति आन्द्रेस म्यानुएल लोपेज ओब्राडोरलाई दिनुभएको छ । वामपन्थी नेता तथा मोरेना पार्टीका सल्लाहाकार ओब्राडोरले राष्ट्रपतिको दोस्रो कार्यकालका लागि अनुमोदन दर ६० प्रतिशतभन्दा बढी हुँदाहुँदै पनि उहाँले दोस्रो कार्यकालका लागि आफूलाई निर्वाचनमा सहभागी गराउनुभएको थिएन । सडक खाना विक्रेता ५० वर्षीया रीना बाल्बुएनाले सत्तारुढ मोरेना पार्टीले वृद्धवृद्धा र बालबालिकालाई धेरै सहयोग गरेकाले आफूले शेनबामलाई मतदान गरेको बताउनुभयो ।

-गोली होइन, अङ्गमाल-

राजनीति, अपराध र भ्रष्टाचारको पर्यायजस्तो देखिने मेक्सिकोमा लागूऔषध तस्कर हरूले आफ्ना मनपर्ने उम्मेदवारलाई जिताउन निकै हदसम्म प्रयास गरे ।निर्वाचन सुरु हुनुभन्दा केही घण्टाअघि हिंसात्मक पश्चिमी राज्यमा एक स्थानीय उम्मेदवारको हत्या भएको अधिकारीहरूले बताएका छन् ।मध्य मेक्सिकोको पुएब्ला राज्यमा अज्ञात व्यक्तिले मतपत्र चोर्न मतदान केन्द्रमा आक्रमण गर्दा दुई जनाको मृत्यु भएको स्थानीय सुरक्षा स्रोतले एएफपीलाई जानकारी दिएको छ ।

हिंसाका कारण दक्षिणी राज्य चियापासका दुई नगरपालिकामा मतदान स्थगित गरिएको छ ।शेनबामले राष्ट्रपति लोपेज ओब्राडरको गोली होइन, अङ्गमाल (हग्स नट बुलेट्स) भन्ने विवादास्पद रणनीतिलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । यो नारा सज्जनको लागि भट्ट सुन्दा ठीक लागेपनि मेक्सिकाका हिंसाग्रस्त समुदायमा सक्रिय आपराधिक समूहसँगको अङ्कमाल देशका लागि घातक बन्ने उहाँका आलोचकले बताएका छन् ।

शेनबामका प्रतिस्पर्धी नेता गाल्भेजले कार्टेलसँग सम्बन्धित हिंसाको लागि कडा दृष्टिकोण अपनाउने निर्वाचन अभियानको नारा बनाउनुभएको थियो भने 'अपराधीहरूको लागि अङ्कमाल समाप्त भएको' घोषणा गर्नुभएको थियो । कार्टेलको अर्थ स्वतन्त्र बजार सहभागीहरूको समूह हो र यसले एकअर्कासँग सहकार्य गर्दछ र साथसाथै आफ्नो नाफा सुधार गर्न र बजारमा प्रभुत्व जमाउन एकअर्कासँग प्रतिस्पर्धा नगर्न सहमत हुन्छ ।

सरकारले सन् २००६ मा लागूऔषध ओसारपसारविरुद्ध लड्न सेना परिचालन गरेयता चार लाख ५० हजारभन्दा बढी मानिसको हत्या भइसकेको छ भने हजारौं बेपत्ता भएका छन् ।नवनिर्वाचित राष्ट्रपतिले विशेष गरी सीमापार लागूऔषध तस्करी र बसाइँसराइ र छिमेकी मुलुक संयुक्त राज्य अमेरिकासँगको तनावपूर्ण सम्बन्धजस्ता जटिल मुद्दाहरूको व्यवस्थापन पनि गर्नुपर्नेछ ।यो निर्वाचनबाट नयाँ राष्ट्रपति चयनसँगै संसद सदस्य, गभर्नर र असंख्य स्थानीय अधिकारी चयनसहित कुल २० हजारभन्दा बढी पदहरूमा जनप्रतिनिधिको चयन भएको छ ।

# निर्वाचनमा ६४ करोड २० लाख मतदाता सहभागी : भारतीय निर्वाचन आयोग

एएफपी

नयाँदिल्ली । छ हप्ता लामो भारतीय निर्वाचनमा ६४ करोड २० लाख भारतीय मतदाताहरूले मतदान गरेको मुख्य निर्वाचन आयुक्त राजीव कुमारले सोमबार बताउनुभएको छ । अधिकांश निर्वाचन सर्भेक्षण नतिजाले प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकाल जित्ने अनुमान गरेका छन् ।

आयुक्त कुमारले ६४ करोड २० लाख भारतीयले मतदान गरी विश्व कीर्तिमान बनाएको जिकिर गर्दै यो सबैका लागि ऐतिहासिक क्षण भएको बताउनुभयो । कुल मतदातामध्ये लगभग आधा अर्थात् ३१ करोड २० लाख महिला मतदाताको सहभागिता रहेको छ । यसले भारतका मतदाताहरूको अविश्वसनीय शक्तिलाई देखाउने उहाँले उल्लेख गर्नुभयो ।

आयोगको ९६ करोड ८० हजार योग्य मतदाताको तथ्याङ्कको आधारमा, योग्य मतदाताको ६६.३ प्रतिशत मतदान भएको र योसन् २०१९ को निर्वाचनको तुलनामा थोरै कम रहेको जनाएको छ ।मतदानमा केहीले एकाध स्थानमा उदासीनता, सनकीपनमाथि विश्वास गर्दै हिंसात्मक रूपमा प्रस्तुत हुन खोजेपनि निर्वाचनमो 'हिंसाको कुनै ठूलो घटना नभएको' प्रमुख निर्वाचन आयुक्त कुमारले बताउनुभयो ।

आयोगका अनुसार सातौं र अन्तिम चरणको मतदान शनिबार समाप्त भयो भने मङ्गलबार मतगणनाको नतिजा आउनेछ ।अधिकांश 'एक्जिट पोल'ले मोदी विजयको बाटोमा रहेको देखाउँछ । प्रधानमन्त्री मोदीले आफ्नो सरकारलाई पुनः निर्वाचित गर्न भारतीय जनताले रेकर्ड संख्यामा मतदान गरेको कुरामा आफू विश्वस्त रहेको बताउँदै आउनुभएको छ ।भारतसँग गणना प्रक्रिया बलियो भएको र इलेक्ट्रोनिक मतदान मेसिनहरू प्रयोग गरी मतपत्रको छिटो गणना गर्न अनुमति दिइएको उहाँले बताउनुभयो ।

-निर्वाचनमा खटनपटनका लागि प्रशंसा-



मुख्य निर्वाचन आयुक्त राजीव कुमारले चुनावको जटिल खटनपटनको लागि केन्द्र र राज्य सरकारहरूको प्रशंसा गर्दै 'मतदाता नै वास्तविक विजेता रहेका' बताउनुभयो । उहाँले कुल मतदाताको संख्या बढेता पनि पछिल्लो आम चुनावको तुलनामा मतदानमा केही कमी आएको बताउनुभयो । सोमबार पश्चिम बङ्गाल राज्यका दुईवटा मतदान केन्द्रमामा पुनः मतदान गरेपछि मात्र मतदानको अन्तिम तथ्याङ्क जारी गरिनेछ ।

आइतबार राजधानी दिल्लीका मुख्यमन्त्री र मोदीविरुद्ध प्रतिस्पर्धा गर्न गठन गरिएको गठबन्धनका प्रमुख नेता अरविन्द केजरीवाल उहाँलाई दिइएको सुविधा अनुसार निर्वाचनमा सहभागी भई जेल फर्किनुभएको छ । केजरीवाललाई लामो समयदेखि चलिरहेको भ्रष्टाचारको अनुसन्धानका लागि मार्चदेखि हिरासतमा राखिएकोमा २१ दिन पहिले रिहा गरी मतदान समाप्त हुदाँसम्म निर्वाचनमा प्रचार गर्न अनुमति दिइएको थियो ।

'जब सत्ता तानाशाही बन्छ, तब जेल एक जिम्मेवारी बन्छ' भन्दै केजरीवालले आत्मसमर्पण गर्नुअघि जेलबाट 'लडाइँ' जारी राख्ने प्रतिबद्धता गर्नुभएको थियो । मोदीका राजनीतिक विरोधीहरू र अन्तर्राष्ट्रिय अधिकार समूहहरूले लामो समयदेखि भारतको लोकतन्त्रका लागि खतराहरूबारे चेतावनी दिएका छन् ।अमेरिकी थिङ्क ट्याङ्क फ्रिडम हाउसले यस वर्ष भाजपाले 'राजनीतिक विरोधीलाई लक्षित गर्न सरकारी संस्थाहरूको धेरै प्रयोग गरेको' बताएको छ ।

**-चरम गर्मी-**

मतदाताको उपस्थितिमा आएको गिरावटलाई विश्लेषकहरूले आंशिक रूपमा भारतीय गर्मीमा औसतभन्दा बढी तापक्रमलाई दोष दिएका छन् ।गर्मीका कारण उत्तरी भारतमा ४५ डिग्री सेल्सियस भन्दा बढी तापक्रमका कारण लाखौं मानिसहरू मतदान केन्द्र बाहिर लामबद्ध भएका छन् ।

उत्तर प्रदेश राज्यमा मात्रै शनिबार गर्मीका कारण कम्तीमा ३३ जना मतदानकर्मीको मृत्यु भएको थियो । उक्त राज्यमा निर्वाचन अधिकारीहरूका अनुसार ४६.९ डिग्री सेल्सियस तापक्रम पुगेको छ ।यो चुनावबाट मतदान चाँडै समाप्त हुनुपर्ने पाठ सिकेको कुमारले बताउनुभयो ।

# चीनद्वारा युक्रेनी राष्ट्रपति जेलेन्स्कीको भनाइको खण्डन

एएफपी

बेइजिङ । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनमा हुने युद्धसम्बन्धी प्रस्तावित 'शान्ति शिखर सम्मेलन'मा सहभागी हुनबाट अन्य राष्ट्रलाई रोक्न खोजेको भन्ने आरोपको चीनले सोमबार खण्डन गरेको छ ।सिङ्गापुरमा आइतबार आयोजित एक सुरक्षा मञ्चमा बोल्दै जेलेन्स्कीले बेइजिङले यसै महिना स्विट्जरल्याण्डले आयोजना गर्न लागेको शान्ति शिखर सम्मेलनमा देशहरूलाई आउनबाट रोक्न कडा मेहनत गरिरहेको आरोप लगाउनुभएको थियो ।



सिङ्गापुर भेलाले रूसको आक्रमण अन्त्य गर्न आवश्यक शर्तहरूको आफ्नो दृष्टिकोणको लागि व्यापक अन्तर्राष्ट्रिय समर्थन प्राप्त गर्न मद्दत गर्नेमा युक्रेन आशावादी रहेको छ । चीनले गत साता उक्त सम्मेलनबारे आफ्नो धारणा राख्दै चीनको सहयोगी रूसले भाग नलिएमा सम्मेलनमा सहभागी हुन कठिन हुने बताएको थियो ।बेइजिङको विदेश मन्त्रालयले सोमबार भनेको छ, "चीनको अडान खुला र पारदर्शी छ र हामीले अन्य देशलाई दवाब दिएको कुनै उदाहरण छैन ।"

"शान्ति वार्तामा चीनको अडान स्पष्ट र न्यायसम्मत छ । यसले कुनै पनि तेस्रो देशलाई लक्षित गर्दैन र पक्कै पनि स्विट्जरल्याण्डले आयोजना गरेको युक्रेनी शान्तिका लागि शिखर सम्मेलन पनि चीनको निशाना हुने छैन," प्रवक्ता माओ निङले नियमित पत्रकार भेटमा भन्नुभयो । "सङ्कटको शान्तिपूर्ण समाधानका लागि गरिने सबै प्रयासलाई समर्थन गर्नुपर्छ भन्ने चीनको मान्यता छ," उहाँले भन्नुभयो । बेइजिङले युक्रेनको युद्धमा आफू तटस्थ रहेको बताउँदै आएको छ तर रूससँगको रणनीतिक साझेदारीलाई लिएर पश्चिमा मुलुकबाट पनि चर्को आलोचना खेप्नुपरेको छ ।

चीनले रूसलाई प्रत्यक्ष रूपमा हतियार नपठाए पनि सोभियत कालदेखि मस्कोको सबैभन्दा ठूलो रक्षा उद्योग विस्तारलाई समर्थन गरेको संयुक्त राज्य अमेरिकाले आरोप लगाएको छ ।रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले गत महिना चीन भ्रमण गर्नुभएको थियो । चीनमा रहँदा उहाँले युक्रेन युद्धमा रूसलाई चीनको व्यापक सहयोग भएको थियो र चीनका नेता सी जिनपिङसँग उनीहरूको देशको रणनीतिक साझेदारीलाई अझ प्रगाढ बनाउने विषयमा एक संयुक्त वक्तव्यमा हस्ताक्षर भएको थियो ।

## विश्वकप क्रिकेट :

# आयोजक वेस्ट इन्डिज विजयी




काठमाण्डु । वेस्ट इन्डिजले पपुवा न्यूगिनीलाई पराजित गर्दै आइसिसी टि–२० विश्वकप प्रतियोगितामा सुखद् सुरुआत गरेको छ । आइतबार सम्पन्न खेलमा आयोजक वेस्ट इन्डिजले समूह चरणको आफ्नो पहिलो खेलमा पपुवा न्युगिनीलाई पाँच विकेटले हराउँदै प्रतियोगितामा सुखद् सुरुआत गरेको हो ।

पपुवा न्यूगिनीले दिएको एक सय ३७ रनको मध्यम लक्ष्य वेस्ट इन्डिजले १९ ओभरमा ५ विकेट गुमाएर पूरा गर्यो । वेस्ट इन्डिजका लागि रोस्टन चेजले २७ बलमा ४ चौका र २ छक्कासहित ४२ रन बनाए । त्यस्तै ब्रान्डन किंगले ९ बलमा ७ चौका सहित ३४ रन जोडे । यसैगरी निकोलस पुरनले २७ तथा रोभमन पावेल र आन्द्रे रसेलले समान १५–१५ रन जोडे । पपुवा न्यूगिनीका लागि असद भालाले २ विकेट लिए भने अलेइ नाओ, चाड सोपर र जोन करीकोले समान १–१ विकेट लिए ।

त्यसअघि गयानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पपुवा न्यूगिनीले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै एक सय ३६ रन बनाएको थियो । पपुवा न्यूगिनीका लागि सेसे बाउले सर्वाधिक ५० रनको योगदान दिए । उनले ४३ बलमा ६ चौका र १ छक्कासहित ५० बनाएका हुन । किप्लिन डोरिगाले १८ बलमा २७ रन जोडे । असद भालाले २२ बलमा २१ रन बनाए । चार्ल्स अमिनीले १२ रन जोड्दा चाड सोपरले १० रन बनाए । वेस्ट इन्डिजका लागि आन्द्रे रसेल र अलजारी जोसेफले समान २–२ विकेट लिए भने अकिल होसेन, रोमारियो शेफर्ड र गुडकेश मोतिले समान १–१ विकेट लिए । विश्वकप क्रिकेटअन्तर्गत अहिले नामिबिया र ओमानबीच प्रतिस्पर्धा भइरहेको छ ।रासस

## प्रधानमन्त्री कप भलिबल :

# पुलिस र हेल्प नेपाल विजयी

काठमाण्डु । नेपाल पुलिस क्लब र हेल्प नेपाल स्पोर्टस क्लबले राजधानीमा जारी प्रधानमन्त्री कप महिला तथा पुरुष भलिबल लिगअन्तर्गत पुरुषतर्फको खेलमा जीत हासिल गरेका छन् । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा सोमबार भएको खेलमा पुलिसले बूढानीलकण्ठ भलिबल क्लबलाई ३–० को सोझो सेटमा पराजित गर्दै जीत हासिल गरेको हो ।



पुलिसले पहिलो सेट २५–२० ले जित्यो भने खेलको दोस्रो सेट २५–१९ ले आफ्नो पक्षमा पार्यो । त्यस्तै खेलको तेस्रो तथा अन्तिम सेट २५–१८ ले आफ्नो पक्षमा पार्यो । यससँगै पुलिसले प्रतियोगितामा तेस्रो जीत दर्ता गराएको छ । यसअघि पुलिसले सुदुरपश्चिम प्रदेश र एपिएफसँग पराजित गरेको थियो । आजको खेलमा पराजित बूढानीलकण्ठले अहिलेसम्म जीत हासिल गर्न सकेको छैन । बूढानीलकण्ठ हेल्प नेपाल र त्रिभुवन आर्मी क्लबसँग पराजित भएको थियो ।

सोमबार भएको अर्को खेलमा हेल्प नेपाल सुदूरपश्चिम प्रदेशलाई ३–० कै सोझो सेटमा पराजित गर्दै विजयी भयो । हेल्प नेपालले खेलको पहिलो सेट २५–१९, दोस्रो सेट २५–२० र तेस्रो सेट २५–२२ ले जित्यो । हेल्प नेपालले यसअघि बूढानीलकण्ठ र कोशी प्रदेशलाई पराजित गरेको थियो । सुदूरपश्चिम प्रदेश भने नेपाल पुलिस क्लब र गण्डकी प्रदेशसँग पराजित भएको थियो ।

यसैगरी महिलातर्फ सोमबारै सम्पन्न खेलमा विभागीय टोली नेपाल एपिएफ क्लबले कर्णाली प्रदेश तथा एभरेष्ट भलिबल क्लब अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३–० को सेटमा पराजित गर्दै विजयी भएको थियो ।रासस

# जापानमा ६.० म्याग्निच्युडको भूकम्पको धक्का महशुस

सिन्ह्वा

टोकियो । जापानको केन्द्रीय प्रान्त इशिकावाको नोटो क्षेत्रमा सोमबार बिहान ६.० म्याग्निच्युडको भूकम्प गएको जापानको मौसमसम्बन्धी जनाएको छ ।



जापानी मौसम विज्ञान एजेन्सी (जेएमए) का अनुसार स्थानीय समयअनुसार बिहान ६ बजेर ३१ मिनेटमा १४ किलोमिटर गहिराइमा भूकम्प गएको थियो भने भूकम्पको केन्द्रविन्दु ३७.५ डिग्री उत्तरी अक्षांश र १३७.३ डिग्री पूर्वी देशान्तरमा रहेको थियो ।जेएमएका अनुसार भूकम्पको कारण सामुद्रिक छालमा केही परिवर्तन देखिन सक्ने तर सुनामी आउने र सुनामीजन्य क्षतिको सम्भावना छैन ।

जापान जनवरी १ मा ७.६ म्याग्निच्युडको शक्तिशाली भूकम्पले नोटो क्षेत्र र वरपरको क्षेत्रमा धक्का दिएको र यसले सुनामी निम्त्याएको थियो । सुनामीका कारण २६० जनाको ज्यान गएको थियो भने एक हजार ४३३ जना घाइते भएका थिए । उक्त प्राकृतिक विपत्तिमा ७५ हजारभन्दा बढी घरहरू क्षतिग्रस्त हुँदा विस्थापित भएका तीन हजार ३०० भन्दा बढी विस्थापित मानिसहरू अझै पनि शिविरमा बसिरहेका जापानको सरकारी तथ्याङ्कमा उल्लेख छ । स्थानीय प्रहरीका अनुसार सोमबारको भूकम्पले यसअघिको भूकम्पमा सबैभन्दा बढी प्रभावित शहर वाजिमामा पाँचवटा घरहरू क्षतिग्रस्त भएका छन् । भूकम्पका कारण दुई जना घाइते भएका छन् ।

यस क्षेत्रमा भूकम्पको तीव्रता महसुस भएपछि धेरैजना नोटो प्रायद्वीपमा भूकम्पको परिणामबारे फेरि चिन्तित भएका छन्, यद्यपि भूकम्पसँग जुधेर काम गर्न बाहेक कुनै विकल्प नभएको वाजिमा सहरका ६४ वर्षीय एक बासिन्दाले बताउनुभयो । प्रमुख ऊर्जा कम्पनीहरूका अनुसार इशिकावाको सिका आणविक उर्जा संयन्त्र तथा नजिकैको निगाता प्रान्तको काशीवाजाकी–कारिवा आणविक उर्जा संयन्त्रमा कुनै असहजता फेला परेको छैन । भूकम्पपछि जोयत्सु र होकुरिकु सिङ्कानसेन बुलेट ट्रेनको सेवा अस्थायी रूपमा स्थगित गरिएको पूर्वी जापान रेलवे कम्पनी एन्डिटमेले जनाएको छ ।

# पोल्ट्रीको अत्याधुनिक प्रविधि देखेर किसान दङ्ग



चितवन । यहाँका धेरैजसो किसानले परम्परागत रुपमा कुखुरापालन गर्दै आएका छन् । केही ठूला व्यवसायी आधुनिक प्रविधितर्फ गए पनि पछिल्लो अत्याधुनिक प्रविधि नेपालमा अझै भित्रिएको छैन । तर, यहाँ भएको अन्तर्राष्ट्रिय पोल्ट्री प्रदर्शनीमा राखिएका अत्याधुनिक प्रविधि देखेर यहाँ आएका कुखुरापालक किसान दङ्ग परेका छन् ।

कम लागतमा धेरै अण्डा र मासु उत्पादनका लागि उपयोगी यस्ता प्रविधि देखेपछि किसान र व्यवसायी उत्साहित भएका हुन् । कतिपय विद्यार्थी र यस क्षेत्रमा रुची राख्नेहरु पनि आकर्षित भएका छन् । विश्वका विभिन्न देशका विज्ञ र प्रविधि झिकाएर प्रत्यक्ष रुपमा किसानलाई बुझाउने काम प्रदर्शनीमा गरिएको थियो ।झापाबाट प्रदर्शनी हेर्न आउनुभएका सुवास खतिवडा प्रदर्शनीमा राखिएका प्रविधिहरुको अध्ययन गर्दै हुनुहुन्थ्यो । उहाँले भन्नुभयो "विदेशमा गएर हेर्नुपर्ने उपकरणहरु यही हेर्न पाउँदा खुसी लागेको छ ।"

भरतपुर महानगरपालिका वडा नम्बर १२ का दिनेश कट्टेलले कुखुरापालन गर्नेलाई प्रदर्शनी निकै फलदायी भएको बताउनुभयो । पोल्ट्रीसँग सम्बन्धित उपकरण र औषधिका बारेमा हेर्ने र बुझ्ने अवसर पाइएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "उपलब्धिमूलक प्रदर्शनी भएकाले यस्ता कार्यक्रम हरेक दुई-तीन वर्षमा हुनुपर्छ ।"कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरमा भेटेरिनरी सङ्काय अध्ययनरत सविना पाण्डे प्रदर्शनीले विद्यार्थीदेखि किसानसम्मलाई अध्ययनका लागि सहज बनाएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले यस्ता सामग्रीको विषयमा अध्ययन गरेका थियौँ । तर अहिले यहीँ प्रत्यक्ष हेर्न पाइयो ।"

कृषि तथा वन विज्ञान विश्वविद्यालयका सहप्राध्यापक डा सुविर सिंहले प्रदर्शनीमा किसान पाठशालाको संयोजन गर्नुभएको थियो । उहाँका अनुसार तीन दिनसम्म नेपाल, भारत, क्यानडा, ताईवान र मलेसियाका विज्ञहरुले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । तीन दिनमा १९ वटा कार्यपत्र प्रस्तुत गरिएका थिए । जसमा कुखुरापालन सम्बन्धी अत्याधुनिक प्रविधिका बारेमा किसान, व्यवसायी र विद्यार्थीलाई बुझाउने प्रयास गरिएको थियो ।

विदेशमा जाँदा भाषाको समस्या हुने भए पनि यहाँ सहज रुपमा कतिपय विषय नेपालीमा बुझाइएको थियो । तीन दिनमा दुई सय ५५ जनाभन्दा बढीले प्रविधिको बारेमा ज्ञान हासिल गरेको उहाँले जानकारी दिनुभयो ।नेपाल पोल्ट्री महासङ्घका उपाध्यक्ष टिकाराम पोखरेल नेपालमा यसअघि सन् २०१७ र २०१९ मा प्रदर्शनी गरिए पनि त्योभन्दा अझै राम्रो यो पटक गर्न सकिएको बताउनुहुन्छ । यही जेठ १८, १९ र २० गते गरिएको प्रदर्शनीमा विश्वका विभिन्न देशका पोल्ट्रीसँग सम्बन्धित फार्म, औषधि, दानालगायतका अत्याधुनिक उपकरण प्रविधिका बारेमा प्रदर्शन र पाठशाला सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो ।

नेपाल पोल्ट्री महासङ्घ र इण्डिया पोल्ट्री ईक्यूपमेण्ट एशोसिएशनको आयोजनामा प्रदर्शनी भएको हो । प्रदर्शनीमा एक सय ५० वटा स्टल रहेका थिए । नेपालमा पहिलो पटक विसं २०४८ मा प्रविधि भित्र्याएर व्यावसायिक कुखुरापालन गर्नुभएका नेपाल पोल्ट्री महासङ्घका अध्यक्ष गुणचन्द्र विष्ट प्रदर्शनीबाट नेपाल र भारतीय किसान एवं व्यवसायी लाभान्वित भएको बताउनुहुन्छ ।

अत्याधुनिक प्रविधि प्रयोग गर्न सक्दा थोरै लागतमा धेरै उत्पादन गर्न सकिने उहाँले बताउनुभयो । यसले किसान र कुखुरा पाल्नका लागि आवश्यक उपकरण उत्पादन गर्ने कम्पनीका बीचमा सम्बन्ध स्थापित गर्न सहयोग पुगेको उहाँको भनाइ छ । प्रर्दशनीमा नेपाल, भारत, चीन, जर्मन, बेल्जियिम, नेदरल्याण्ड, अमेरिका, टर्की, मलेसिया, सिङ्गापुर, ताइवान, इटली, इजरायल, बङ्गलादेश लगायतका देशका कुखुरासँग सम्बन्धित कम्पनी तथा विज्ञहरुको सहभागिता रहेको थियो ।रासस

# 'इआरटी' प्रविधिको प्रयोग गरी नेपालमा पहिलो पटक 'दैबुजल गुफा'को अन्वेषण

काठमाण्डु । चन्द्रागिरि नगरपालिका वडा नं ४ थानकोट भेगस्थित ऐतिहासिक 'दैबुजल गुफा'को अन्वेषण गरिएको छ । चन्द्रागिरिको सहकार्यमा त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागले संस्कृति तथा पुरातत्व अध्ययन केन्द्रको प्राविधिक सहयोग नेपालमा पहिलो पटक 'इआरटी प्रविधि'को प्रयोग गरी पुरिएको सो पुरातात्विक गुफाको अन्वेषण सम्पन्न गरेको हो ।

इआरटी प्रविधि अर्थात् 'इलेक्ट्रिकल रेसिस्टिभिटी टोमोग्राफी 'को प्रयोग गरी पुरिएको गुफा क्षेत्रमा अन्वेषण गरिएको हो । इआरटी विद्युतीय प्रवाहका आधारमा जमिनमुनिको वस्तुस्थिति पत्ता लगाउने प्रविधि हो । यस परियोजनामा करिब २०० मिटर लम्बाइ र करिब ४० मिटर गहिराइसम्म पुग्ने गरी दुई स्थानमा करेन्ट प्रवाह गरी खोजी गरिएको अन्वेषणमा संलग्न जियोलोजिस्ट खगेन्द्र दाहालले जानकारी दिनुभयो ।

चन्द्रागिरि- ४ स्थित थानकोट भेगमा पर्ने दैबुजल क्षेत्रमा विगत तीन दशकदेखि पुरिएको भनिएको गुफाको यकिन स्थान पहिचान हुन नसक्दा प्राग् ऐतिहासिक महत्व रहेको हुनसक्ने गुफा ओझेलमा पर्दै आएको जनाइएको छ । नगरपालिकाले सो गुफाको अन्वेषण तथा खोजीमा सहयोग गरिदिन त्रिविविमा पत्राचार गरेपछि संस्कृति विभागले तत्कालीन विभागीय प्रमुख प्रा डा सोमप्रसाद खतिवडाको नेतृत्वमा सात सदस्यीय विज्ञ समिति गठन गरेको थियो । सोही टोलीले जेठ २ गते प्रस्तावित गुफा क्षेत्रमा इआरटीप्रविधिको प्रयोग गरी अन्वेषण गरेको थियो ।

पहिलो चरणमा विज्ञ टोलीले स्थानीवासीसंगको अन्तवार्ता सहित इआरटी प्रविधिले देखाएका नतिजा (भूभौतिकि ) प्रतिवेदन आइतबार चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरी, प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्याल, उपप्रमुख वसन्ती श्रेष्ठ र नगरप्रवक्ता एवं चन्द्रागिरि ४ का वडाध्यक्ष कृष्णप्रसाद खड्गीलाई हस्तान्तरण गरेको थियो । संस्कृति तथा पुरातत्व अध्ययन केन्द्रका अध्यक्ष सुदर्शन अर्यालको नेतृत्वमा खटिएको प्राविधिक टोलीले जेठ ६ गते विश्वविद्यालयसमक्ष इआरटीको प्राविधिक प्रतिवेदन पेस गरेको थियो ।



सो अवसरमा नगरप्रमुख गिरीले गुफाको अध्ययन सम्पन्न भएपछि यसको संरक्षण गर्दै सो क्षेत्रमा ऐतिहासिक एवं पर्यटकीय गन्तव्यको क्षेत्र बनाउने योजना नगरपालिकाको रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो "नगरपालिकाले नगरभित्रका ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्विक वस्तुको संरक्षण एवं खोजी कार्यका लागि उच्च प्राथमिकता दिँदै आएको छ । यस्ता अन्वेषण र खोजीबाट निस्केका नतिजाले हामीलाई नीति बनाउन सहयोग पुग्छ । " कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अर्यालले विज्ञ टोलीद्वारा प्राप्त सुझावका आधारमा पुरातत्व विभागसंग समन्वय गरी 'दैबुजल गुफा'को थप अन्वेषण कार्य अगाडि बढ्ने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "प्रतिवेदनका आधारमा नगरपालिकाले अगामी दिनमा आफ्नो नीति बनाउँछ । कला, सस्कृति तथा पुरातात्विक वस्तुको संरक्षण एवं खोजीमा त्रिविविसंग सहकार्य निरन्तर जारी रहन्छ ।"

> कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अर्यालले विज्ञ टोलीद्वारा प्राप्त सुझावका आधारमा पुरातत्व विभागसंग समन्वय गरी "दैबुजल गुफा"को थप अन्वेषण कार्य अगाडि बढ्ने जानकारी दिनुभयो ।

अध्यक्ष अर्यालका अनुसार प्रस्तावित गुफा अन्वेषणको क्रममा जमिन सतहको पाँच मिटर गहिराइमा करिब १२ मिटर लम्बाइमा फैलिएको भागमा उच्च प्रतिरोधात्मकता भेटिएको छ । उहाँले भन्नुभयो " इआरटी प्रविधिको नतिजालाई सुक्ष्म अध्ययन गर्दा गुफा रहेको सङ्केत गरेको छ ।" तर सो क्षेत्रको उत्खननलगायत जमिनमुनिको संरचनाको प्रत्यक्ष खोजी गर्नका लागि पुरातत्व विभागसँग स्वीकृति लिएर मात्रै थप अनुसन्धान आवश्यक पर्ने उहाँको सुझाव छ ।

अध्ययनबाट प्राप्त नतिजाका बारेमा प्रस्तुतीकरण दिँदै युवा अन्वेषक अर्यालले यो परियोजनाले नेपालीहरु आफ्नै स्रोत र जनशक्ति प्रयोग गरेर पुरातात्विक अन्वेषण गर्न सक्षम छन् भन्ने प्रमाणित गरेको बताउनुभयो । उहाँले वैज्ञानिक विधिबाट गरिने पुरातात्विक अन्वेषणमा विदेशी विशेषज्ञको निर्भरता अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाली जनशक्ति र स्रोतबाटै गुफा अन्वेषणमा यसरी भूभौतिकी सर्वेक्षण गरिएको सम्भवतः पहिलो पटक भएको उहाँको दावी छ । त्यस्तै, यस परियोजनाका संयोजक प्रा डा सोमप्रसाद खतिवडाले चन्द्रागिरि क्षेत्र ऐतिहासिक समयदेखिकै मानव बसोबासको क्षेत्र हुने पर्याप्त सम्भावना देखिएकाले यस क्षेत्रको प्राग् ऐतिहासिक अध्ययन हुनु जरुरी छ भन्नुभयो । त्यस्तो अध्ययनका लागि त्रिविविको संस्कृति विभाग सक्षम रहेको जनाउँदै चन्द्रागिरि र त्रिविविको सहकार्यमा यस्ता अध्ययन अन्वेषणको काम गर्नु उचित हुने उहाले सुझाव दिनुभयो ।

कार्यक्रममा त्रिवि संस्कृति विभागका विभागीय प्रमुख महेशकुमार आचार्यले पौराणिक वाणासुर गुफा र सुन्दर एवं भव्य सुप्रभा नगरिको चर्चा रहेको यो क्षेत्रमा गुफालगायत अन्य विविध सांस्कृतिक एवं पुरातात्विक खोजी आवश्यक रहेको बताउनुभयो । यस्तो अध्ययनका लागि विश्वविद्यालय नै उचित संस्था भएको जनाउँदै चन्द्रागिरि र त्रिविवि मिलेर यस्ता स्थलको अध्ययन अन्वेषण गर्नुपर्छ भन्नुभयो ।रासस

# गण्डकी र लुम्बनीमा श्रमाधान रोजगार मेला

**टुडे समाचारदाता**

काठमाण्डु । गण्डकी प्रदेशको श्रमाधान रोजगार मेला सुरु भएको छ । पोखराको पोखरा इभेन्ट सेन्टरमा सुरु भएको मेलाको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डीपी अर्याल र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र राज पाण्डेले संयुक्त रुपमा उद्घाटन गरेका छन् ।

होटल संघ नेपाल गण्डकी प्रदेश अध्यक्ष हरी शर्मा गैरे, प्रमुख अथिति डीपी अर्याल, विशेष अथिति सुरेन्द्र राज पाण्डे, सामाजिक विकास तथा स्वास्थ्यमन्त्री गण्डकी प्रदेश विन्दु कुमार थापा, आर्थिक मामिलामन्त्री डा टकराज गुरुङ लगायतका अथितिहरुको उपस्थिति रहेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश र पोखरा महानगरपालिकाको संयुक्त आयोजना तथा होटल संघ नेपाल (हान) को संयोजन र सह-आयोजकमा नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ लगायतका सरोकारवाला संस्थाहरु रहेका छन् ।

मेलामा विभिन्न खालका ३९ वटा स्टलहरु राखिएका छन् । मेलामा आप्रवासी स्रोत केन्द्र, वैदेशिक रोजगार विभाग, बोर्ड, सीजी ग्रुप, सामाजिक सुरक्षा कोष, एनएमबी बैंक, पोखरा महानगर, होङ्सी सिमेन्ट, नेपाल उद्योग वाणिज्य महासंघ, होटल सरोवर, नेपाल उद्योग परिसंघ लगायतका विभिन्न खालका स्टलहरु रहेका छन् ।

आज र भोलीसम्म चल्ने मेलामा श्रमाधानका बहुआयामीक पक्षबारे सम्वाद समेत हुनेछ। दुईदिनसम्म चल्ने मेलामा पहिलो दिन श्रम आप्रवासन : कानुनी प्रकृया र मनोसामाजिक प्रभाव, यातायात रोजगारमा चुनौती र अबसरहरू, अबको यात्रा योगदानमा आधारित सामाजिक सुरक्षा विषयमा सम्वाद हुनेछ।

त्यस्तै दोस्रो दिन भोलि शिक्षा र रोजगारी बीचको सेतुः कार्यस्थलमा सिकाईको प्रयोग, पर्यटनले कोर्नुपर्ने अबको बाटो, श्रम कानुनका अप्ठ्याराहरू र फुकाउनुपर्ने गाठा विषयमा सम्वाद हुनेछ।

कोशी प्रदेशको विराटनगरबाट सुरू भएको श्रमाधान रोजगार मेला बाग्मती प्रदेशमा पुगेर सकिनेछ। मेलाले विशेषगरी रोजगारदाता र रोजगारी खोज्नेबिच देखिने गरेको खाडल पुर्न महत्त्वपूर्ण मानिने श्रम मन्त्रालयले जनाएको छ ।

मेलामा स्वागत मन्तव्य राख्दै श्रम मन्त्रालयका सहसचिव रामकृष्ण लामिछानेले रोजगारदाता र रोजगारी खोज्नेहरुबीच पुलको काम गर्ने बताए । बाध्यतात्मक वैदेशिक रोजगारीको अन्त्य गरी स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न सांकेतिक पहल भएको उनको भनाइ छ ।

यता, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले लुम्बिनी प्रदेशमा जेठ २३ र २४ गते 'श्रमाधान रोजगार मेला' आयोजना गर्ने भएको छ । बुटवलस्थित बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (विआइसीसी) मा आयोजना हुने मेलाको उद्घाटन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले गर्नेछन् ।

पत्रकार सम्मेलनमा लुम्विनी प्रदेशमा हुन लागेको श्रमाधान रोजगार मेला, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग पर्यटन तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेश, नेपाल उद्योग परिसंघ, बुटवल उपमहानगरपालिकाको संयुक्त आयोजनामा हुन लागेको हो ।

मेलाको बारेमा जानकारी दिन सोमबार वुटवल उपमहानगर पालिकामा आयोजित पत्रकार सम्मेलनमार्फत सोबारेमा जानकारी दिइएको हो ।

पत्रकार सम्मेलनमार्फत लुम्बिनी प्रदेशमा हुन लागेको श्रमाधान रोजगार मेला तयारी पूरा भएको र यस प्रदेशमा हुने मेलाले नेपालको रोजगारी परिदृश्यको विशेष आवश्यकतालाई सम्बोधन गर्न रणनीति रूपमा डिजाइन गरिएको जानकारी दिइयो ।

लुम्बिनी प्रदेश मेला संयोजक एवम् उपसचिव लोकनाथ भुसाले रोजगार मेलाले रोजगार खोज्नेहरू, रोजगारदाता र विभिन्न क्षेत्रका सरोकारवालालाई एकै ठाउँमा ल्याएर यस कार्यक्रमले नेटवर्किङ र रोजगारीका लागि अनुकुल वातावरण सिर्जना गर्ने जानकारी दिए । उनले मेलाबाट रोजगारी सिर्जना, युवा सशक्तिकरण र दिगो आर्थिक वृद्धिका लागि सार्वजनिक-निजी साझेदारीलाई बढावा दिन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

लुम्बिनी प्रदेश श्रम रोजगार कार्यालयका प्रमुख कृष्ण खनालले मेलाले रोजगार खोज्ने, रोजगारदाता र विभिन्न क्षेत्रका सरोकारवालालाई एकै ठाउँमा ल्याएर कार्यक्रमले नेटवर्किङ र रोजगारीका लागि अनुकूल वातावरण सिर्जना गर्ने बताए । उनले मेलाले नेपालको रोजगारी परिदृश्यमा सकारात्मक परिवर्तन ल्याउन र यसले राष्ट्रलाई थप समृद्धि र सफलतातर्फ लैजान सक्ने लचिलो र समावेशी जनशक्ति निर्माण गर्न सहज हुने बताए ।

पत्रकार सम्मेलनमा बुटवल उपमहानगरपालिकाका प्रमुख लेखराज पाण्डयेले सबै सरोकारवालाहरूलाई सक्रिय रूपमा सहभागी हुन आग्रह गरे । साथै उनले श्रमाधान रोजगार मेलाले रोजगारदाता र श्रमिकहरूमा उत्साह थपेको बताए ।

लुम्बिनी प्रदेशमा हुने मेलामा बेरोजगार युवाहरूको ज्ञान, सीप, क्षमताका आधारमा विवरण सङ्कलन गरिने पनि उहाँले जानकारी दिनुभयो । सो मेलामा ४१ स्टल राखिने जानकारी दिइयो ।

श्रमाधान रोजगार मेला जेठ १७ गते कोशी प्रदेशको विराटनगरमा प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गरेसँगै सुरु भएको मेला सातै प्रदेशमा सञ्चालन हुनेछ । मेला हरेक प्रदेशमा दुई दिन सञ्चालन हुनेछ । कोशी प्रदेशमा १७ र १८ गते, मधेश प्रदेशमा १९ र २० गते र गण्डकी प्रदेशको पोखरामा जेठ २१ र २२ गते मेला सम्पन्न भएको छ । लुम्बिनी प्रदेशमा बुटवलमा २३ र २४, कर्णाली प्रदेशमा वीरेन्द्रनगरको सुर्खेतमा जेठ २५ र २६, सुदूरपश्चिम प्रदेशको धनगढीमा जेठ २७ र २८ गते हुँदैछ भने बाग्मती प्रदेशमा ललितपुरमा जेठ २९ र ३० गते सञ्चालन भएपछि सम्पन्न हुनेछ ।

## रोजगारदाताले श्रमिक नपाउने र श्रमिकले रोजगारी नपाउने बाध्यता : श्रममन्त्री अर्याल

**टुडे समाचारदाता**

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोल प्रसाद अर्यालले श्रम क्षेत्रमा रोजगारीको समस्या निकै बढी रहेको बताएका छन् । नेपालमा एकातिर रोजगारी नपाउने र अर्कोतिर रोजगारदताले श्रमिक नपाउने अवस्था रहेको बताए ।

गण्डकी प्रदेशको पोरखामा आयोजित श्रमाधान रोजगार मेलाको उद्घाटन समारोहमा बोल्दै मन्त्री अर्यालले रोजगरदाताले श्रमिक नपाउने र श्रमिकले रोजगारी नपाउने बाक्यता नेपालमा रहेको बताए ।

श्रम खोज्ने ठूलो संख्या रहेको छ । अर्कोतिर रोजगारदाताले श्रमिक नपाउने समस्या छ । यो समस्या निकै ठूलो छ । यस्तो खालको समस्याको अन्त्य कसरी गर्न सकिन्छ भनेर हामीले निकै छलफल गर्यो । त्यही क्रममा बजेट नभएपनि श्रमाधान रोजगार मेलाको अवधारण ल्याएका हौं,'' मन्त्री अर्यालले भने ।

श्रमाधान रोजगार मेलाले कति जनालाई तुरुन्तै रोजगारी दिन्छ भन्ने महोत्वपूर्ण नरहेको उनको भनाइ छ । यो एक खालको सुरुवात भएको भन्दै आगामी दिनमा यस्ता खालका कार्यक्रमले रोजगारीका क्षेत्रमा राम्रो हुने बताए ।

यो वर्ष एकदमै हतारमा बजेट नै नभएको अवस्थामा कार्यक्रम गरेकोले संयुक्त कार्यक्रम गर्न कहि कतै चुकेको उनको भनाइ छ । आगामी दिनमा संयुक्त रुपमा यस्ता कार्यक्रम गर्न तिनवटै सरकारल मिलेर प्रदेशमा मात्र सिमित नरहेर पालिकास्तरमा नै पुगेर कार्यक्रम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

दुई दिने मेलाले वैदेशिक रोजगारीमा जानेहरुलाई समेत धेरै जानकारी मिल्ने उनको भनाइ छ ।

## पोखरामा श्रमाधान रोजगार मेला सुरु

पोखरा । पर्यटकीय राजधानी पोखरामा सोमबारदेखि श्रमाधान रोजगार मेला सुरु भएको छ । मेलाको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संयुक्त रुपमा उद्घाटन गर्नुभयो ।

मन्त्री अर्यालले रोजगारदाता कम्पनी र रोजगारको खोजीमा रहेकाको मिलनबिन्दुका रुपमा मेलाको भूमिका रहने बताउनुभयो । "रोजगारीका अवसर सिर्जना, सीप विकास र उद्यमशीलता प्रवर्द्धन गर्नेलगायत उद्देश्यसहित श्रमाधान रोजगार मेलाको आयोजना गरिएको हो", उहाँले भन्नुभयो, "नेपालको श्रम बजार र रोजगारबारे जानकारी तथा परामर्श लिने थलोका रुपमा यो मेलालाई लिन सकिन्छ ।"

मन्त्री अर्यालले कामको खोजीमा विदेश गएका युवालाई स्वदेशमै रोजगारीको अवसर सिर्जना सरकार र निजी क्षेत्र मिलेर काम गर्नुपर्ने धारणा राख्नुभयो । "देशमा रोजगारी दिन चाहाने संस्था/कम्पनी धेरै हुनुहुन्छ, रोजगारको खोजीमा रहेका युवा पुस्तालाई त्यहाँसम्म जोड्न यो मेलाले महत्वपूर्ण सहयोग पु-याउनेछ", उहाँले भन्नुभयो ।

मन्त्री अर्यालले श्रम क्षेत्रका समस्या समाधानका लागि मन्त्रालयमा स्तरीय श्रमाधान कल सेन्टर स्थापना गरीएको जानकारी दिनुभयो । पैसा नलाग्ने फोन नम्बर ११४१ फोन गरेर जोकोहीले आफ्ना समस्या, सुझाव तथा गुनासा राख्न सक्ने उहाँको भनाइ छ । मुख्यमन्त्री पाण्डेले रोजगार अभाव मुलुकको प्रमुख समस्या रहेको बताउनुभयो ।

"रोजगारीका समस्यालाई सही ढङ्गले समाधान गर्न नसकेका कारण राजनीतिक प्रणाली र व्यवस्थामाथि नै टिकाटिप्पणी भइरहेको छ", उहाँले भन्नुभयो, "अहिलेको मुख्य चुनौती भनेको श्रमशक्ति र रोजगारको व्यवस्थापन हो ।" मुख्यमन्त्री पाण्डेले एकैसाथ ठूलो सङ्ख्यामा रोजगारी सिर्जना गर्न सक्ने निजी क्षेत्रलाई लगानीमा आकर्षण गर्न लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्ने बताउनुभयो ।रासस

# एसबिआई र इसेवाबिच सम्झौता



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल एसबिआई बैंक लिमिटेड र इसेवा लिमिटेड बिच इसेवा डिजिटल वालेट मर्चेन्ट पेमेन्ट र मनि ट्रान्सफर सेवा संचालन गर्ने सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।

उक्त सम्झौताले मोबाईल बैंकिङ्ग इन्टरनेट बैंकिङ्ग,काउन्टर डिपोजिट लगायत बैंकका च्यानलहरु मर्फत ग्राहकहरुलाई आफनो इसेवा वालेटमा रकम स्थानान्तरण गर्न सहज बनाउने छ । साथै यस सम्झौताले इसेवा प्लेटफम मार्फत तत्कालै खाता क्रेडिट गरि व्यापार भुक्तानीहरु सहजीकरण गर्न सहयोग पुरयाउने भएको छ ।

उक्त सम्झौतापत्र बैंकका प्रबन्ध संचालक तथा प्रमूख कार्यकारी अधिकृत दिपक कुमार देवको उपस्थितीमा बैंकका तर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वितिय अधिकृत राजेश कुमार पंडा र इसेवा लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत जगदिस खडकाले हस्ताक्षर गरेका थिए । उक्त कार्यक्रममा बैंकका प्रमुख संचालन अधिकृत यादवेन्द्रकान्त ,प्रमुख प्रविधी अधिकृत सुन्दर मलहोत्ता,प्रमुख व्यवसाय प्रबर्धन अधिकृत रितेश अर्याल र इसेवा लिमिटेडका प्रमुख रणनीति अधिकारी रवि शाक्य लगायत अन्य वरिष्ठ अधिकारीहरुको उपस्थिती रहेको थियो । हाल यस बैंकले ९७ शाखा २२ एक्सटेन्सन काउन्टर,७ प्रादेशिक कार्यालय,१ कर्पोरेट अफिस,१२१ एटिएमबाट आफनो आन्तरिक तथा विश्वव्यापी नेटर्वक माफर्त सेवा प्रदान गर्दै आएको छ ।

# सिलौटो बेचेर जीविकोपार्जन गर्दै धरानका विशाल

धरान । धरान उपमहानगरपालिका-८ बरगाछीमा सिलौटा बनाउँदै गर्दा भेटिएका खनार सुनसरीका विशाल शर्मा मसला पिस्ने लोहोरो, जाँतो र सिलौटोको व्यापारबाट जीविकोपार्जन गरिरहनुभएको छ । उहाँले सिलौटा बनाउने पुर्खौली पेसा भएकाले यसलाई निरन्तरता दिएको बताउनुभयो ।

ढुङ्गाबाट बनेका सामग्री विभिन्न आकार र बुट्टाले भरिएका छन् । शर्माले ती सामग्री बिक्रीका लागि लहरै राख्नुभएको छ । उहाँले भन्नुभयो, "विदेशमा गएर दुःख गर्नुभन्दा यही सिलौटो व्यापार गरेर जीविकोपार्जन भइरहेको छ ।" स्वदेशमा केही गर्दा आन्दानीसँगै आत्मसन्तुष्टि प्राप्त हुने उहाँको बुझाइ छ ।सिलौटो बनाउने ढुङ्गा मोरङको केराबारी, जाँते लेटाङलगायत स्थानबाट खरिद गरी ल्याउने गरेको शर्माले बताउनुभयो । उक्त व्यापारबाट मासिक रु ३५ देखि रु ४० हजारसम्म आम्दानी हुँदै आएको उहाँले जानकारी दिनुभयो ।

"व्यापार गर्न एउटै स्थान बनाएको छैन । एक ठाउँमा तीन/चारदिन व्यापार गर्छु । तीन/चारदिनपछि ठाउँ परिवर्तन गर्छु", शर्माले भन्नुभयो, "पूर्खाले गर्दै आएको पेसा भएकाले पेसाको संरक्षण र आम्दानी हुने भएकाले निरन्तरता दिएको छु ।" निर्माण गरिएका सामान धरानका साथै पाहाडी भेग, भेडेटार, धनकुटा, इटहरी, बेलबारी, मोरङ, झापालगायत स्थानमा बिक्री हुँदै आएको शर्माले बताउनुभयो । रासस

# मुआब्जा नदिएपछि बिचल्ली



**टुडे समाचारदाता**

जलेश्वर । नेपाल रेल्वेले जग्गा अधिग्रहण गरे पनि मुआब्जा नदिएपछि सर्वसाधारण बिचल्लीमा परेका छन् । पटक पटक रेल्वेलाई ताकेता गर्दा पनि रेल्वे कम्पनीले सुनुवाइ नगरेको महोत्तरीको बर्दिबासका सर्वसाधारणहरु बताउँछन् । जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) नहुँदा पूर्वपश्चिम रेल्वेले अधिग्रहण गरेका जग्गाको मुआब्जा नपाएपछि यहाँका १४ परिवारको बिचल्ली भएको छ । रेल्वेले बर्दिबास नगरपालिका-१४ मा घरबास रहेकै स्थानको जग्गा अधिग्रहण गरे पनि मुआब्जा नपाएपछि बिचल्ली हुने अवस्था आएको पीडितले जनाएका छन् । रेल्वेले आफ्नो घर वरपर ट्र्याक निर्माणका लागि सयौं उपकरण लगाएर माटो उठाइरहँदा यी १४ परिवार भने माटोकै प्रमाण नपुग्दा विचल्ली हुने स्थितिमा पुगेका छन् ।

विसं २०२२ मा नापी भई तत्कालीन जमिन्दार नीरबहादुर हमालका नाममा फिल्डबुक दर्ता रहेको साविक २५ नं बहादुरगञ्ज, वडानम्बर २ (ख) का कित्ता नं १८, २०, २४, २६, २९ र ३० मा रहेका करिब तीन बिघा क्षेत्रफलभित्र बसोबास गर्ने १४ परिवारका नाममा लालपुर्जा नबन्दा रेल्वेले मुआब्जा दिन आनाकानी गरिरहेको छ ।

उक्त क्षेत्रफलभित्र बसोबास गर्ने १४ परिवारमा खिलबहादुर ठकुरी, एकबहादुर ठकुरी, प्रेमबहादुर बुढाथोकी, टेककुमारी मल्ल, सम्झना हमाल, मोहनकुमार दाहाल र चुडामणि दाहाल छन् । यसैगरी रोशनकुमार दाहाल, अम्बिकादेवी अधिकारी, मालती खनाल, बालकुमारी हमाल, लीलकुमारी हमाल, यमबहादुर शाही र खड्कबहादुर सिंहका घर यसै क्षेत्रभित्र छन् । रेल्वेले यी जग्गा अधिग्रहण गरेको हुँदा खाली गर्न /गराउन पत्र थमाएको छ तर घर भत्काएपछि कहाँ जाने भन्ने टुङ्गो नभएका यी १४ परिवार अहिले रनभूल्ल छन् ।

जमिन्दार हमालको नाउँमा जग्गा फिल्डबुक दर्ता रहे पनि जग्गाधनी प्रमाणपुर्जा लिनुअघि नै उनको निधन भयो, पछि स्व हमालले बसाएका १४ परिवारका नाममा पनि लालपुर्जा बन्न सकेन । तत्कालीन जमिन्दार र उनकी पत्नीको मृत्युपछिका हकदार छोरा कृष्णबहादुर हमाल, चीरञ्जीवी हमाल, ईश्वर हमाल र ओमकार हमालले उल्लेखित जग्गा अहिले घर भएका १४ परिवारकै रहेको हुँदा उहाँहरुलाई घर र जग्गाधनीले पाउने मुआब्जा उपलब्ध गराइ दिन लिखित मञ्जुरी दिए पनि समस्या समाधान हुननसकेको स्थानीयले बताएका छन् । यसैगरी बर्दिबास नगर कार्यपालिकाको कार्यालयले पनि १४ परिवारलाई मुआब्जा उपलब्ध गराउन रेल विभागलाई पत्राचार गरेको छ तर रेल विभागले सङ्घीय मन्त्रिपरिषद्बाट ठोस् निर्णय नभएकाले मुआब्जा दिन कानुनी जटिलता रहेको बताउँदै आएको छ ।

रेल्वेले अहिले सयौं यान्त्रिक साधनमा बालुवा ओसारेर घर अगाडि थुपारेको देख्दा यिनै १४ परिवारमध्येकी ९० वर्षीया अम्बिकादेवी अधिकारी जीवनको उत्तरार्द्धमा मर्न आँगन नपाउने भन्दै विलाप गर्छिन् । "सिङ्गो जीवन आफ्नो भनेर बसेको घर भत्काउन निरन्तर सूचना आउँछ, यो भत्काएर कहाँ जाने ठेगान छैन, यो उमेरमा आएर आफ्नै आँगन बिरानो बन्यो," रेल्वेले अधिग्रहण गरेको चिठी देखाउँदै उनी भन्छिन्, "सम्पतिको नाममा यही घरजग्गा थियो, अब यो पनि नरहने भयो, मैले सास छाड्ने ठाउँ पनि नपाउने भएँ ।" उनलाई रेल्वेले दिएको पत्रमा भनिएको छ, "रेल्वेस्टेसन र ट्र्याकवेड निर्माणार्थ यो जग्गा अधिग्रहण गरिएको छ ।" अधिकारीले मुआब्जाका लागि रेल्वे, नगरपालिका र जिल्ला प्रशासन कार्यालय कैयन पटक धाइए पनि कसैले नसुनेको बताइन् ।

अर्को विकल्पबिना वर्षौंदेखि बसिरहेको थातथलोबाट उठिबास लाग्ने भएपछि यहाँका १४ परिवारले अहिले रेल्वेले 'ट्र्याकवेड' निर्माणार्थ माटो चुल्याइरहेकै ठाउँ अगाडि धर्ना कसेका छन् । बर्दिबास-१४ का वडाअध्यक्ष विजयकुमार महतो यी परिवारलाई तत्काल वैकल्पिक व्यवस्थाका लागि त्यही बस्तीका अरुले पाएसरह मुआब्जा दिनुपर्ने बताउछन् ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल यी परिवारको मुआब्जा सम्बन्धी फाइल अहिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पेस गरिएको र त्यहाँ हुने निर्णय अनुसार मुआब्जा सम्बन्धी समस्या छिनोफानो हुने बताउछन् । "हामीले १४ परिवारसँग सम्बन्धित सबै कागजात सहितको फाइल निर्णयार्थ मन्त्रालय पठाएका छौं, त्यहाँ हुने निर्णयको प्रतिक्षामा छौं", गेलालले भने, "निर्णय आउनासाथ सोअनुरुप कार्यान्वयन हुन्छ ।"

बर्दिबासमा पूर्व-पश्चिम रेल्वे र जयनगर बर्दिबास रेल्वेका लागि जग्गा अधिग्रहण गरिएका अन्य परिवारले भने मुआब्जा पाइसकेका छन् । फिल्डबुकमा नाम दर्ता रहेका तत्कालीन जमिन्दारका हकदार र बर्दिबास नगर कार्यपालिकाको कार्यालयले स्पष्ट किटानसाथ यी १४ परिवार नै जग्गाधनी रहेका उल्लेख गरेपछि मुवाब्जा दिन ढिलाइ हुनु अन्याय भएको बर्दिबासका सामाजिक राजनीतिक कार्यकर्ता पोषण थापाको भनाइ छ ।

> फिल्डबुकमा नाम दर्ता रहेका तत्कालीन जमिन्दारका हकदार र बर्दिबास नगर कार्यपालिकाको कार्यालयले स्पष्ट किटानसाथ यी १४ परिवार नै जग्गाधनी रहेका उल्लेख गरेपछि मुवाब्जा दिन ढिलाइ हुनु अन्याय भएको बर्दिबासका सामाजिक राजनीतिक कार्यकर्ता पोषण थापाको भनाइ छ ।

## फेरि आन्दोलनको तयारी

# जग्गा रोक्का र नक्सा पास नहुँदा सयौं नगरवासी समस्यामा

**२०१६ साल मै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक (मेनरोड) तथा भित्री सडकको दायाँ-बाँया रहको सयौं परिवार वर्षौ देखि लालपुर्जा नपाएको र नगरपालिकाबाट नक्सा पास तथा मालपोत कार्यालयबाट रोक्का प्रक्रिया लामो समय देखि जारी भएपछि मर्कामा परेका छन् ।**

**टुडे समाचारदाता**

राजविराज । राजविराज नगरपालिकाको मुख्य बजारमा बर्षौदेखि वसोवास गर्दै आएका सयौं परिवार समस्यामा परेका छन् । तर हाल सम्म लालपुर्जा आफ्नो नाममा नभएको तथा नक्सा पास समेत रोकिँदा उनीहरु समस्यामा छन् ।



२०१६ साल मै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक (मेनरोड) तथा भित्री सडकको दायाँ-बाँया रहको सयौं परिवार वर्षौ देखि लालपुर्जा नपाएको र नगरपालिकाबाट नक्सा पास तथा मालपोत कार्यालयबाट रोक्का प्रक्रिया लामो समय देखि जारी भएपछि मर्कामा परेका छन् ।

जग्गाबापत नगरपालिकाबाट पाएको बिटौरी रसिदका आधारमा वसोवास र विगतमा समस्या परेका वेला सोही बिटौरी रसिदका आधारमा उल्लेखित जग्गा बैंक तथा वित्तीय संस्थामा धितो राखी ऋण कर्जा लिने गरेका उनीहरुले सो सेवा सुविधाबाट समेत बञ्चित छन् ।

विगत ८ वर्ष देखि श्रेस्ता र कम्प्युटरमा कुनै रेर्कड नभएको भन्दै भूमि सुधार तथा मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि मुख्य बजारका वासिन्दा बैंक तथा वित्तीय संस्थाबाट पाउनु पर्ने सेवा सुविधाबाट बञ्चित भएका छन् । पहिले पहिले बिटौरी रसिद कै आधारमा बैंकमा जग्गा धितो राखी कारोबार गर्दै आएको थिए, राजविराज-४ का रेडिमेड पसल संचालक मो.अख्तरले भने-"अहिले मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि बैंकले पनि ऋण दिन मान्दैनन ।"

बिटौरी जग्गाको वर्षौ देखि कर लिने गरेको राजविराज नगरपालिका कार्यालयले लालपुर्जा र नक्सा पास उपलब्ध नगराउँदा बैंकले त्यस्तो जग्गा स्वीकार नगर्ने गरेकाले ब्यापार व्यवसाय पनि चौपट बन्दै गएको अर्का ब्यवसायी सन्दीप दासले बताए ।

नागरिक अगुवा रामानन्द देवले पुस्तौं देखि वसोवास गर्दै आएका स्थानीयवासी समस्यामा परेका बेला जग्गाधितो राखेर बैंक तथा वित्तीय संस्थाबाट ऋण नपाउनु दुःखद र लज्जास्पद विषय भएको बताए । जग्गाको नियमित कर लिने तर समस्या परेका बेलामा आफ्नै जग्गा पनि बैकमा धितो राखी ऋण लिन नपाउने ? यो कस्तो ऐन कानुन हो ? उनको प्रश्न छ ।

बिटौरी जग्गाको लालपुर्जा नपाएको तथा नक्सा पास समेत रोकिँदा नगरका करिब ५ हजार परिवार समस्यामा परेको उनको भनाइ छ ।

विटौरी जग्गा समस्या समाधानका लागि आफ्नै अगुवाइमा पटक/पटक सम्बन्धित निकायलाई ध्यानाकर्षण पत्र बुझाउदै आन्दोलनका विभिन्न कार्यक्रम गर्दै आए पनि सम्बन्धित निकायबाट आश्वासन बाहेक केही पाउन न सकिएको देवले बताए ।

नागरिक अगुवा मो. कौसर अलीले नगरपालिकाका कार्यवाहक मेयर इसरत परवीनले यस अघि पनि बिटौरी जग्गा बाहक पीडितहरु संग गरेको बाचा पुरा नगरको भन्दै अब फेरि आन्दोलन थाल्ने तयारी भईरहेको बताए ।

उनले सोमवार पीडितहरुको बसेको बैठकले आगामी साता नगरभरी म्याकिङ्ग/प्रचार प्रसार गरी बिटौरी जग्गा बाहक पीडितहरुको बृहत बैठक बोलाउने निर्णय भएको बताए । सोही बैठकबाट जुलुश, सभा, र्‍याली, प्रदर्शन, रिले अनशन लगायतका चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा हुनेछ, उनले भने - "अब माग पूरा नभएसम्म सशक्त रुपमा आन्दोलन अगाडि बढ्छ ।"

सप्तरीको सदरमुकाम राजविराजको मुख्य बजार (मेनरोड) आसपासको ६८ विघा जग्गा पछिल्लो ८ वर्ष देखि बिक्री-वितरण गर्न र बैंकमा राख्न सरकारले रोक लगाएको निर्माण व्यवसायी संघ सप्तरीका पूर्व अध्यक्ष समेत रहेका राजविराज ४ निवासी राम अशिष स्वर्णकार बताउँछन । बिटौरी जग्गाको अहिले न कित्ताकाट हुन्छ, न खरिद बिक्री नै, उनले भने-"जसकारण नगरका ५ हजार भन्दा बढी परिवार ८ वर्ष देखि समस्या भोग्दै आएका छन् ।"

बिटौरी जग्गा हरेक वर्ष निर्वाचनका बेला चुनावी मुद्दा बन्ने गरेको छ । पछिल्लो पटकको निर्वाचनमा राजविराज नगरपालिकाको नेतृत्व सम्हाल्न पुगेका दल र तीनका उम्मेदवारको घोषणा पत्रको ३ नम्बर बुँदा मै बिटौरी जग्गा समस्याको समाधान तीन महिना भित्रै गरिने प्रतिबद्धता ब्यक्त गरिएको थियो । तर चुनाव जितेको ३ वर्ष हुन लाग्दा समेत सो प्रतिबद्धता पूरा नगरिएको राजविराज ३ का दीपेन्द्र दासको कथन छ । चुनावका बेला चुनावी एजेन्डाको रुपमा सबै दलका उम्मेदवारले आ-आफ्नो घोषणा पत्रमा "बिटौरी"जग्गालाई प्राथमिकतामा राख्ने गरेको भए पनि चुनाव जिते पछि विर्सने गरेको नागरिक अगुवा राजविराज-७ निवासी शिव नारायण साह "सुरज" को भनाई छ ।

नगरपालिकाको हालको वडा ३, ४, ५, ६, ७, ८ र ९ का ५ हजार भन्दा बढी परिवार बिटौरी जग्गा सम्बन्धी समस्यामा छन् । राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले सरकारको नीतिका कारण समस्या भएको भन्दै उक्त समस्या समाधानका लागि नगरसभाबाट समेत प्रस्ताव पारित गरी आवश्यक पहल थालिएको बताएकी छन् ।

सरकारको नगर पिच्छै फरक नीतिले बिटौरी जग्गा भएका सयौं नगरवासी बेहाल भएको भन्दै स्थानीयले अविलम्ब यसको समाधान गर्नु पर्ने माग गरेका छन ।

# भारतमा आज चुनाव परिणाम आउने

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतमा लोकसभाकोसम्पन्न चुनावकोपरिणाम मंगलवार सार्वजनिक हुने भएको छ । चुनावमा भोटिंग मेसिन प्रयोग भएको कारण मतगणनाको परिणाम दिउँसो सम्म प्रष्ट भइसक्ने बताइएको छ ।

भारतको लोकसभामा ५ सय ४३ स्थान रहेको छ । सत्तारुढ भारतीय जनता पार्टी(भाजपा)ले ४सयको हाराहारीमा सीट जित्ने दावी गरेको छ ।

तर विपक्षी गठबन्धन (इण्डिया)ले आफूहरु ५ सयको हाराहारीमा सीट जित्ने दावी गरेको छ ।चुनावको परिणाम अप्रत्याशित भए भोटिंग मेसिनमा सत्तारुढ दल भाजपाले धाँधली गरेको हुन सक्ने आशंका गरिरहेको छ ।

विभिन्न सञ्चार माध्यमहरुले सार्वजनिक गरेको एक्जिट पोलमा पनि सत्तागठबन्धन भाजपाको ३ सय ५० बढी सीट जित्ने अनुमान गरिएको छ । एक्जिट पोललाई लिएर सत्ता र प्रतिपक्षी गठबन्धनबीच आरोप प्रत्यारोप चलिरहेको छ ।

लगातार दोस्रो कार्यकाल सम्पन्न गरेका प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकाल पनि देश हाँक्ने जनादेश पाउनेमा ढुक्क छन् । उनले विपक्षीहरु जनताको मन जित्न असफल रहेको बताएका छन् ।

भारतीय चुनाव परिणामको प्रभाव नेपालको राजनीतिमा पनि चाँडै देखिने राजनीतिक विश्लेषकहरु बताइरहेका छन् ।

# महावाणिज्य दूतावासद्वारा साइकल रैली

**टुडे समाचारदाता**

बीरगञ्ज । बीरगञ्ज स्थित भारतीय महावाणिज्य दूतावासले बीरगञ्जमा साइक्लिङ क्लबको सह आयोजनामा "विश्व साईकल दिवस" को अवसरमा साइकल रैली सम्पन्न गरेको छ ।



रैलीको प्रमुख उद्देश्य साइकल एक सरल, सर्वोत्कृष्ट, विश्वसनीय, स्वच्छ र पर्यावरण अनुकूल यातायातका लागि उपयुक्त साधनको रूपमा प्रबर्द्धन गर्नु रहेको महावाणिज्य दूतावासले जनाएको छ । साइकल रैलीको एक अन्य उद्देश्य मानिसहरूलाई पर्यावरण र स्वास्थ्य अनुकूल जीवन शैली अपनाउनका लागि प्रेरित गर्नु पनि रहेको दूतावासले जनाएको छ ।

साइकल रैलीमा सबै आयु वर्गका मानिसहरूले उत्साहपूर्वक भाग लिएका थिए भने स्वास्थ्य र पर्यावरण अनुकूल यातायातको साधन अपनाउन संकल्प लिएका थिए । साइकल रैलीलाई महावाणिज्य दूत देवी सहाय मीनाले भारतीय महावाणिज्य दूतावास बाट झण्डा देखाइ रवाना गरेका थिए । रैली पश्चात घण्टाघर, लिंक रोड एवम् भानुचोक हुदै शंकराचार्य द्वार सम्म पुगेर फिर्ता हुने क्रममा बिर्ता चोक, घडिअर्वा पोखरी हुँदै भारतीय महावाणिज्य दूतावास परिसरमा पुगि सम्पन्न भएको थियो ।

# जलेश्वरको कार्यवाहक मेयर बन्न हानथाप

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी जिल्लाको सदरमुकाम समेत रहेको जलेश्वर नगरपालिकाका जनप्रतिनिधिहरूबीच सहमति हुन नसक्दा नगरपरिषद् अनिश्चित बनेको छ ।




जलेश्वर नगरपालिकाका नगरप्रमुख, उपप्रमुखहरू निलम्बनमा परेको र अहिलेसम्म कार्यवाहक नगरप्रमुखको टुङ्गो नलागेको कारणले नगरपरिषद् अनिश्चित देखिएको छ ।

जलेश्वर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत जय कुमार साहले स्थानीय सरकार सञ्चालन ऐनले आर्थिक वर्षको असार १० गते स्थानीय तहको परिषद् सम्पन्न गर्नुपर्ने उल्लेख भएको जानकारी गराउँदै हामीहरूले जनप्रतिनिधिबीच सर्वसम्मतको प्रयासरत रहेको बताउँछन् । "हामी प्रयास गरिरहेका छौं तर ग्यारेन्टी छैन, त्यसैले नगरपरिषद् अनिश्चित होला की भन्ने शंका छ", निमित्त प्रमुख प्रशासकीय अधिकृत साहले भने ।

स्थानीय सरकार सञ्चालन ऐनअनुसार परिषद् नभए केन्द्रबाट आउने अनुदानको रकम कटौती हुनसक्ने छ । स्थानीय तहले प्रत्येक आर्थिक वर्षका लागि बजेट ल्याउन असारमै गाउँ सभा वा परिषद् गर्नुपर्छ । सभाले पारित गरेपछि मात्रै विनियोजित बजेट खर्च गर्न पाइन्छ । वैशाख २७ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरीको जलेश्वर नगरपालिका मेयर सुरेश साह सोनार र उपमेयर रौशन खातुनसहित १२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेपछि सबैजना निलम्बनमा छन् ।

अख्तियारले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मित्रलाल ढकाल, अधिकृत छैटौं धिरेन्द्र झा, वरिष्ठ इन्जिनियर पवन कुमार झा, इन्जिनियर राकेश कुमार चौधरी, सब-इन्जिनियर दिनेशकुमार साह, कार्यपालिका सदस्य सोगरा खातुन, जलेश्वर नगरपालिकाका वडा नं. १ का वडाध्यक्ष अनिल कुमार झा, उपभोक्ता समितिका अध्यक्ष राकेशकुमार साह, सचिव सिकेन्द्र चौधरी र कोषाध्यक्ष सन्तोषी देवी माथि गैरकानुनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको आरोपमा विशेष अदालत काठमाण्डुमा मुद्दा दायर गरेको छ ।

नगरपालिकाको वडा नं. १ स्थित हाटबजार क्षेत्रमा भइरहेको ढलानमा गुणस्तरहीन कार्य गरी भ्रष्टाचार गरेको अख्तियारको ठहर छ । गत आर्थिक वर्षमा सञ्चालित बजार क्षेत्रभित्र पीपीसी ढलान कार्यमा योजनाको वास्तविक भए गरेको कार्यभन्दा बढी कार्य गरेको भनी झुट्टा विवरण पेस गरेको अख्तियारले जनाएको छ । उनीहरू विरुद्ध ५ लाख ८४ हजार ६३७ बिगो कायम गरी बिगोबमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन मागदाबी गरिएको छ ।

यसैबिच, नगरप्रमुख र उपप्रमुख नै निलम्बनमा परेपछि नगरप्रमुख बन्न जनप्रतिनिधिहरूबीच हानथाप सुरु भएको र सहमति हुन नसकेको देखिएको छ । निलम्बित नगरप्रमुख र उपप्रमुख उपेन्द्र यादव नेतृत्वको जसपा नेपालको भएकोले सोही पार्टीका वडाध्यक्षहरूले आफूहरू कार्यवाहक पाउनुपर्ने दाबी गरिरहेका छन् भने निलम्बनमा परेका जनप्रतिनिधिहरूको कारण संख्या घटेर आफूहरू बहुमतमा भएकोले एमालेका जनप्रतिनिधिहरू आफूहरू प्रमुख बन्नुपर्छ भन्ने अडानका कारणले सहमति हुन सकेको छैन ।

जलेश्वरका निमित्त प्रमुख प्रशासकीय अधिकृत साहले सर्वसम्मतको लागि आफू बराबर अनौपचारिक बैठक बसिरहे पनि विवाद साम्य नभएको बताउँदै आफूले मन्त्रालयमा यस विषयमा राय माग गर्दा प्रदेश वा स्थानीय तहबाट कार्य सम्पादन मूल्याङ्कन नियमावली बनाएर कामकाज अगाडि बढाउन निर्देशन भएको बताए । यो नियमावली प्रदेश सरकारले पनि बनाएको छैन भने जलेश्वर नगरपालिकाले पनि नबनाएको र अहिले प्रदेश सरकार र जलेश्वर नगरपालिकामा समेत कानुन बनाउने आधार नदेखिएकोले जनप्रतिनिधिहरू सर्वसम्मति नगरेसम्म समस्या समाधान नहुने बताए ।

संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ मा कार्यविभाजन र कार्य सम्पादनको व्यवस्था छ । जसमा प्रमुख वा अध्यक्षको अनुपस्थितिमा उपप्रमुख वा उपाध्यक्ष स्थानीय सरकार प्रमुखको हैसियतमा काम गर्ने व्यवस्था छ । तर दुवै पद निलम्बित भएको अवस्थामा के गर्ने भन्ने विषयमा स्पष्ट रूपमा कानुनमा केही उल्लेख छैन् ।

विगतमा सहमतिमा बहुमत भएका वा ज्येष्ठ सदस्यलाई दिने व्यवस्था भए पनि सर्वसम्मति नभएसम्म कसैले मुद्दा दिएमा पुनः समस्या रहिरहने बुझाइ जानकारहरूको छ ।

# मिटर ब्याज पीडितमाथि लाठी चार्ज

**टुडे समाचारदाता**

जनकपुरधाम । आफ्नो समस्या समाधानका लागि जिल्ला प्रहरी कार्यालय धनुषाको मुख्यद्वारमा धर्ना दिइ रहेका मिटर ब्याज पीडितहरुमाथि प्रहरीले लाठी चार्ज गरेका छन् ।



धनुषा जिल्लाका विभिन्न पालिकाबाट जनकपुरधाम पुगेका मिटर ब्याज पीडितहरुलाई मुख्यद्वार छाडेर धर्नामा बस्न भनेपछि पीडितहरुले डिएसपी रञ्जन आवामाथि हातपात गर्ने प्रयास गरेपछि प्रहरीले लाठी चार्ज गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

सयौंको संख्यामा जिल्ला प्रहरी कार्यालय पुगेका महिला तथा पुरुष मिटर ब्याज पीडितहरुमाथि प्रहरीले अन्धाधुन्ध लाठी चार्ज गरेका थिए । लाठी चार्जबाट दर्जनौ मिटर ब्याज पीडितहरु घाइते भएका छन् ।

मिटर ब्याज सम्वन्धी समस्या सामाधानकालागि सरकारले अलगै आयोग गठन गरेका थिए । पछि जिल्ला प्रशसन कार्यालयहरु हुँदै अहिले जिल्ला प्रहरी कार्यालयलाई मिटर ब्याज सम्वन्धी समस्या समाधानको जिम्मेवारी दिइएको छ । आफ्नो समस्या समाधानमा जिल्ला प्रहरी कार्यालयले चासो नलिएको भन्दै मिटर ब्याज पीडितहरु सोमबार जिल्ला प्रहरी कार्यालय धनुषाको मुख्यद्वारमा धर्ना दिने कार्यक्रम तय गरेका थिए ।

धर्ना कार्यक्रम सम्पन्न गर्न डिएसपी आवाको नेतृत्वमा गएको टोली र मिटर ब्याज पीडितहरु बीच भनाभन भएपछि लाठी चार्ज गरिएको पीडितहरुले बताएका छन् । आफ्नो समस्या प्रति जिल्ला प्रहरी कार्यालय कुनै सुनुवाई नगरेको र गर्न पनि नचाहेका कारण आफूहरु बाध्य भएर न्याय खोज्न जाँदा सरकारी निकायबाट भएको घटना दुःखद रहेको उनीहरु बताउँछन् ।

समस्या समाधानका लागि जिल्ला प्रहरी पुगेका मिटर ब्याज पीडितहरुमाथि प्रहरीले गरेको लाठी चार्जको चौतर्फी आलोचना भइ रहेको छ ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८